# प्रेरितीय मण्डली के हो ?

प्रेरित र सुधारवाद सिद्धान्तको प्रतिरक्षा गर्ने एउटा आलेख : मण्डली प्रशासनको कुनै पनि विद्यमान स्वरूप ईश्वरीय अधिकारबाटको हो कि होइन भन्ने सन्दर्भमा परमेश्वरको वचनमा एक खोज

# The Apostolic Church: Which is it?

AN ARTICLE DEFENDING THE DOCTRINE OF THE APOSTLES AND PRESBYTERIANISM: AN ENQUIRY AT THE ORACLES OF GOD AS TO WHETHER ANY EXISTING FORM OF CHURCH GOVERNMENT IS OF DIVINE RIGHT


**Thomas Witherow**

थोमस विथरो

नैयोथ अनुवाद टिम

# प्रेरितीय मण्डली के हो ?

प्रेरित र सुधारवाद सिद्धान्तको प्रतिरक्षा गर्ने एउटा आलेख : मण्डली संरचनाको कुनै पनि विद्यमान स्वरूप ईश्वरीय अधिकारबाटको हो कि होइन भन्ने सन्दर्भमा परमेश्वरको वचनमा एक खोज

**थोमस विथरो**

नैयोथ अनुवादक समूह

# The Apostolic Church: Which is it?
# An article defending the doctrine of the apostles and Presbyterianism. An enquiry at the oracles of God as to whether any existing form of church government is of divine right.

**by Thomas Witherow (1824-1890)**
**Professor of Church History, Londonderry**

Original version published:
Belfast, Ireland: Shepherd and Aitchison, 1856

Nepali Edition © 2023 by:

**Reformation Translation Fellowship (RTF-USA)**
6023 6th Ave.
Beaver Falls, PA 15010
www.rtf-usa.com

Contact Information: rtfdirector@gmail.com
Nepali translation by: नैयोथ अनुवादक समूह

FOR FREE DISTRIBUTION ONLY – NOT FOR SALE

# विषय सूची


**थोमस विथरोको जीवनी** vii

**परिचय** ix

**प्रश्नको कथन** 1

मण्डली शब्दको अर्थ 12

मण्डलीको संरचना 18

**प्रेरितीय सिद्धान्तहरू** 25

पहिलो सिद्धान्त 27

दोस्रो सिद्धान्त 31

तेस्रो सिद्धान्त 35

चौथो सिद्धान्त 39

पाँचौं सिद्धान्त 42

छैटौँ सिद्धान्त 49

**परीक्षाको प्रयोग** 53

धर्माधिकार 54

स्वतन्त्रता 58

सुधारवाद 62

परिणाम 67

**व्यावहारिक पाठहरू** 73

# थोमस विथरोको जीवनी

थोमसको जन्म सन् १८२४ मे २९ मा बालिकासल, काउन्टी लन्डनडेरीमा भएको थियो । उहाँ एक किसान ह्यूघ विथरो र एलिजाबेथ मार्टिनका छोरा हुनुहुन्थ्यो । उहाँले प्रारम्भिक शिक्षा रल्लीग मण्डली स्कुलमा प्राप्त गर्नुभयो र त्यसपछि उहाँलाई जेम्स ब्राईस (१८३९-१८७७) को हेरचाह गर्न पठाइयो । उहाँले आफ्नो अध्ययनलाई एकेडेमी र बेलफास्टको रोयल एकेडेमिकल इन्स्टिच्युटमा निरन्तरता दिनुभयो । उहाँले आफ्ना कलेजका दिनहरू बेलफास्ट कलेज (१८३९-४३) मा बिताउनु भयो र डा.थोमस चाल्मर्सको नेतृत्वमा स्कटल्यान्डको फ्री चर्च कलेज (१८४३-४४) मा सम्पन्न गर्नुभयो ।

उहाँलाई सन् १८१० मा ग्लेनडर्मोटको मण्डली सभाद्वारा प्रचार गर्ने इजाजत दिइएको थियो । उहाँलाई सन् १८४५ मा माघेराफेल्टको मण्डली सभाद्वारा चार्ल्स केनेडीको सहकर्मीको रूपमा लन्डनडेरीको माघेरा भन्ने ठाउँमा मण्डलीको सेवकको रूपमा नियुक्ति गरियो । उहाँलाई सन् १८६५/६६ मा लन्डनडेरीको म्यागी प्रेस्बिटेरियन कलेजको उद्घाटनमा मण्डली इतिहास र पास्टरीय ईश्वरशास्त्रको प्राध्यापकको रूपमा नियुक्त गरियो । उहाँले यो कुर्सीको कर्तव्य जीवनको अन्त्यसम्म धेरै जोश र दक्षताका साथ निर्वाह गर्नुभयो ।

उहाँ सन् १८७८ मा महासभाको सञ्चालकको रूपमा निर्वाचित हुनुभयो र सन् १८८४ मा आयरल्याण्डको रोयल विश्व विद्यालयको एक सिनेटरको रूपमा उहाँले सेवा गर्नुभयो । उहाँले सन् १८८३ मा आयरल्याण्डको प्रेस्बिटेरियन ईश्वरशास्त्रीय संकायबाट मानार्थ ईश्वरशास्त्रीय विद्यावारिद्यि (डी.डी.) र सन् १८८६ मा आयरल्याण्डको रोयल विश्व विधालयबाट एल.एल.डी ९यु.डी.० को सम्मान प्राप्त गर्नुभयो । विथरो धेरै मूल्यवान कृतिहरूका लेखक हुनुहुन्थ्यो । उहाँले ब्रिटिश र विदेशी इभान्जेलिकल रिभ्यु, बेलफास्ट विटनेस, लन्डनडेरी स्ट्यान्डर्ड, प्रेस्बिटेरियन समीक्षामा लगातार योगदान पुऱ्याउनुभएको थियो । पछिल्ला दुई पत्रिकामा उहाँले सम्पादकका रूपमा काम गर्नुभयो । उहाँले माघेराको थोमस मिलिङ्की छोरी क्याथरिनसँग विवाह गर्नुभयो, जसबाट उहाँका सात जना छोरी र तीन जना छोरा भए । सन् १८९० जनवरी २५ मा

उहाँको मृत्यु लन्डनडेरीमा भयो र उहाँलाई त्यही शहरमा अन्त्येष्टि गरिएको थियो ।

# परिचय

खीष्टियन मण्डलीलाई कसरी प्रशासन गर्नुपर्छ भनेर बाइबलले केही बताएको छ ? एउटा सटीक प्रश्नको रूपमा यसलाई विरलै ध्यान दिइन्छ। तर यहाँ यस प्रश्नको लागि स्पष्ट जवाफ छ। विथरोले यस विषयमा गहिरो अध्ययन गर्नुभयो जुन उहाँले प्रेरितहरूको शिक्षा र अभ्यासबाट निकाल्नुभएको थियो । त्यसपछि उहाँले यी ईश्वरशास्त्रीय सिद्धान्तहरू विरुद्ध मण्डली नेतृत्वका विभिन्न रूपहरू मापन गर्नुहुन्छ र "संसारमा अहिले अवस्थित सबै मण्डलीहरूमध्ये प्रेस्बिटेरियन मण्डली प्रेरितीय समयको नमूना नजिक आउँछ" भन्ने निश्चित निष्कर्षमा पुग्नुहुन्छ । प्रेस्बिटेरियन प्रणालीले ईश्वरशास्त्रको प्रकाशमा विस्तृत अध्ययन अनुसन्धान गर्न सक्छ कि सक्दैन भन्ने विषयमा लेखकले आफ्नो अध्ययनलाई अलिक शंकास्पद तवरले सुरू गर्नुभयो । तर अनुसन्धान पूरा हुन अघि नै ईश्वरशास्त्रीय प्रमाणहरूको गहिरो छानबिन गर्दा उहाँका शङ्काहरू हराइसकेका थिए र आफ्नो अध्ययनको क्रममा उहाँले कुशल विपक्षी अधिवक्ताहरूका सबै लेखहरू पढ्नुभएको थियो । जेम्स बेग जसले यस पुस्तकलाई धेरै सक्षम र सन्तोषजनक वर्णन गरे, त्यो कुनै अचम्मको कुरा थिएन । काउन्टी लन्डनडेरी उत्तरी आयरल्याण्डमा २० वर्षको सेवकाई पछि, थोमस विथरो (१८२४-१८९०) ले आफ्नो बाँकी जीवन लन्डनडेरी शहरमा मण्डली इतिहासको प्राध्यापकको रूपमा बिताउनुभयो । उहाँको मृत्युको शताब्दीको वर्षमा प्रेरितीय मण्डलीको पूर्ण रूपमा रिसेट (प्रारम्भिक अवस्था फर्किने) संस्करण जारी गर्न यो विशेष रूपमा उपयुक्त देखिन्छ

## प्रश्नको कथनः

धर्ममा आवश्यक र गैर-आवश्यक कुराहरूबीचको भिन्नतालाई चित्रण गर्नु र त्यसको अनुमान लगाउनु आफूलाई ख्रीष्टियन हूँ भनेर दावी गर्नेहरूका लागि धेरै सामान्य हो, अनि अनुमान गर्नका लागि, यदि कुनै तथ्य वा सिद्धान्त सही रूपमा पछिल्ला वर्गको हो भने, यो एकदमै कम महत्वको कुरा हुनुपर्दछ र व्यवहारमा सुरक्षित रूपमा यसलाई बेवास्ता गर्न सकिन्छ । मानिसहरूको ठुलो जमातले विश्वासमा आफ्नो राय लिन्छ; उनीहरूले कुनै पनि कुराको बारेमा सोच्ने, खोज्ने र तर्क गर्ने परिश्रमबाट गुज्रने छैनन् र उनीहरूलाई सोधपुछको समस्याबाट जोगाउन र कुनै पनि असहमत तथ्यको बललाई एकातिर पन्छाउनको लागि अपनाइएको सबैभन्दा सामान्य उपाय भनेको यसो भन्दै यसलाई भेट्नु हो, "यो कुरा मुक्तिको लागि आवश्यक छैन, त्यसैले हामीले यस विषयमा आफैँले थोरै चासो राख्नु आवश्यक हुन्छ ।"

यदि यहाँ निर्दिष्ट गरिएको भिन्नता सुरक्षित छ भने, यसबाट निकालिएको निष्कर्ष पक्कै पनि खतरनाक हुन्छ । त्यसो भन्नु, ईश्वरीय प्रकाशको तथ्य मुक्तिको लागि आवश्यक छैन, यो आवश्यक हुनु महत्वपूर्ण होइन र हामीले यसलाई प्राप्त गर्न सक्छौं वा प्राप्त नगर्न पनि सक्छौं, भन्ने सिद्धान्तलाई जोड दिनु हो । जसको प्रयोगले हाम्रो ख्रीष्टियन धर्मलाई विनाश गर्नेछ भन्नु हो । किनकि मुक्तिको लागि आवश्यक सत्यताहरू के के हुन् ? के तिनीहरू यी होइनन्: कि परमेश्वर हुनुहुन्छ; कि सबै मानिसहरू पापी छन्; कि परमेश्वरका पुत्र पापीहरूका लागि प्रायश्चित गर्न क्रुसमा मर्नुभयो र प्रभु येशू ख्रीष्टमा विश्वास गर्ने जो कसैले पनि मुक्ति पाउनेछ ? थोरै आत्माहरू पनि खुसीमा छैनन्, जसलाई जीवनमा ख्रीष्टियन प्रणालीको धेरै वर्णमालाको परमेश्वरको पहिलो सिद्धान्तहरूभन्दा थोरै थाहा थियो भन्ने कुरालाई विश्वास गर्नको लागि त्यहाँ राम्रो कारण छ र यदि त्यसो हो भने, अन्य कुनै पनि ईश्वरीय सत्यताहरूलाई मुक्तिको लागि विश्वास गर्न बिल्कुल आवश्यक मान्न सकिदैंन । तर यदि प्रकाशका अन्य सबै सत्यहरू महत्वहीन छन् भने, तिनीहरू सबै

अनावश्यक ठहरिन्छन्, साथसाथै यसले स्वयम् परमेश्वरको वचन आफैँमा मूख्य रूपमा महत्वहीन छ भनि ठहराउँछ; किनकि यसको ठूलो भाग यही मामिलाले ओगटेको छ र जसले प्रकाशको सत्य सम्बन्धी ज्ञान मानिसहरूको अनन्त आनन्दको लागि साच्चै अपरिहार्य छैन भन्ने देखाउँछ । यदि हामी आधारभूत सत्यहरूको संख्या वृहत् मान्दछौँ भने, यसले मुद्दालाई परिवर्तन गर्दैन । एक पटक मानीसलाई यो महत्व उसलाई आवश्यक लागेको कुरालाई मात्र दिनुपर्छ भनेर आफैँले आफैँलाई मनाउन दिनुहोस् । तिनीहरूको सङ्ख्या जतिसुकै होस् र उसले निःसन्देह उसको आफ्नो विश्वासको सारलाई छोटो पार्नेछ र धेरै विवादहरूको जग काट्नेछ तर उसले व्यावहारिक रूपमा धर्मशास्त्रको एकदमै सानो अंशबाहेक सबैलाई अलग गर्नेछ । यदि यस्तो सिद्धान्तले बाइबललाई विकृत गर्दैन भने, यसले यसको धेरै जसो भागलाई मामुली कुरा जस्तै गरी लाजमर्दो तुल्याउँदछ । प्रकाशचाहिँ बहुमुल्यता र शुद्धताको लागि सम्पूर्ण रूपमा सुन सरह हो, तर यस्तो किसिमको सिद्धान्तको स्पर्शले यसको अधिकांश भागलाई फोहोरमा परिणत गर्नेछ ।

यद्यपि धर्मशास्त्रमा भएका प्रत्येक कथनलाई मुक्तिको लागि एकदमै आवश्यक छ भनेर मान्न सकिँदैन तर त्यसमा भएका सबै कुराहरू कुनै अन्य बुद्धिमानी र महत्वपूर्ण अन्त्यको लागि चाहिँ आवश्यक नै छन् भनेर मान्न सकिन्छ । यदि त्यसो नहुँदो हो त, यी कुराहरूले परमेश्वरको असल वचनमा स्थान नै पाउन सक्दैनथे । ईश्वरीय प्रकाशको अंश बन्ने प्रत्येक सत्यको बनोट निर्दिष्ट गर्ने प्रयासमा मानवीय ज्ञान अलमलमा पर्न सक्छ तर अनन्तताले हामीलाई यो देखाउँछ कि परमेश्वरको वचनको कुनै पनि अंश काम नलाग्ने छैन । ईश्वरशास्त्रको सबै कुरा लाभदायक छ । यद्यपि यसमा लेखिएको तथ्य मानव मुक्तिको लागि आवश्यक नहुन सक्छ, तर पनि यो परमेश्वरको अर्थतन्त्रमा कुनै अन्य महान् र अनुग्रही उद्धेश्यको लागि अत्याधिक रूपमा अनुकूल हुन सक्छ: यो हाम्रो व्यक्तिगत सुविधाको लागि, जीवनमा हाम्रो मार्गदर्शनको लागि वा पवित्रतामा हाम्रो बुद्धिको लागि आवश्यक हुन सक्छ । निश्चित रूपमा यो

ईश्वरीय सत्य विधिको पूर्णताको लागि पनि आवश्यक हुन सक्छ । परमेश्वरको व्यवस्था सिद्ध छ । सबैभन्दा नगण्य वा एकदमै यो त कम महत्वपूर्ण छ भन्ने कुरालाई मात्र पनि बाइबलबाट निकाल्नुभयो भने अब यो प्रभुको व्यवस्था भइरहने छैन । वास्तुकलामा भित्ताको दरार भर्ने सानो किला जसले क्वाइन ( भित्तामा विशेष कोण बनाउनको लागि प्रयोग हुने वस्तु) को तुलनामा एकदमै कम ठाउँ ओगटे पनि, हामीलाई घर निर्माणकर्ताले थाहा दिन्छ कि दुबैको आ-आफ्नो महत्व हुन्छ र दुबैले घरको स्थिरता र पूर्णतालाई प्रवर्द्धन गर्न आ-आफ्नो ठाउँबाट महत्वपूर्ण भूमिका खेल्छन् । जहाज निर्माणमा कट्टुसको बिम र सल्लाको मस्तुलको तुलनामा जहाजलाई एकसाथ जोड्ने पेचहरू र बोल्टहरू नगण्य अर्थात् कम महत्वपूर्ण भएपनि तिनीहरूले जहाजको सुरक्षा र यात्रुको सुरक्षामा आफ्नो पूर्ण हिस्साका साथ योगदान दिँदछन् । त्यसैले ख्रीष्टियन विधिमा हरेक तथ्य, ठूला वा साना, जुन कुराहरू परमेश्वरले बाइबलमा राख्न उचित ठान्नु भएको छ, उक्त कुराहरू बाइबलको धेरै स्थानहरूमा राखिनुका साथै तिनीहरूलाई महत्वका साथ लगानी गरिएको छ, यसको अन्त्यको जवाफ पनि दिइन्छ र यी कुराहरू सायदै मुक्तिको लागि त्यति आवश्यक नठानिए पनि काम नलाग्ने कुरा हुन् भनेर मान्न लायक छैनन् ।

प्रत्येक ईश्वरीय सत्यता महत्वपूर्ण छ, यद्यपि यो पनि हुन सक्छ कि सबै ईश्वरीय सत्यताहरू समान महत्वका छैनन् । मानव प्रतिभाको सबैभन्दा उत्कृष्ट भावना भन्दा बाइबलको सरल कथन एक अमर प्राणीको लागि बढी चासोको विषय हो । परमेश्वरको अनुमोदनको छाप त्यसले बोक्छ जुन कुरा अरूले देखाउन सक्दैनन् । एकजना हामीकहाँ स्वर्गबाट आउनु हुन्छ, अरू चाहिँ पृथ्वीको स्वादहरू हुन् । एकजनासँग हाम्रो लागि एउटा विशेष चासो छ, त्यो वचनको एक घटक भाग बनाउनु हो, जुन प्रत्येक व्यक्तिको लागि परमेश्वरबाटको सन्देश हो; अर्को भनेको मानिसको दिमागको उत्पादन मात्र हो, जसमा हामी र हाम्रा सबै रूचिहरू समान रूपमा अज्ञात थिए । कुनै पनि सत्यलाई मानवले मात्र ज्योतिसँग हामीलाई तुलनात्मक रूपमा परमेश्वरको

सत्यताको अति विशिष्टपनालाई प्वाँखको रूपमा तुलना गरेको हुनपर्छ। एउटा खीष्टियनको विश्वासले परमेश्वरले सम्मानित गरेर राख्नुभएको त्यो वचनको स्थानको सबै कुरामा पुग्ने र बुझ्ने प्रयास गर्नुपर्छ, जसको बनावट हामी अन्धकारमय दुनियाको मार्गबाट भएर जादैं गर्दा हाम्रो खुट्टाको लागि ज्योति हुनुपर्दछ। यसबाहेक, यो हरेक पुस्तक विपरीत विनाशको लागि बर्बाद हुँदैन। स्वर्ग र पृथ्वी बितेर जान सक्छ तर खीष्टको वचन बितेर जानेछैन। बाइबलको प्रत्येक पदमा अनन्तताको छाप लगाइएको छ। यो तथ्य आफैँमा यसको प्रत्येक पङ्क्तिलाई महत्वपूर्ण बनाउन पर्याप्त छ।

यी अवलोकनहरूको साथ हामी मण्डली प्रशासनको हाम्रो प्रदर्शनको परिचय दिन उचित ठान्छौं। मण्डली प्रशासनको बारेमा सही विचारहरू मुक्तिको लागि आवश्यक छ भनि दाबी गर्न थोरैले मात्र जान्दछन् र अझै पनि यो एक विषय हो जसको महत्वलाई मूल्यहीन गर्ने प्रयास गर्नु मूर्खता हुन्छ। पवित्र आत्माले धर्मशास्त्रमा बोल्दै, यस विषयवस्तुसँग व्यवहार गर्नुहुन्छ। खीष्टियन जगत् सुधारको समयदेखि नै यस विचारको बारेमा विभाजित छ। यस विषयमा सत्य वा त्रुटिको हिसाबमा हाम्रो छुट्टै प्रभाव नपारी हामी खीष्टियनहरूको कुनै पनि सम्प्रदायसँग आफैंलाई जोड्न सक्दैनौं र यस विषयमा हामीले अपनाउने विचारहरूले खीष्टियन विश्वास र अभ्यासको मामिलामा हाम्रा विधाहरूलाई अझ रङ्गिन बनाउँछ। हामीले नयाँ करारको मण्डलीको सेवकाइलाई मानव मुक्तिको लागि आवश्यक ठान्दैनौं र हामी यसको महत्वलाई कम मूल्याङ्कन गर्न स्वतन्त्र महसुस गर्छौं।

एक छोटो अनुसन्धानले हामीलाई यी तीन विधिहरू तिनीहरूका विशेषताको सुविधाहरूमा व्यापक रूपमा भिन्न छन् भनेर हेर्न सक्षम बनाउँछ। यति मात्र होइन तर धर्माधिकार, यसको मुख्य सिद्धान्तहरूमा प्रेस्बिटेरीएनको विरोध गरिएको छ र स्वतन्त्रता, यसको मुख्य सिद्धान्तहरूमा, दुवैको विरोध गरिएको छ। यसले बताउँदछ कि यी तीन ओटा विधिहरू एक अर्कामा धेरै फरक छन्, अनि सबै सही हुन पनि सक्दैनन् र पक्कै पनि प्रबुद्ध र इमान्दार मानिसहरूको

संलग्नता र समर्थनमा समान दाबी हुन सक्दैन । यो स्वयम् स्पष्ट छ, यसबाहेक विश्वास र अभ्यासको एकमात्र नियम परमेश्वरको वचनले सबैलाई स्वीकार गर्न सक्दैन; किनकि परमेश्वरको वचनले आफैंलाई कहिल्यै विरोध गर्दैन र यसले विरोधका नियमहरूलाई स्वीकृत गर्न पनि सक्दैन । धर्मशास्त्रमा व्यक्त गरिएअनुसार तीनवटा विधिहरूमध्ये कुनै एक विधि परमेश्वरको इच्छा अनुसार अरूभन्दा धेरै हुनुपर्दछ; ती तीनमध्ये कुन हो भनेर जान्न परमेश्वरको प्रत्येक छोराछोरीको लागि गहिरो चासोको विषय हुनुपर्छ । सबै मानिसहरूमध्ये एक खीष्टियन सत्यको प्रेमी हुन बाध्य छ र हामीलाई यो मानिन्छ कि, एउटा खीष्टियनले यी प्रतिस्पर्धात्मक तीनवटा विधिहरूमध्ये जुन विधिले सत्यको वचनको साक्षी बनाउँछ भन्ने जस्तो देख्छ, उसले आफ्नो सम्पूर्ण शक्तिले त्यो विधिलाई समर्थन गर्छ र अरू विधिलाई कुनै प्रोत्साहन दिने छैन ।

मण्डलीय नेतृत्वका विभिन्न ढाँचाहरू जुन हामीले वर्तमान खिष्टियन संसारमा अवस्थित भएको पाएका छौं तिनीहरूलाई तीनवटा शीर्षकमा वर्गीकरण गर्न सकिन्छ: धर्माधिकार, स्वतन्त्र, र प्रेस्बिटेरीएन ।

हामी यी तीनवटा शब्दहरूलाई एकअर्कामा आक्रमक हिसावले प्रयोग गर्दैनौं, तर तिनीहरूले सम्बन्धित विधिहरूलाई जनाउनका लागि गणनाक रूपमा प्रयोग गर्छौं । धर्माधिकार, मण्डलीय नेतृत्वको त्यो रूप हो, जुन आर्कविशपहरू, विशपहरू, डिकनहरू, आर्कडिकनहरू र अन्य पदाधिकारीहरूले तिनीहरूको पदानुक्रम अनुसार प्रशासन चलाउने काम गर्दछन् र हामी उदाहरणका रूपमा ग्रीक मण्डली, रोमको मण्डली र वेलायतको मण्डलीहरूलाई देख्न सक्छौं । स्वतन्त्र विधि, मण्डलीय नेतृत्वको त्यो ढाँचा हो जसको विशिष्ट सिद्धान्त यो हो कि, प्रत्येक छुट्टाछुट्टै मण्डली खीष्टको अधीनतामा हुने र कुनै पनि बाह्य अधिकार क्षेत्रको अधीनमा नरहने तर मण्डलीका पदाधिकारीहरू र सदस्यहरूमा मण्डलीय नेतृत्वका सबै सामग्रीहरू हुन्छन् । उदाहरणको रूपमा अहिलेका मण्डलीवादीहरू र ब्याप्टिष्टहरूको व्यवहारिक सञ्चालन यही विधिसँग मिल्दोजुल्दो जस्तै छन् । प्रेस्बिटेरी मण्डली संरचनाको त्यो ढाँचा हो जुन प्रेस्बिटेरीहरू वा एल्डरहरूद्वारा बैठक सत्र, प्रेस्बिटेरी, सिनोड वा महासभामा

भेटेर वितरण गरिन्छ र यो विधि आयरल्याण्ड, वेलायत र अमेरिकाको धेरै प्रेस्बिटेरियन मण्डलीहरूमा प्रस्तुत वा अवलम्बन गरिएको छ । मण्डलीय संरचनाका यी तीन ढाँचाहरू यो समयमा ख्रीष्टियन जगत्मा व्यापक रूपमा प्रचलित छन् । वास्तवमा सबै संगठन जुन ख्रीष्टियनहरूको कुनै पनि महत्वपूर्ण निकायले यी ढाँचाहरूलाई अपनाएका छन्, हामीले माथि नाम लिएकाहरूचाहिँ केही विधिहरूको परिमार्जन वा मिश्रण मात्र हुन् ।

एक छोटो अनुसन्धानले हामीलाई यी तीन विधिहरू र तिनीहरूको विशेषता सुविधाहरूमा धेरै व्यापक रूपमा भिन्न छन् भनेर हेर्न सक्षम बनाउँछ । यति मात्र होइन धर्माधिकारीले, यसको सबै मुख्य सिद्धान्तहरूमा प्रेस्विटेरीयनको विरोध गर्दछ र स्वतन्त्र मण्डलीले यसको मुख्य सिद्धान्तहरूमा दुवैको विरोध गर्दछ । यसले बताउँदछ कि यी तीनवटा विधिहरू एकअर्कामा धेरै फरक छन् अनि सबै सही हुन पनि सक्दैनन् र पक्कै पनि प्रबुद्ध र इमान्दार मानिसहरूको संलग्नता र समर्थनमा समान किसिमको दावी हुन सक्दैन । यो स्वयम् स्पष्ट छ कि, यसबाहेक विश्वास र अभ्यासको एक मात्र नियम परमेश्वरको वचनले सबैलाई स्वीकार गर्न सक्दैन । किनकि परमेश्वरको वचनले आफैँलाई कहिल्यै विरोध गर्दैन र यसले विरोधाभासपुर्ण विधिहरूलाई स्वीकृत गर्न पनि सक्दैन । ईश्वरशास्त्रमा व्यक्त गरिए अनुसार तीन विधिहरूमध्ये कुनै एक परमेश्वरको इच्छा अनुसार अर्को भन्दा धेरै हुनुपर्छ । ती तीनमध्ये कुन ईश्वरीय हो भनेर जान्नु परमेश्वरका हरेक छोराछोरीको लागि गहिरो चासोको विषय हुनपर्छ । सबै मानिसहरूमध्ये एक ख्रीष्टियन सत्यको प्रेमी हुन वाध्य छ र हामीलाई यो लाग्दछ कि एउटा ख्रीष्टियनले यी प्रतिस्पर्धात्मक तीनवटा विधिहरूमध्ये जुन विधिले सत्यको वचनको साक्षी बनाउँछ भन्ने जस्तो देख्छ, उसले आफ्नो सम्पूर्ण शक्तिले त्यस विधिलाई समर्थन गर्छ र अरू विधिलाई कुनै प्रोत्साहन दिने छैन । यदि मानिसले भिन्नता देखेपछि उसले केवल मानव हुन जान्ने कुरालाई ईश्वरीय हुन जान्ने कुरासँग समान अनुमानका आधारमा ग्रहण गर्छ भने उसले आफ्नो ख्रीष्टियन मतलाई विदाई गरोस् र उसले सत्यसँग सम्बन्धित कुनै पनि लगाव तथा संलग्नतालाई कदर गर्छु भन्ने बहाना गर्न छाड्नु पर्दछ । हामी आफैँले प्रभु येशूको धर्मको आत्मालाई टाढा राखेर गल्ती

नगरेर प्रभु येशूको धर्मलाई ग्रहण गर्ने सबैलाई असत्यमाथि सत्य, गलतमाथि ठीक, खराबमाथि असललाई प्राथमिकता दिन बाध्य तुल्याउँछ र तिनीहरूलाई समान किसिमको सम्मानमा समात्ने र तिनीहरूलाई समान किसिमको सम्मान प्रदान गर्ने कुनै पनि विचारले हामीलाई परीक्षामा पार्नु भनेको ख्रीष्टियन धर्मको पहिलो आवश्यकताहरूमध्ये एकलाई हामीबाट टाढा लैजानु हो । कुनै एउटा ख्रीष्टियनको प्रभाव यस संसारमा प्रायः थोरै हुन्छ तर जे होस, यो एउटा प्रतिभा हो, जसका लागि उसको समय, उसको पैसा वा उसको बौद्धिक शक्ति जस्ता कुराहरूका लागि ऊ परमेश्वरप्रति जवाफदेहि हुन्छ र त्यो प्रभाव सधैं सत्यको विरुद्धमा नभएर यसको पक्षमा हुनु आवश्यक छ ।

त्यसो भए, संसारभरि प्रचलित मण्डली करारका तीनवटा रूपहरूमध्ये कुन चाहिँलाई छनौट गर्नु र कुनचाहिँलाइ समर्थन गर्नु एउटा ख्रीष्टियनको कर्तव्य हो त ?

यो एउटा अति महत्वपूर्ण प्रश्न हो । यसबाहेक हरेक ठाउँमा हामीलाई विचार गर्न बाध्य पारेको छ कि जहाँ भिन्नाभिन्नै मण्डलीको आफ्नो आराधनास्थलको अगाडिको भाग माथि उठाउँछन् र मण्डलीको गजुर तिखार्दै हावामा उठाउँछन् । अझै पनि यो स्वीकार गर्नैपर्छ कि अधिकांश ख्रीष्टियनहरूले यो सबैभन्दा रोचक विषयवस्तुमा एक घण्टा जति पनि विचार नै नगरी यसरी नै जीवन विताउने प्रयास गर्छन् । धेरैजसो मानिसहरू आफ्ना पूर्खाहरूलाई नै उनीहरूका लागि कुनै एउटा मण्डली रोज्न दिन र हरेक विश्राम दिनमा आफ्ना पिता पुर्खाहरूको पाइलो अनुरूप ईश्वरीय आराधनामय जीवन जिएर हिँड्न खुसी हुन्छन्–तिनीहरूलाई किन र कहाँ जाने भन्ने कुराको बारेमा केही चिन्ता नै छैन । जुन मण्डलीमा उनीहरू बाँधिएका छन्, त्यहाँ तिनीहरू सबै ईश्वरशास्त्रीय अख्तियारको अभावमा छन भन्ने कुरो पत्तो नलागोस भनेर कोही कोही सोधपुछ गर्नलाई अलिक सङ्कोच मान्छन्, त्यसैले उनीहरूले आफ्नो विश्वास र उनीहरूको चासो सोधपुछको द्वन्द्वमा राखेर असहज महसुस गर्न चाहँदैनन् । तर सोधपुछको आत्मा लगभग मर्नुको ठूलो कारण भनेको मण्डली र मण्डली नेतृत्व पनि त्यतिकै मौन भएको कारणले गर्दा हो । यस विषयमा तुरहीले अनिश्चित आवाज पनि दिँदैन तर सामान्यतया यसको कुनै आवाज नै

छैन । त्यहाँ कुनै पनि सम्प्रदायमा सेवकहरू छन् जसले आफ्ना मानिसहरूलाई यस विषयमा भन्न सक्छन्, “हामीले तपाईंलाई परमेश्वरको सम्पूर्ण अभिप्रायलाई घोषणा गर्न छोडेका छैनौं ।” धर्मशास्त्रका ती खण्डहरूमा मानिसहरूले ध्यान दिएका छैनन् जहाँ मण्डली विधिका सिद्धान्तहरू मूर्त छन्, यस विषयलाई विचार गर्न कुनै समय दिँदैनन् र विचार पनि गर्दैनन् । परिणामस्वरूप पुरुष र महिलाहरूको विशाल जन सागर पूर्णरूपमा अज्ञानतामा जिइरहेका छन्, तिनीहरू ईश्वरशास्त्रीय तथ्यहरूमा मात्र नभएर आफ्नै साम्प्रदायिक विशेषताहरूमा समेत अन्जान छन्, किनकि तिनीहरूले कुनै एकिन विश्वास गरेर नभई जन्मसिद्ध धर्माधिकारलाई अवलम्बन गर्नेहरू स्वतन्त्र वा प्रेस्बिटेरियन हुन् । तिनीहरूले मण्डली नेतृत्वका सबै ढाँचाहरूलाई समान किसिमको सत्यको रूपमा हेर्दछन् जसले सबै ढाँचालाई समान किसिमको रूपमा गणना गरी यिनीहरू एउटै हुन् भन्नु बेकारको कुरा हो, किनकि तिनीहरूसँग यस विषयमा कुनै निश्चित विचारहरू नै छैनन् । तसर्थ तिनीहरू सार्वजनिक निर्देशनको अभावमा परिस्थितिको शिक्षाद्वारा आफनो नीजि सुविधा वा आफ्नो संसारिक महत्वकाङ्क्षालाई प्रवर्धन गर्न सक्ने कुनै बिना विधिमा वा कुनै किसिमको विधिमा पर्नलाई तयार हुन्छन् । त्यसैले कुरा के हो भने, परोपकारको न्यायमा हुने धेरैजसो मानिसहरू खीष्टियनहरू नै छन्, उनीहरू जुन सम्प्रदायसँग जोडिएका छन्, तिनीहरूलाई या त अन्धो लगाव छ वा पापपूर्ण उदासिनताको कारण जन्म वा कुनै दुर्घटनाले उक्त सम्प्रदायसँग जोडेको छ । मण्डली संरचनाका प्रतिद्वन्द्वी विधिहरुका हरेक ठाउँमा आ-आफ्ना प्रतिनिधिहरू भए तापनि, तिनीहरू त्यस्ता सबै मामिलाहरूको बारेमा खुसीको पनि वास्ता नगरी थकित जीवनको बाटोमा हिँड्छन् र मण्डलीको गजुरको दृश्यले अरू मानिसहरूलाई सुझाव दिन्छ भन्ने प्रश्नमा कहिल्यै चिन्तित हुँदैनन्: यिनीहरूमध्ये कुनचाहिँ सत्य हो ?

धेरैजसो मानिसहरू जो एउटा मण्डलीमा गरिरहेको संगतिबाट पछि हटेर अर्को मण्डलीमा जोडिन्छन् र यसरी विभिन्न ढाँचाका मण्डलीय नेतृत्वका बीच आफ्नो छनौटको अधिकारलाई प्रयोग गर्छन् । बौद्धिक खीष्टियनलाई कहिल्यै प्रभाव पार्नु हुँदैन भन्ने उद्देश्यबाट तिनीहरूलाई आफ्नो प्राथमिकता दिनका

लागि प्रेरित गरिन्छ । तिनीहरू न्यायद्वारा निर्देशित हुनको साटो भावनाद्वारा भइरहेका हुन्छन् । तिनीहरू पहिले सम्प्रदायको प्रमुख सिद्धान्तलाई मान्यता प्राप्त मापदण्डबाट पत्ता लगाउँदैनन् र पछिबाट ती सिद्धान्तहरूलाई परमेश्वरको वचनको प्रकाशमा जाँच्न खोज्दछन् । धेरैजसो मानव जातिहरू सिद्धान्तहरूको अध्यन तथा अनुसन्धान गर्न, त्यसलाई जाँच्न र तौलनका लागि पर्याप्त रूपमा बौद्धिक छैनन् ।

तिनीहरू अध्ययन तथा अनुसन्धान गर्न अलिकति पनि दुःख वा कष्ट उठाउन चाहँदैनन तर तिनीहरू या त महान् मानिसको अधिकारबाट वा केही विशेष व्यक्तिहरूको नैतिक मुल्यबाट वा कुनै स्थानीय सेवकको धार्मिकता वा वक्तृत्व वा सायद मामुली उत्साहद्वारा अथवा सानो फाइदा वा पद वा संसारको चालचलनको मोह वा अश्लील विचारद्वारा प्रभावित हुन्छन् । तर धर्माधिकार, स्वतन्त्र र प्रेस्बिटेरीका प्रतिद्वन्द्वी दावीहरूलाई यी जस्ता कुनै पनि परीक्षणहरूका आधारमा निर्णय गर्नु चरम लापर्बाही हो । महान् मानिसहरूको अख्तियारद्वारा प्रयास गर्नुहोस् ! यी तीन विधिहरूमध्ये महान् प्रतिष्ठित व्यक्तिहरूको लामो सूचीलाई प्रस्तुत गर्न नसक्ने त्यहाँ कोही पनि छैन जो जीवनको अन्तिम घडीसम्म यसका कट्टर समर्थक थिए । नैतिक मूल्यद्वारा जाँच गर्नुहोस् ! पृथ्वीमा भएका उत्कृष्टताको राम्रो सङ्ख्या प्रस्तुत गर्न नसक्ने यिनीहरूमध्ये कुनै एउटा पनि छैन, जो पृथ्वीको सेवा गर्नलाई यसको छायाँमुनि पर्खेर बसिरहेका छन् । यदि हामीले यीमध्ये कुन विधिले मानिसहरूलाई निर्देशन दिन सक्षम छ र धर्मी सेवकहरूको प्रबन्ध गर्न सक्छ भनी हेर्दछौं भने तिनीहरूमध्ये हरेक विधिको पुल्पीटहरू यस्तै व्यक्तिहरूले भरिएका देख्छौं र यदि हामीले अतिरिक्त जाँच गर्‍यौं भने, यो पाउन सक्छौं कि एउटै सहरमा प्रायः एक जना सेवक हुन सक्छ जो एउटा मानिस र इश्वरशास्त्रमा शक्तिशाली हुन्छ, जो हप्ताभरि प्रभुको बगैंचामा व्यस्त मौरीको रूपमा सक्रिय हुन्छ र सोही व्यक्ति जब विश्राम दिन आउँछ, ईश्वरीय वचनका मिठाईहरू प्रशंसा गर्ने भीडहरूलाई वितरण गर्दछ, जब कि एउटै सम्प्रदायको सम्बन्धमा पनि, त्यहाँ सडकको अर्को छेउमा केही दयनीय भाले मौरीहरू पनि हुन सक्छन्, जो वर्षभरि खाली ठाउँमा मात्र

भुनभुनाउँदै बर्बाद हुन्छन् । मण्डलीय प्रणालीहरूको परीक्षण गर्न त्यस्ता कुनै पनि पद्धतिहरू, यद्यपि सामान्य भए पनि, अनिश्चित र असुरक्षित हुन्छन् ।

हाम्रो लागि यस्तो देखिन्छ कि मण्डली संरचनाका ती ढाँचाहरूले गरिरहेका दावीहरूलाई निर्णय लिन सक्ने धेरै सन्तोषजनक तरिका छन, जुन वर्तमान संसारमा प्राप्त गर्न सकिन्छ अर्थात् परमेश्वरको वचनको स्तरद्वारा तिनीहरूका विशिष्ट सिद्धान्तहरू परीक्षण गर्न सकिन्छ। यो पुस्तक वा यसका साथै अन्य सबै मामिलाहरूमा खीष्टियनलाई कर्तव्यको मार्ग देखाउनका लागि पर्याप्त छ, किनकि यसलाई यसका ईश्वरीय लेखकले व्यवहार र साथसाथै विश्वासको मामिलामा हाम्रो मार्ग निर्देशन बनोस् भन्ने उद्देश्य तथा अभिप्रायले लेख्नुभएको थियो । बाइबलले हामीलाई यसै बिन्दुमा राय बनाउनका लागि विशेष सुविधाहरू प्रदान गर्दछ । यसले हामीलाई अठार सय वर्ष पहिले संसारमा सङ्गठित मण्डलीको बारेमा बताउँछ। उक्त मण्डलीका संस्थापकहरू, प्रेरितहरू र अगमवक्ताहरू परमेश्वरको अख्तियारद्वारा काम गरिरहेका थिए भन्ने कुरा पनि बताउँछ । विधानको बारेमा निश्चितताका साथ थाहा भएका हरेक तथ्यहरू बाइबलमा सुरक्षित छन्, अरू ठाउँमा संरक्षित सब कुराहरू भने जनश्रुति र परम्पराका आधारमा राखिएका हुन् । धर्मशास्त्रमा हामी धेरै तथ्य कुराहरू पाउँछौं जसले हामीलाई प्रेरितीय दिनहरूमा अव्यवस्थित मण्डलीको इतिहास, सिद्धान्त, आराधना र उक्त मण्डलीको नेतृत्वलाई सहनशील एवम् सटिकताका साथ जान्न सक्षम बताउँदछ । प्रेरणा पाएका व्यक्तिहरूद्वारा स्थापित मण्डलीहरूमा नेतृत्वका सिद्धान्तहरू परमेश्वरको अनुमोदनमा भएको हो भन्ने कुरामा हामी निश्चित छौं । धेरै प्रारम्भिक अवधिदेखि नै भ्रष्टचार मण्डली नेतृत्वमा र साथसाथै यसका सिद्धान्तहरूमा पनि फैलिएको थियो तर प्रेरितीय समयमा मण्डली पछिल्ला दिनहरूमा भन्दा शुद्ध थिए । त्यसकारण, सत्यमा पुग्ने सबैभन्दा सरल तरिका भनेको हाम्रो मण्डलीको आधुनिक मण्डली नेतृत्व प्रशासनका विधिलाई पवित्र धर्मशास्त्रमा प्रस्तुत गरिएको ढाँचासँग तुलना गरेर हो। ईश्वरीय मूलसँग सबैभन्दा नजिकको समानता बोकेको कुरा सम्भवत: ईश्वरीय हुनसक्छ ।

अवस्थित मण्डली नेतृत्वमा रहेका सबैभन्दा असल मित्रहरूले पनि यस्तो परीक्षणलाई आपत्ति जनाउन सक्दैनन् । सम्पूर्ण प्रेरितीय वरदान आफूमा भएको बाहानामा चर्को आवाज ननिकाल्ने पृथ्वीमा विरलै मण्डलीहरू होलान् । धर्माधिकारी मण्डलीहरूले पनि आफूलाई प्रेरितीय मण्डली भएको दावी गर्छन् । स्वतन्त्र मण्डलीहरूले पनि आफूलाई प्रेरितीय मण्डली भएको दावी गर्छन् । प्रेस्बिटेरियन मण्डलीहरूले पनि आफूलाई प्रेरितीय मण्डली भएको दावी गर्छन् । यी प्रत्येक सम्प्रदायहरूले एउटै सिद्धान्त, आराधना र मण्डली संरचनालाई कायम राख्ने दावी गर्दछन्, जुन मण्डलीलाई प्रभुका प्रेरितहरूले स्थापना गरेका थिए । यीमध्ये एउटा बिन्दुमा-मण्डली नेतृत्वको-हामी यी दावीहरूलाई उनीहरू आफैंले रोजेको परीक्षणद्वारा जाँच्ने प्रस्ताव गर्दछौं । यसका लागि आफूलाई सबै पूर्वाग्रहहरूबाट अलग गर्दै, हामी न्यायिक व्यवस्था र गवाहीमा आउँछौं, प्रश्नमा रहेको विषयमा परमेश्वरले के भन्नुहुन्छ भनेर जान्ने इच्छा गर्छौं । ईश्वरशास्त्रले जहाँ जहाँ सङ्केत गर्छ, त्यसलाई पछ्याउन कटिबद्ध हुन्छौं । बाइबलले यस महान् विषयवस्तुमा के सिकाउँछ भनी हेर्नका लागि हामी बाइबलमा खोजी गरौं । यदि गहिरो जाँचमा हामी मण्डली नेतृत्वको कुनै स्पष्ट र निश्चित सिद्धान्तहरू पत्ता लगाउन असफल भयौं भने, आवश्यकताको निष्कर्ष यस्तो हुनेछ कि धर्माधिकार, स्वतन्त्र र प्रेस्बिटेरीयन तीनवटै ढाँचाहरू एउटै स्तरमा रहेछन् । यी मध्ये कुनै पनि ईश्वरीय अधिकारमा आधारित छैनन् र यो हामीले आफ्नो उपयुक्तता वा सुविधाका रूपमा समर्थन गर्ने कुरा मात्र रहन्छ । अर्कोतर्फ यदि, हामीले मण्डली नेतृत्वका केही महान् सिद्धान्तहरू धर्मशास्त्रमा मूर्त रुपमा पत्ता लगायौं भने, हामीले यसलाई यस अर्थमा बुझ्नेछौं कि यी सिद्धान्तहरू सही अर्थमा के हुन् भन्ने कुरा परमेश्वरको मनसम्म पुगेर पत्ता लगाएका छौं, हामीले कुने-ढुङ्गालाई पत्तो लगाएका छौं कि जसद्धारा हामी विद्यमान विधिहरूको मूल्य जाँच्न सक्छौं र तिनीहरूमध्ये  हरेकमा कति मानवीय र कति ईश्वरत्व छ भनी निर्धारण गर्न सक्छौं ।

# मण्डली शब्दको अर्थ

हाम्रो साझा प्रवचनमा मण्डली भन्ने शब्दलाई विभिन्न अर्थमा प्रयोग गरिन्छ । कहिलेकाहीँ यसले ईश्वरीय आराधनाको लागि निर्माण गरिएको भौतिक भवनलाई जनाउँछ; कहिलेकाहीँ सामान्यतया यसको अर्थ त्यो भवनमा भेला हुने मानिसहरू भन्ने हुन्छ; कहिलेकाहीँ पादरीहरूको समग्र झुण्ड वा शरीरलाई सामान्य विश्वासीहरूबाट अलग गरिएको रूपमा चिनिन्छ; भने कहिलेकाहीँचाहिँ आफूलाई ख्रीष्टियन हुँ भनी दावी गर्ने निकाय भनेर चिनिन्छ । साधारण प्रयोग अनुसार यो भाषाको नियम हो, यसलाई हाम्रा उत्कृष्ट लेखकहरूले शब्दलाई दिएका विभिन्न प्रकारका अर्थहरूमा हुने अपवादको रूपमा लिनुहुँदैन । न त हामी उनीहरूबाट धेरै व्यवहारिक असुविधाहरू उत्पन्न हुन्छ भनेर भन्न सक्छौँ, किनकि परिस्थितिहरूले सँगै समान्यतया शब्दहरूलाई बुझ्नुपर्ने विशिष्ट अर्थ निर्धारण गर्दछन् । तर यो कुरा कहिल्यै बिर्सिनु हुँदैन कि, जब हामी परमेश्वरको व्याख्या गर्ने कुरामा आउँछौँ, शब्दसँग सामान्यतया जोडिएका विभिन्न प्रकारका बुझाईहरू पूर्ण रूपले अस्वीकार्य हुन्छन् र यदि तिनीहरूलाई अपनाइयो भने, ईश्वरीय प्रकाशको अर्थलाई अँध्यारो र भ्रष्ट बनाउँछ । धर्मशास्त्रमा मण्डली शब्दको अर्थ सधैँ एउटै हुन्छ र यो केवल एउटै मात्र हुन्छ-परमेश्वरका मानिसहरूको सभाः ख्रीष्टियनहरुको एउटा जमात । एक्लेसिया भन्ने ग्रीक शब्दको प्राथमिक र सामान्य अर्थमा कुनै पनि उद्देश्यका लागि बोलाइएको कुनै सभा भन्ने यसको अर्थ हुन्छ (प्रेरित १९:३२); तर यसको विनियोजित र धार्मिक अर्थमा यसको अर्थ ख्रीष्टियनहरुको जमात हो र यो सधैँ चर्च (मण्डली) भन्ने शब्दद्वारा अनुवाद गरिएको छ ।

सुरूदेखि अन्त्यसम्मै धर्मशास्त्रको जाँच गर्नुहोस् र हामीले भनेका कुरादेखि बाहेक मण्डली शब्दको अर्को कुनै पनि अर्थ तपाईंले फेला पार्न सक्नुहुन्न । यस भनाइलाई विवाद गर्न मन पराउने जोसुकै मानिसले पनि यदि उसले सक्छ भने, परमेश्वरको वचनबाट कुनै खण्ड प्रस्तुत गरोस् जहाँ यदि ख्रीष्टियनहरूको जमात, वा ख्रीष्टियन सभा भन्ने शब्द मण्डली (चर्च) शब्दको लागि प्रतिस्थापना गरियो भने यसको अर्थ बिग्रन्छ । यो सम्भव हुनेछैन भनी हामी विश्वास गर्दछौँ ।

मण्डली शब्दको अर्थ धर्मशास्त्रमा सधैँ एउटै भए तापनि, यसका विभिन्न प्रयोगहरू छन् भन्ने कुरालाई ध्यान दिनुहोस् । यो लेखकको खुसीमा ख्रीष्टियनहरूको कुनै पनि जमातमा, जतिसुकै ठूलो वा सानो भए पनि लागू हुन्छ । यस तथ्यका उदाहरणहरूले परमेश्वरको वचनसँग परिचित सबैलाई सुझाव दिन असफल हुने छैन । हामी नमुनाको रूपमा केही खण्डहरू दिन्छौँ: कलस्सी ४:१५: "लाउडिकियाका भाइहरू र नुम्फास र तिनको घरमा भएका मण्डलीलाई मेरो अभिवादन देओ ।" यहाँ यो शब्द ख्रीष्टियनहरूको एउटा जमातमा लागू गरिएको छ जहाँ निजी आवास वा घरमा वास गर्न सक्षम हुन्छ ।

प्रेरित ११:२२: "यो समाचार यरूशलेममा भएको मण्डलीको कानमा पुग्यो र तिनीहरूले बार्नाबासलाई एन्टिओखियामा पठाए ।" त्यहाँ यसको अर्थ एउटै सहरमा बसोबास गर्ने ख्रीष्टियनहरूको जमात भन्ने हुन्छ र हामीले जाने अनुसार हामी उत्कृष्ट अख्तियारमा धेरै हजार व्यक्तिहरूलाई समावेश गर्दछौँ ।

प्रेरित ७:३८ यी तीनै व्यक्ति हुन्, जो उजाडस्थानमा भएको समूदायमा स्वर्गदूतसँग थिए, जुन स्वर्गदूतले सीनै पर्वतमा र हाम्रा पुर्खाहरूसँग बोलेका थिए र तिनैले हामीलाई दिनका निम्ति जीवित वाणीहरू पाएका थिए ।" यहाँ यो शब्दले ख्रीष्टियनहरूको जमातलाई कम्तिमा पनि बीस लाखको सङ्ख्यामा रहेको सम्पूर्ण राष्ट्रलाई समावेश गर्नका लागि परमेश्वरका जनहरूको सङ्घर्षलाई जनाउँछ । यो शब्द दाऊदको समयमा परमेश्वरका मानिसहरूको लागि पनि लागू गरिएको थियो, जब कनानमा तिनीहरू बसोबास गरेका थिए, ठूलो इलाकामा फैलिएका थिए र तिनीहरू लाखौँको सङ्ख्यामा थिए (हिब्रू २:१२ लाई भजनसंग्रह २२:२२-२५ सँग तुलना गर्नुहोस्) ।

१ कोरिन्थी १२:२८: "अनि परमेश्वरले मण्डलीमा पहिलो प्रेरितहरू, दोस्रो अगमवक्ताहरू, तेस्रो शिक्षकहरू, तब आश्चर्य काम गर्नेहरू र निको पार्ने वरदान पाएकाहरू, सहायता गर्नेहरू, प्रशासन गर्नेहरू, विभिन्न भाषा बोल्नेहरू नियुक्त गर्नुभएको छ ।" यहाँ यो शब्दको अर्थ पृथ्वीमा बसोबास गर्ने ख्रीष्टियनहरूको जमात हो; किनकि यो तिनीहरूको बीचमा थियो, महिमाका

सन्तहरूको बीचमा होइन, कि परमेश्वरले मानिसहरूलाई प्रेरित र अगमवाणी गर्ने वरदानहरूले सम्पन्न मानिसहरूलाई उठाउनुभयो ।

एफिसी ५:२५: "पति हो, आफ्ना पत्नीहरूलाई प्रेम गर, जसरी ख्रीष्टले पनि मण्डलीलाई प्रेम गर्नुभयो र त्यसको निम्ति आफूलाई अर्पण गर्नुभयो ।" यो शब्द यहाँ सबैभन्दा ठूलो अर्थमा ख्रीष्टियनहरूको जमातलाई सङ्केत गर्नका लागि प्रयोग भएको छः सबै, परमेश्वरका सम्पूर्ण परिवार; जसको लागि ख्रीष्ट मर्नुभयो; स्वर्गका सबै सन्तहरू र पृथ्वीमा भएका सबै विश्वासीहरूलाई एउटा महान् संगतिको रूपमा हेरिन्छ ।

जेभए तापनि, सबै किसिमका प्रयोगहरूको बीचमा मण्डली (चर्च) शब्दले यसको अर्थलाई कहिल्यै परिवर्तन गर्दैन । हरेक घट्नामा यसको अर्थ एउटै हुन्छ । जेभए तापनि, यसलाई प्रयोग गरियो, तापनि यसले ख्रीष्टियनहरूको जमातलाई सङ्केत गर्न कहिल्यै रोक्दैन तर प्रेरणा भएका लेखकले हेर्ने समाज ठूलो होस् कि सानो होस्, सामान्य खालको होस् कि विशिष्ट खालको नै किन नहोस्, त्यो शब्दबाट होइन प्रयोग भएको यो शब्दबाट सिक्नुपर्छ । प्रत्येक उदाहरणमा यो सन्दर्भबाट हो, शब्द आफैँबाट कहिल्यै होइन, कि लेखकको अभिप्रायमा यो ख्रीष्टियनहरूको समाज, स्वर्ग र पृथ्वीमा परमेश्वरका मानिसहरूको सामूहिक संगतिलाई बुझ्ने होस् वा यो केवल पृथ्वीमा, राष्ट्रमा, सहरमा वा नीजि घरमा भएकाहरू नै किन नहुन् । यो त्यो अभ्यास हो जसमा ईश्वरशास्त्रको उत्कृष्ट व्याख्याकर्ताहरू कहिलेकाहीँ सन्दर्भद्वारा मात्र व्यक्त गरिएका केही विचार लिनका लागि धोका खान्छन् । अनि त्यस विचारलाई कुनै विशेष शब्दको अर्थमा प्रवेश गर्ने विचारलाई एक स्वर्गीय प्रख्यात आलोचकले हाम्रो शास्त्रीय शब्दकोशमा लगभग हरेक शब्दमा जोडिएका धेरै सङ्ख्यामा अलमलमा परेका ती असङ्ख्य अर्थहरूको उत्पत्ति भएको र परमेश्वरको वचनको व्याख्यामा भएका त्रुटिहरूलाई देखाएका छन् । स्पष्ट रूपमा यसले धेरैलाई यसरी विश्वास गर्न प्रेरित गरेको छ कि मण्डली (चर्च) शब्दले विश्वासीहरूको विश्वव्यापी शरीरलाई सान्दर्भिकीकरण गर्दा फरक फरक सङ्केत गर्ने दुईवटा अर्थहरू हुन्छन, जसबाट यसले कुनै विशेष स्थानसँग जोडिएका विश्वासीहरूको झूण्डलाई बुझाउँछ । सत्य के हो भने, मण्डली (

चर्च) शब्दको एउटा मात्रै अर्थ छ तर यसमा विभिन्न किसिमका प्रयोगहरू छन् । यो शब्द आफैँले कहिल्यै पनि खीष्टियनहरूको जमामतबाहेक अर्को कुनै पनि विचार व्यक्त गर्दैन; यो यस्तो सन्दर्भ हो जसले सधैँ यसको सामान्य वा विशेष प्रयोगलाई निर्धारण गर्दछ: सधैँ सन्दर्भद्वारा व्यक्त गरिएको एउटा विचारले शब्दको अर्थलाई कायम राख्छ भन्ने कुरा स्पष्ट रूपमा गलत छ, त्यसैकारण, सबैले त्यसलाई स्वीकार गर्नैपर्छ भन्ने कुरादेखि बाहेक त्यो शब्दले सीमित वा विश्वव्यापी प्रयोग गर्नैपर्छ भन्ने कुराको सुझाव दिँदैन ।

यदि हामीले कुनै प्रान्त वा राष्ट्रका धेरै खीष्टियन मण्डलीहरूको बारेमा तिनीहरूको छुट्टै क्षमताको बारेमा बोल्ने अवसर पाएका छौँ भने, उनीहरूलाई त्यस क्षेत्रका मण्डलीहरू तोक्नु ईश्वरशास्त्रीय उपमा अनुरूप हुनेछ । प्रेरितले सिरिया र अखैया, गलातिया र एसियाका मण्डलीहरूको बारेमा कतिको बारम्बार बोलेका छन् भन्ने कुरा कसैले पनि बिर्सन सक्दैन । त्यसैले, यदि हामीले आयरल्याण्डमा खीष्टियनहरूको व्यक्तिगत मण्डलीहरूको बारेमा कुरा गर्न आवश्यक छ भने, देशमा छरिएका छुट्टै खीष्टियन जमातहरूलाई हामीले आयरल्याण्डका मण्डलीहरू (चर्चहरू) भनेर सम्बोधन गर्न सक्छौँ, त्यस्तो भाषालाई बुझ्न नसकिने वा गलत तरिकाले बुझ्नका लागि अवस्थित मण्डलीय प्रयोगहरूमा केही पनि हुँदैन । तर याद गर्नलाई योग्य कुरा के छ भने, जब हामीले "स्कटल्याण्डको स्थापित मण्डली", "अमेरिकाको एपिस्कोपल मण्डली" वा "आयरल्याण्डको प्रेस्बिटेरियन मण्डली" जस्ता वाक्यहरूको प्रयोग गर्छौं, त्यहाँ शब्दहरूका इश्वरशास्त्रीय अर्थहरू जेसुकै आए तापनि, केही फरक पर्दैन । हामीले देखे अनुसार, धर्मशास्त्रमा भएको शब्दको अर्थ सधैँ खीष्टियनहरूको जमात भन्ने नै हुन्छ र यो माथिको कुनै पनि वाक्यांशमा यसको अर्थ ठ्याक्कै त्यस्तै हुन्छ । निश्चित सिद्धान्तहरूलाई स्वीकार गर्नेहरूलाई गरिएको प्रश्नमा यो सन्दर्भले त्यसैबेला सीमित पारिदिदै एउटा विशेष देशसँग सम्बन्धित व्यक्तिहरूमा समेत सीमित पारिदिन्छ । उदाहरणका लागि जब हामी आयरल्याण्डको प्रेस्बिटेरियन मण्डलीको रूपमा मण्डली शब्दको प्रयोग गर्छौं, मण्डली शब्दलाई ईश्वरशास्त्रीय अर्थमा ठ्याक्कै खीष्टियनहरूको समाजलाई

जनाउन प्रयोग गरिन्छ, जुन हामीले प्रेस्बिटेरियन सिद्धान्तहरू र आयरल्याण्डमा बस्ने बासिन्दाहरूको सन्दर्भबाट सिकेका छौं ।

कुनै देशका खीष्टियन मानिसहरूलाई सङ्केत गर्न यो शब्दको प्रयोग गर्ने औचित्य, तिनीहरू व्यक्तिगत रूपमा वा प्रतिनिधिहरूद्वारा एकै मण्डलीमा भेला भएका तथ्यबाट उत्पन्न हुँदैनन् तर दिमागले उनीहरूलाई सामूहिक शरीरको रूपमा चिन्तन गरेको तथ्यबाट उत्पन्न हुन्छन् । तिनीहरू शाब्दिक वा लाक्षणिक रूपमा भेला भएको कारणले होइन तर मनको दृष्टिकोणमा उनीहरूलाई एक महान् समाजको रूपमा मानिएको कारणले, तिनीहरूलाई संसारबाट अलग गरिएको हुनाले र एक महान् भाइचाराको सिद्धान्तहरूमा तिनीहरूलाई साझा रूपमा एकतावद्व गराइएकोले स्वर्गका सबै सन्तहरू र पृथ्वीमा भएका सबै विश्वासीहरूलाई मण्डलीको शैली दिइएको छ । त्यसैकारणले गर्दा, कुनै पनि सम्प्रदायका खीष्टियनहरूले, मण्डलीहरूको भीडलाई रचना गरे तापनि, तिनीहरूको समग्र क्षमतामा, उचित रूपमा मण्डलीको शैली हुनसक्छ, किनभने तिनीहरू या त लाक्षणिक वा शाब्दिक रूपमा भेला भएका हुन्छन्, किनभने तिनीहरूलाई अरूहरूबाट अलग भएको र एउटा साझा विश्वासको सारद्वारा मनको दृष्टिकोणमा, आपसमा एकतावद्ध निकायको रूपमा लिइन्छ ।

कुनै देशका खीष्टियनहरूका लागि मण्डली भन्ने शब्द लागू भएको ईश्वरशास्त्रमा उदाहरण छ कि छैन भन्ने शङ्का थियो । बाइबलीय आलोचनाको विज्ञानले अब यो प्रश्नलाई सबै समयको लागि विश्राममा राखिदिएको छ । प्रेरित ९:३१ को साँचो  पढाई यस्तो छः “तब सारा यहूदिया, गालील र सामरियामा मण्डलीहरूले विश्राम पाए र तिनीहरूको उन्नति भयो अनि प्रभुको डरमा र पवित्र आत्माको सान्त्वनामा हिँड़ेर तिनीहरू बढ़्दै गए ।” हालै पत्ता लगाइएको यसको पक्षमा भएको एमएस (हस्तलिपी) प्राचीन पाण्डुलिपी सिनैटिकस, कुनै क ख ग भन्दा कम छैन, त्यसलाई कुनै पनि मानिसले विद्वताको लागि यस खण्डको मूल बनौटको रूपमा यसलाई प्राप्त गर्न अलिकति पनि वहाना गर्दै अब सङ्कोच मान्न सक्दैन । यी चारवटै एकैचोटी नयाँ करारको सबैभन्दा पुरानो र बहुमूल्य पाण्डुलिपिहरू अहिले पनि अवस्थित नै छन् । यी चारवटा एमएसएस को एकताबद्ध संस्करणहरू र

पिताहरू (फादरहरू)को आवाजबाट उत्पन्न भएका प्रमाणको कुरा नगर्न र कुनै पनि खण्डलाई सही रूपले मिलाउन पर्याप्त हुन्छ; प्रेरित ९:३१ को मूल पढाइ अनुसार तिनीहरूको गवाहीलाई कसैले पनि प्रश्न गर्न सक्दैन; अनि त्यस खण्डलाई हामी विश्वासका साथ एउटा सामूहिक जमातको रूपमा हेरिने देशका खीष्टियनहरूलाई तिनीहरू वास्तवमा धेरै अलग अलग मण्डलीहरूमा विभाजित भए तापनि, मण्डली शब्द लागू भएको स्पष्ट उदाहरणको रूपमा देखाउँदछौं ।

वास्तवमा केही लेखकहरूले यस विषयमा फरक किसिमको विवरण दिन्छन् । स्वर्ग र पृथ्वीमा भएको खीष्टियनहरूको विश्वव्यापी समुदायलाई ईश्वरशास्त्रमा मण्डली (चर्च) भनिन्छ भनी तिनीहरूले हामीलाई बताउँछन्, उनीहरूलाई साझा सिद्धान्तहरूद्वारा एकजुट भएको एक महान् भातृत्वको रूपमा हेरिएको नभएर बरू तिनीहरू "येशूमा, सधैँ साँचो र ठीकसँगले भेला हुने भएकोले यसलाई ईश्वरशास्त्रमा मण्डली भनेर भनिन्छ। यो शब्दलाई यसको विश्वव्यापी प्रयोगमा लागू गर्दा दिमागले त्यस्तो तथ्यलाई ध्यानमा राख्छ भन्ने कुराको बारेमा अनुमान गर्नु केवल कल्पना मात्र हो तर यदि त्यसो हो भने, यसले यो मुद्दालाई परिवर्तन गर्दैन । एउटा विशेष जिल्ला वा एउटा प्रान्त वा एउटा राष्ट्रकै खीष्टियनहरूले समान कारणले गर्दा एउटा मण्डलीको नामाकरण गर्न सक्छन्; किनभने तिनीहरू पनि "साँच्चै र ठीकसँगले येशूमा भेला भएका हुन्छन् ।" "स्वर्ग र पृथ्वीमा भएका सबै खीष्टियनहरू येशूमा भेला भएका हुन्छन्" भन्ने कुराले खासै कुनै अर्थ राख्दैन, कि कुनै खास देशका खीष्टियनहरू यसरी भेला भएका छैनन् । यदि सबै जना पुर्ण रूपमा भेला भएका छन् भने, अरू केही भागहरू पनि भेला भएका हुन्छन् । यस कुरालाई साझा सिद्धान्तहरू आफूसँग लिएर कुनै जिल्ला भनेर लिनुहोस् वा प्रान्त वा राज्यका खीष्टियनहरू भनेर जसरी पनि लिनुहोस्, तिनीहरूलाई यदि साझा समूदायको रूपमा हेरिन्छ भने, त्यो ईश्वरशास्त्रको अर्थमा एउटा मण्डली हो । तिनीहरू खीष्टियनहरूको जमात हुन् ।

## मण्डलीको नेतृत्व

पृथ्वीमा ख्रीष्टियन समाज वा जसलाई सामान्यतया मण्डली भनिन्छ, त्यसलाई इश्वरशास्त्रमा राज्यको रूपमा प्रतिनिधित्व गरिएको छ । यो प्रभू येशूको मण्डलीको बारेमा थियो जुन बेला उहाँले यसरी  बोल्नुभएको थियो, उहाँले पिलातसलाई भन्नुभयो, "मेरो राज्य यस संसारको होइन" (यूहन्ना १८:३६) । यो राज्य हो भन्ने तथ्यले कम्तिमा पनि तीनवटा कुराहरूलाई सङ्केत गर्छः पहिलो, राज्य वा राज्यपाल; दोस्रो, विषयहरू; तेस्रो, व्यवस्था (कानून) । मण्डली वा परमेश्वरको राज्यमा ख्रीष्ट नै राजा हुनुहुन्छ; विषयहरू विश्वासीहरू हुन्; कानून वा व्यवस्थाहरू सत्यका इश्वरशास्त्रहरू हुन् ।

हरेक राजाको अधीनमा अधिकारीहरू हुन्छन्, जसलाई उनको कानूनको कार्यान्वयनका लागि जिम्मेवारी दिइएको हुन्छ र जसलाई मुकुट वा श्रीपेचबाट न्याय गर्ने अधिकार दिइएको हुन्छ । न्यायाधीशहरू र दण्डाधिकारीहरू राज्यका पदाधिकारीहरू हुन् । तिनीहरूले सेवा गर्ने राजाबाट आफ्नो शक्ति प्राप्त गरेका हुन्छन् र जनताका सबै श्रेणी र वर्गहरुमा व्यवस्थालाई लागू गर्दछन् । यसैले राज्यको एक धेरै स्पष्ट विभाजन शासकहरू र शासनमा हुन्छ, जसको कर्तव्य कानूनको व्यवस्थापन गर्ने हो र तिनीहरू यसलाई पालन गर्न बाध्य हुन्छन् ।

त्यही विशिष्टताले ख्रीष्टको राज्यमा पकड राख्छ । यसमा पनि शासन गर्ने व्यक्तिहरू हुन्छन् र शासन गर्छन्: अधिकारीहरूलाई व्यवस्थाहरूको विधानको जिम्मेवारी सुम्पिदिइएको हुन्छ र मानिसहरूलाई तिनीहरूको अधीनमा रहनका लागि आदेश दिइएको हुन्छ । यो कुरा हिब्रू १३:१७ मा अति स्पष्ट रूपमा उल्लेख गरिएको छ, "तिमीहरूका अगुवाको आज्ञापालन गर र तिनीहरूका अधीनमा बस, किनकि लेखा दिनुपर्छ भन्ने कुरा जानेर नै तिनीहरूले तिमीहरूका प्राणको हेरचाह गर्छन् । यो काम तिनीहरूले आनन्द साथ गरून् र दुःख मानेर होइन, नत्रता त्यसबाट तिमीहरूलाई कुनै लाभ हुँदैन ।" मण्डलीमा केही मानिसहरू हुन्छन् जसको कर्तव्य भनेको शासन गर्नु हो; तिनीहरू मण्डलीका अधिकारीहरू हुन् भन्ने कुरा यस खण्डबाट स्पष्ट हुन्छ । मण्डलीमा अरू पनि मानिसहरू हुन्छन्, जसको कर्तव्य भनेको आज्ञापालन गर्नु

हो; तिनीहरू त्यस मण्डलीका स्थानीय सदस्यहरू, राज्यका विषयहरू, जनताहरू हुन् भन्ने कुरा पनि त्यति कमको छैन ।

तर केही दलहरूको अधिकार प्रयोग गर्ने र अरूको अधीनताको अभ्यास गर्ने कुरालाई स्वीकार्य कर्तव्यको रूपमा स्वीकार गर्ने प्रत्येक समाजलाई पनि नेतृत्व भनिन्छ; किनकि एकातिर प्रयोग गरिएको यस्तो अधिकार र अर्कोतिर प्रस्तुत गरिएको यस्तो समर्पणतामा सबै नेतृत्वको सार हुन्छ । ईश्वरशास्त्रमा पनि त्यहाँ कुनै खण्ड थिएन तर अन्तिममा उद्धृत गरिएको विषयलाई लिएर यो प्रेरितीय मण्डलीमा नेतृत्व स्थापना भएको थियो भन्ने कुरालाई अस्वीकार गर्न सकिँदैन । यदि नेतृत्वको अस्तित्व छ भने, कुनै न कुनै किसिमको नेतृत्वको अवलम्बन गरेको हुनु पर्दछ; किनकि खीष्टको राज्यमा नेतृत्व बिनाको शासन स्थापना भएको थियो भन्ने कुरा वाहियात हो । इतिहासले हामीलाई धेरै मण्डलीय र प्रशासनिक प्रसङ्गमा अद्भुत कुराहरूको बारेमा बताउँछ तर संसारमा वा मण्डलीमा देखिएका सबै अनौठा कुराहरू, समयको सुरूवातदेखि नै, त्यहाँ कहिल्यै पनि नेतृत्वको रूप बिनाको संरचना देखा परेको छैन । र यो कुरा असम्भव छ । नेतृत्व आफैँमा अमूर्त हुन्छ । जसै यसले शक्ति प्रकट गर्छ, यो वास्तविकता बन्छ । यो संसारका सामु देखिने कुराको रूपमा खडा छ; यसले एउटा रूपलाई मानिलिन्छ ।

प्रेरितीय मण्डलीमा नेतृत्व थियो र यो नेतृत्व एक निश्चित रूप अन्तर्गत अवस्थित थियो र यो कुरा प्रस्तुत गर्नलाई स्पष्ट छ जस्तो देखिन्छ । यो रूप के थियो भन्ने कुरालाई सटीकसँगले निर्धारण गर्नु, ठूलै परिणामको कुरा हो । किनकि मण्डली नेतृत्वको योजना, प्रभुका प्रेरितहरूद्वारा पवित्र आत्माको निर्देशनमा काम गर्दै, स्थापना गरिएको थियो भन्ने कुरा सबैलाई स्पष्ट भएको हुनुपर्छ । यसका साथै यसले कानूनी र अधिकारको उपाधि बोक्नुपर्छ, यद्यपि यो आफैँमा एउटा बुद्धिको उत्कृष्ट कृति उमेर अनुसार बनाइएको वा उपयुक्तताद्वारा प्रदर्शन गर्न सक्ने सिफारिस गरिएको मानव प्रणाली होइन र जबसम्म यो आफ्ना सिद्धान्तहरूमा त्यो ईश्वरीय मूलसँग मिल्छ, तबसम्म मण्डली नेतृत्वको प्रत्येक विद्यमान रूपमात्र सम्मानको योग्य हुन्छ । तर त्यहाँ स्पष्ट कारणहरू छन् जसले नयाँ करारको मण्डलीमा स्थापना भएको मण्डली

व्यवस्थापन विधिलाई शुद्धताका साथ पत्ता लगाउन केही कठीनाइको विषय बनाउँछ ।

१. प्रेरितहरूले ती ख्रीष्टियनहरूलाई लेखेका थिए, जो स्वयम् प्रेरितीय मण्डलीका सदस्यहरू थिए । तिनीहरू पक्कै पनि यस संस्थासँग राम्ररी परिचित थिए, तिनीहरूले ख्रीष्टियन समाजको विस्तृत विवरणमा प्रवेश गर्न आवश्यक ठानेका थिएनन् र त्यसो गर्नु अस्वभाविक हुन्थ्यो । तिनीहरू कहिलेकाहीँ मण्डली नेतृत्वमा असर पार्ने तथ्यहरूलाई सार्वजनिक गर्छन् र प्रचलित अभ्यासहरूमा अप्रत्यक्ष वा प्रत्यक्ष रूपमा सङकेत गर्छन् । यी सङ्केतहरू र तथ्यहरू मूल रूपमा सम्बोधन गरिएको व्यक्तिहरूका लागि पर्याप्त सुझाव र सुगम थिए तर हामीहरूद्वारा जो टाढाको उमेरमा विदेशमा र व्यापक रूपमा भिन्न संस्थाहरूको बीचमा बस्छन्, तिनीहरूले यति सजिलैसित बुझ्न सक्दैनन् ।

२. तिनीहरूले क्रमबद्ध रूपमा प्रश्न अनुसार त्यस्ता तथ्यहरूलाई व्यवस्थित गर्दैनन् । यदि मानिसले बाइबल बनाएका हुन्थे भने, यो एउटा एकदमै फरक खालको पुस्तक हुनेथियो । यो परिस्थिति हाम्रो विकल्पमा छोडिएको थिएन, हामीले यसलाई प्राप्त गरेका हौँ भन्ने रूपमा यसलाई लिनु पर्दछ । परीक्षण गर्दा हामी के देख्छौँ भने, यसले वैज्ञानिक क्रममा केही पनि सिकाउँदैन । नैतिकता र सिद्धान्तहरू पनि त्यहाँ नियमित संरचनामा व्यवस्थित छैनन् तर तिनीहरूलाई छुट्याइएका अंशहरूमा व्यक्त गरिन्छ र हाम्रो उद्योगलाई छरिएका टुक्राहरू सङ्कलन गर्न, तिनीहरूलाई एक अर्कासँग तुलना गर्न र तिनीहरूलाई आफ्नै लागि व्यवस्थित गर्न भनी उत्प्रेरित गरिन्छ । त्यसैले ईश्वरशास्त्रमा विधिवत् ढङ्गले मण्डलीय विधि सिकाइएको छैन तर प्रकाशको फराकिलो क्षेत्रमा तथ्यहरू, सङ्केतहरू र परिस्थितिहरू छरिएर रहेका छन्, जसलाई हामीले खोज्न, जाँच्न र संयोजन गर्न तथा वर्गीकरण गर्न सक्नु पर्दछ । अब सबै जना यी तथ्यहरूको व्यवस्थामा सहमत हुँदैनन न त तिनीहरूबाट वैध रूपमा प्रवाह हुने निष्कर्षहरूमा न त छुट्याइएको सामग्रीबाट नेतृत्व निर्माण गर्ने मोडमा नै सहमत हुन्छन् । यी कुरा ठिक प्रकारले पत्ता लगाउनका लागि गाह्रो बनाउँदछ र अझै पनि सर्वसम्मतिले अझ धेरै प्रेरितीय समयमा अवस्थित मण्डली नेतृत्वको रूपलाई पत्ता लगाउन कठीन बनाउँदछ ।

तर यो देखिए अनुसार कठीन छ, ईश्वरशास्त्रको पूर्ण र पूर्वाग्रहरहित जाँच गरेर, प्रारम्भिक मण्डलीको व्यवस्थामा प्रवेश गर्ने मुख्य सिद्धान्तहरू पत्ता लगाउन यो एकदम सम्भव छ भन्ने कुरो प्रमाणित भएको छ । यीभन्दा बढी मुख्य सिद्धान्तहरू हामीले खोज्नलाई आवश्यक छैन भनेर हामी भन्दछौं । केही दुर्लभ उदाहरणहरूमा बाहेक, परमेश्वरको वचन कहिल्यै विवरणहरूमा प्रवेश गर्दैन: यसले त सिद्धान्तहरू बताउँछ । यो ईश्वरीय विधानको एक अति उल्लेखनीय विशेषता हो जुन प्रस्ताव टिप्पणीको लागि योग्य छ ।

हरेक सभ्य देशमा सरकारको कर्तव्यमा सुम्पिइएकाहरूले प्रत्येक विशिष्ट मुद्दाहरूका लागि कसरी कानून प्रदान गर्ने लक्ष्य राखेका हुन्छन् भन्ने कुरो अवलोकन गर्न सकिन्छ । मानव विधायक विवरणहरूमा तल झर्छ । हाम्रो आफ्नै देशमा यसको परिणाम के हुन्छ भने, वेलायतको सामान्य र स्थिर कानूनहरू यति भारी खालका छन् कि तिनीहरूले लेखेका पुस्तकहरूले आफैंलाई एक भव्य पुस्तकालय बनाउँछ; देशको परिवर्तनशील परिस्थिति र समय अनुसार नयाँ कानूनहरू बनाउने र पुराना कानूनहरूलाई परिमार्जन गर्ने अभिव्यक्त उद्देश्यका लागि हरेक वर्ष संसद्को बैठक बस्छ र जे भए तापनि, सार्वजनिक अदालतहरूमा मुद्दाहरू दैनिक रूपमा हुन्छन्, जहाँ सबैभन्दा कुशल कानूनविद्हरूले विद्यमान कानूनहरूले केही पनि निर्धारण गर्दैनन् भनेर स्वीकार गर्नुपर्छ । तर ईश्वरीय व्यवस्था कसरी एकदम फरक तरिकाले अगाडि बढ्छ हेर्नुहोस् । यसले विरलै रूपमा विशिष्ट विवरणहरूमा प्रवेश गर्छ तर यसले सामान्य सिद्धान्तहरू राख्छ, जसमध्ये कुनै पनि मुद्दाहरूको सम्पूर्ण भीडको निर्णय गर्न पर्याप्त हुन्छ । यसको सट्टा, उदाहरणका लागि एउटा व्यक्तिले आफ्नो छिमेकीलाई प्रेम गर्नलाई उचित छ भनी हरेक प्रकारको सुझाव दिने प्रयास गर्दा, यसले हरेक मामलामा पूरा गर्न पर्याप्त सिद्धान्त राख्छ । तपाईंले आफ्नो छिमेकीलाई आफैंलाई झैँ प्रेम गर्नुपर्छ । छोराछोरीहरूले आफ्ना बुबा र आमाप्रतिको तिनीहरूको दायित्वलाई पूरा गर्ने विभिन्न तरिकाहरूको गन्ती गर्नुको सट्टा, हरेक मुद्दामा यसलाई राम्ररी पक्रेर ईश्वरशास्त्रले यो सामान्य नियमलाई लागू गर्दछ: आफ्नो बुबा र आमालाई आदर गर । ख्रीष्टियनहरूका लागि पापको हरेक झल्कोलाई निर्दिष्ट गर्न अस्वीकार गर्दै त्यसलाई बेवास्ता

गर्नु राम्रो हुन्छ भनेर, प्रभुका नियमहरूले हामीलाई सबै दुष्टताको उपस्थितिबाट टाढा रहनका लागि निर्देशन दिन्छ । मानव कानूनले सूक्ष्म विवरणहरूमा प्रवेश गर्दछ तर ईश्वरीय कानूनले सामान्य सिद्धान्तहरूलाई लागू गर्दछ ।

यसको परिणाम के हुन्छ भने, जब त्यहाँ सायद पछिल्लो प्रणालीमा निर्मित कानूनको संहिताको कार्यान्वयनको व्याख्या र कार्यान्वयनमा मतभिन्नताको लागि सम्भवतः धेरै ठाउँहरू बाँकी रहन्छन् तर त्यतिबेला यो बेफाइदा प्रतिबन्धित भन्दा पनि बढी हुन्छ, कि परमेश्वरका व्यवस्थाहरू वा नियमहरू आफैँमा सिद्ध छन्; कि देश र समयको सदाबहार परिस्थिति अनुसार तिनीहरू परिवर्तन हुँदैनन्; कि तिनीहरूले सम्भावित हुन सक्ने हरेक मुद्दा भेट्दछन् र कि तिनीहरू एउटै पुस्तकमा लेखिएकोले यति सानो छन् कि त्यस पुस्तकलाई एउटै हातले उचाल्न सकिने वा खल्तीमा बोक्न सकिने भएकोले तिनीहरू उचित आकारमा सङ्कुचित छन् ।

अब, ईश्वरशास्त्रले हामीलाई नैतिकताको बारेमा सिकाएझैँ, मण्डली नेतृत्वको बारेमा सिकाउँछ । यसले माइनटमा हुने विवरणहरू प्रस्तुत गर्दैन, तर यसले प्रेरितीय मण्डलीको संरचनामा प्रवेश गर्ने मुख्य सिद्धान्तहरू प्रदान गर्दछ । यी मुख्य सिद्धान्तहरू के थिए, त्यो अब पत्ता लगाउने हाम्रो उद्देश्य हो । मण्डली नेतृत्वको महत्वपूर्ण विषयमा छलफल गर्दा, हाम्रा आधुनिक मण्डलीहरूमध्ये कुनै एकलाई मनपर्ने र मान्ने गरेको, त्यसका विशेषताहरूको चित्रण गर्ने गरेको र त्यसपछि परमेश्वरको वचनमा भएका ती ढाँचाका प्रतिबिम्बहरू के हुन् भनी देखाउन अगाडि बढ्ने गरेको लेखकहरूको यो सामान्य अभ्यास हो । यस योजनामा केही सिफारिसहरू छन्, हामी सजिलै विश्वास गर्न सक्छौँ तर यो गम्भीर आपत्तिहरूको लागि उत्तरदायी छ भन्ने कुरो कम स्पष्ट छैन । अन्तमा यो निष्कर्षमा मानिएको जस्तो लाग्छ जसमा तर्क गर्ने व्यक्तिले आफनो तर्कको आधारमा ठोस प्रक्रियापश्चात् हामीलाई केवल सञ्चालन गर्ने आशा मात्र गर्न सक्छ । लेखकले पहिलो स्थानमा विषयको आफ्नो दृष्टिकोण सही छ भनेर निर्धारण गरेको छन् र यसको प्रमाण खोज्न ऊ ईश्वरशास्त्रमा जान्छ भन्ने कुराको लागि यसले कुनै न कुनै रूपमा घातक छाप उत्पन्न गर्छ । लेखक

मानिसहरूको सबैभन्दा निष्पक्ष र सत्यलाई प्रेम गर्ने हुन सक्छ तर उसको यस योजनाले केही विशेष संरचनाको प्राथमिकतालाई धोका दिन्छ र यसरी सुरूमा धेरै पाठकहरूको पूर्वाग्रहलाई जगाइदिन्छ । यसबाहेक, यसले तिनीहरूलाई जोड्ने कुरा बाहेक इश्वरशास्त्रका खण्डहरूलाई हेर्नका लागि अवसरहरू प्रदान गर्दछ र लेखकहरूलाई उनीहरूको मन पर्ने पदहरू उदधृत गर्नका लागि परीक्षा गर्दछ, जसको आवाज तिनीहरूको पक्षमा छ । यी कारणहरूले गर्दा हामी वर्तमान अवसरमा यो विधि अपनाउने छनौट गर्दैनौं ।

हामीले प्रस्ताव गरेको प्रक्रियाको योजना धेरै असामान्य खालको छ, यद्यपि यो कम सन्तोषजनक छैन भन्ने कुरामा हामी विश्वास गर्दछौँ । हामी तिनीहरूबाट प्रेरितीय मण्डलीको नेतृत्वलाई सहने विभिन्न तथ्यहरू पत्ता लगाउनका लागि पवित्र ईश्वरशास्त्रलाई जाँच गर्नेछौँ । हामी खण्डहरू निर्माण गर्नेछौँ, तिनीहरू तत्काल कतातिर जोडिएका छन् मनन् गर्नेछौँ, तिनीहरूको अर्थ खोल्नेछौँ र तिनीहरूको सहयोग लिएर मुख्य सिद्धान्तहरूमा पुग्न सक्नका लागि हामी प्रयास गर्नेछौँ । अनि त्यसपछि हामी हाम्रा आधुनिक मण्डलीहरूमा फर्कनेछौँ, वर्तमान संसारमा अवस्थित मण्डली संरचनाका विभिन्न रूपहरूलाई र यी सबै वा धेरैजसो सिद्धान्तहरूलाई मूर्त रूप दिने तीमध्ये कुन हो भनी हेर्नेछौँ । जब यो गरिन्छ, तब मण्डली संरचनाको बिन्दुमा, प्रेरितीय मण्डलीको रूपमा मानिसको लागि सबैभन्दा राम्रो हकदार सम्प्रदायलाई हामीले फेला पारेका हुन्छौँ । तर्कको यो प्रकृया यति धेरै स्पष्ट र सरल छ कि हामी वा हाम्रा पाठकहरूलाई धोका दिने अभ्यासको लागि कुनै ठाउँ छैन । अत्यन्त नम्र र बुद्धिमान् व्यक्तिले हाम्रो तर्कलाई नजिकबाट नियाल्न सक्छ । हामी निष्कर्षमा पुग्नका लागि दुईवटा चरण मात्र बाँकी छ । पहिलो, प्रभुका प्रेरितहरूद्वारा स्थापना भएका मण्डलीहरूको नेतृत्वमा मुख्य सिद्धान्तहरू के थिए भन्ने कुरालाई हामीले परमेश्वरको सिद्ध वचनबाट पत्ता लगाउनुपर्छ र दोस्रो, हामीले हाम्रा आधुनिक मण्डलीहरूमध्ये कुन कुन मुख्य सिद्धान्तहरूलाई पूर्ण रूपमा स्वीकार गरी लागू गरिएको छ भनी पत्ता लगाउनुपर्छ । त्यसपछि हामी मुद्दाको समाधानको लागि आफ्नै आत्म-प्रमाणको प्रकाशमा उज्ज्वल, स्वयमसिद्ध कुरालाई लागू गर्नेछौँ । त्यो स्वयमसिद्ध कुरा के हो भने, आधुनिक मण्डली

जसले आफ्नो नेतृत्वमा प्रेरितीय सिद्धान्तहरूलाई पहिलो प्राथमिकतामा मूर्त रूप दिन्छ, त्यो आफ्नो नेतृत्वमा प्रेरितीय मण्डलीको सबैभन्दा नजिक आउँछ ।

## प्रेरितीय सिद्धान्तहरू

ईश्वरशास्त्रको सावधानीपूर्वक जाँच गर्दा, हामी प्रेरितीय मण्डलीमा कम्तिमा पनि चार प्रकारका पदाधिकारीहरू भेट्टाउँदछौँ:

१. प्रेरितहरू;

२. प्रचारकहरू;

३. विशपहरू (पाष्टरहरू र शिक्षकहरू पनि भनिन्छ);

४. डिकनहरू ।

यी मध्ये प्रत्येकलाई आफ्नो भन्दा निकृष्ट सबै कार्यालयहरू प्रयोग गर्ने अधिकार थियो तर निम्न पद भर्नेलाई माथिल्लो पदको कर्तव्य निर्वाह गर्ने अधिकार थिएन । यसरी, प्रेरितीय कार्यालयले अरू सबैलाई समावेश गर्‍यो र त्यहाँ विशप वा एल्डरलाई डिकनको रूपमा काम गर्ने अधिकार थियो, जबसम्म उसले त्यसो गर्दा विशेष गरी उसको आफ्नै कर्तव्यहरूको उचित निर्वाहमा बाधा नपर्ने हुन्छ । अर्कोतर्फ, डिकनलाई विशपको कार्यालय प्रयोग गर्ने अधिकार थिएन न त विशपसँग प्रेरितका कर्तव्यहरू लिनका लागि कुनै अधिकार नै थियो । प्रत्येक उच्च कार्यालयले आफ्नो मातहतमा भएकाहरू सबैलाई समावेश गरेको हुन्छ ।

प्रेरित र प्रचारकहरूका कार्यालयहरू अस्थायी थिए, ख्रीष्टियन सम्प्रदायको पहिलो स्थापनामा यी आवश्यक त थिए तर स्थायी हुनको लागि आवश्यक थिएनन् । प्रेरितहरू प्रभु येशूको पुनरुत्थानका साक्षीहरू थिए, आश्चर्यकामहरू गर्ने शक्तिले सम्पन्न थिए र आफ्ना हातहरू राखेर प्रार्थना गरी पवित्र आत्मा प्रदान गर्ने, ईश्वरीय इच्छाको अचम्मको व्याख्याताहरू र ख्रीष्टियन मण्डलीका संस्थापकहरू थिए र तिनीहरूलाई जुन उद्देश्यका लागि सेवा गर्न पठाइएको थियो, तिनीहरू संसारबाट गायब भए र तिनीहरूले प्रेरितहरूको रूपमा आफ्ना कुनै उत्तराधिकारीहरूलाई छोडेनन् । प्रचारकहरू मिसनरीहरू थिए; तिनीहरू सुसमाचार प्रचार गर्न ठाउँ-ठाउँमा यात्रा गर्ने र मण्डलीहरूलाई व्यवस्थित

गर्नका लागि प्रेरितहरूका सहायक र प्रतिनिधिको रूपमा काम गर्ने मानिसहरू थिए । ती मध्ये फिलिप, तिमोथी र तीतस सबैभन्दा प्रख्यात उदाहरण थिए । यो टिप्पणी गर्नलाई योग्य छ, तिनीहरूलाई अस्थायी वा सामान्यतया असाधारण पदाधिकारीहरूलाई भनिएतापनि, तिनीहरूको कर्तव्यको क्षेत्र भने मण्डलीका विश्वासीहरूमा सिमित थिएन तर व्यापक रूपमा मण्डलीमा विस्तार गरिएको थियो । तिनीहरू कुनै खीष्टियन समाजका सदस्यहरू थिए, जसको सीमाभित्र तिनीहरू केही समयका लागि बसेका थिए तर तिनीहरूको मिसन भने संसारमा नै थियो र तिनीहरूको अधिकार विश्वव्यापी रूपमा मण्डलीमा फैलिएको थियो ।

अर्कोतर्फ विशप र डिकनका कार्यालयहरू सदाको लागि मण्डलीमा डिजाइन गरिएको थियो । विशपहरू, जसलाई प्रायः गरेर एल्डरहरू, पाष्टरहरू र शिक्षकहरू भन्ने गरिन्छ, तिनीहरू पदाधिकारीहरू थिए, जसको कर्तव्य मण्डलीलाई निर्देशन दिनु र नेतृत्व गर्नु थियो । डिकनहरूलाई अस्थायी कार्यहरूको जिम्मा लगाइएको थियो र तिनीहरूलाई गरिबहरूको खाँचोहरूमा सेवा पुऱ्याउने विशेष कर्तव्य सुम्पिएको थियो । मण्डलीले आफ्ना सदस्यहरूले आत्मिक र अस्थायी आवश्यकताहरूलाइ लाफैले आपूर्ति गर्न सक्षम नहुन्जेल सम्म यी दुई कार्यालयहरूको औचित्यलाई कहिल्यै बन्द गर्न सक्दैन । तर विशपहरू र डिकनहरूको सन्दर्भमा, तिनीहरू मुख्यतया मण्डलीका अधिकारीहरू थिए भनेर ध्यान दिनु पर्छ । तिनीहरूको कर्तव्यको क्षेत्र प्रेरितहरू, अगमवकताहरू र प्रचारकहरूको जस्तो सामान्य खालको थिएन तर तिनीहरूले काम गर्न नियुक्त भएका विशेष मण्डली वा स्थानको सीमाभित्र धेरै भाग राखेका थिए ।

यसरी डा. क्याम्पबेलले स्थायी र अस्थायी दुबै पदाधिकारीहरूका लागि प्राचीन मण्डलीमा भएका विशेष आवश्यकताको बारेमा व्याख्या गर्दछन्: "लौकिक चीजहरूबाट एउटा समानता लिनः राज्यलाई जित्नु र त्यसको मालिक बन्नु एउटा कुरा हो र अर्को कुरा भनेको विजयी भएको बेला कब्जा गरी अधिग्रहण गरेको कुरालाई कायम राख्नका लागि त्यसलाई शासन गर्नु हो । ती दुबैमा उही कर्ताहरू र उही सहायकहरू ठीकसँग अनुकूल छैनन् । यी

पहिला उद्देश्यहरूका लागि, त्यहाँ मण्डलीका असाधारण सेवकहरू वा अधिकारीहरू, जसलाई सैन्य शक्तिहरू जस्तै कुनै पनि प्रान्तहरू जित्न बाँकी रहँदा निश्चित स्थानमा मिलाएर राख्न सकिँदैन । तिनीहरूको कार्यभार, एक तरिकाले सार्वभौमिक थियो र तिनीहरूको कार्य गतिशील थियो । अर्को दृष्टिमा, त्यहाँका नागरिक र सरकारसँग मिल्दो जुल्दो सामान्य सेवकहरू वा पाष्टरहरूको समूह थियो, जसलाई फरक मूल्य वा क्षेत्रहरू बाँडफाँड गर्न आवश्यक थियो, जसमा तिनीहरूको सेवाहरू मूख्यतया सार्वजनिक आराधना र धार्मिक विधिहरू पालन गर्न र तिनीहरूको आचरणहरूको अनुशासनको लागि आवश्यक सहयोग प्रदान गर्नको निम्ति मानिसहरूलाई निर्देशन दिन र नेतृत्व गर्न सीमित हुनुपर्दछ । यो दोस्रो व्यवस्थाबिना, प्राप्त गरिएका अधिग्रहणहरूलाई लामो समयसम्म कायम राख्न सकिँदैन । त्यहाँ मूर्तिपूजा र नास्तिकतामा विश्वव्यापी पुनरावृत्ति भएको हुनुपर्छ । असाधारण र सामान्यमा दुबै पक्षमा सेवकहरूले यस विवादास्पद भिन्नतालाई स्वीकार गरेका छन् । त्यसैले यसलाई परिकल्पनाको सेवा गर्नको लागि परिचय (जुन कहिलेकाहीँ भिन्नताहरूमा पनि हुन्छ) मान्न सकिँदैन ।" यी प्रारम्भिक अवलोकनहरूका साथ, हामी खोजीमा अगाडि बढ्छौँ–

## पहिलो सिद्धान्त

ख्रीष्टियन मण्डलीका सबै सेवाका क्षेत्रहरू प्रभु येशूबाट उत्पत्ति भएका हुन् । उहाँ नै ती सबैका रचनाकार र अवतार हुनुहुन्छ; उहाँ हाम्रो जीवनका प्रेरित हुनुहुन्छ; उहाँ टाढा टाढामा भएकाहरू र नजिकमा हुनेहरू सबैलाई शान्तिको प्रचार गर्ने एक प्रचारक हुनुहुन्छ र उहाँ महान् पाष्टर वा भेडाहरूका गोठालो, आत्माहरूको बिशप हुनुहुन्छ र उहाँ सेवा पाउन होइन तर सेवा दिनका लागि आउनु भएको एक डिकन वा सेवक हुनुहुन्छ । मण्डलीका सबै सेवाका क्षेत्रहरू ख्रीष्टको व्यक्तित्वमा समेटिएका छन् ।

प्रभुको जीवनकालमा प्रेरितहरू मात्र चुनिएका पदाधिकारीहरू थिए । तिनीहरूले उहाँबाट अकस्मात् नियुक्ति पाएका थिए । उहाँको आवाजद्वारा तिनीहरूलाई सेवकाईको काममा बोलाइएको थियो र तिनीहरूले उहाँको हातबाट नियुक्ति

पाएका थिए । सिमोन र आन्द्रियासले गालीलको तालमा आफ्नो जाल हान्दै थिए, येशू समुद्रको तटमा हिँडिरहनु भएको थियो तर उहाँको आह्वानमा तिनीहरूले संसारभरि नै उहाँलाई पछ्याउनका लागि आफ्ना जालहरु छाडिदिए । जब्दियाका छोराहरूले उहाँको आवाज सुने र तुरून्तै तिनीहरूले मानिसहरूको जालहारी बन्ने आफ्नो महत्वकाङ्क्षामा आफ्ना बुबा र आमालाईसमेत बिर्से । जब खीष्टले तिनीहरूलाई मलाई पछ्याओ भन्नुभयो, लेवीले भन्सारमा काम गर्दै गरेको बेला रसिद नै त्यागे र अब फेरि कर उठाउने भएनन् । प्रभु येशूको व्यक्तिगत आह्वान त्यतिबेला थियो र अहिले पनि छ, परमेश्वरको मण्डलीमा नेतृत्व सम्हाल्ने सबै अधिकारहरूमध्ये पहिलो र उत्तम आह्वान । प्रेरितहरूलेझैं, प्रत्यक्ष रूपमा नियुक्ति पाएको व्यक्तिले मात्र हामीलाई सन्तुष्ट पारून् र हामीलाई उनीप्रति समर्पित हुनका लागि प्रेरित गर्न अरू थप आवश्यकता पर्दैन ।

तर स्वर्गमा उक्लनु भएपछि, पावलको मामला बाहेक, जो तोकिएको समयमा जन्मिएका थिए, कुनै पनि व्यक्तिको व्यक्तिगत बोलावट पासपोर्ट वा सेवकाई वा प्रेरितको रूपमा थिएन । प्रभु येशूको जीवित आवाजद्वारा मानिसहरूलाई पदमा वा कार्यालयमा राखिएको थिएन । प्रभुको प्रस्थान र यहूदाको मृत्युले प्रेरितहरूको सूचीमा छोडेको रिक्तताले नयाँ सिद्धान्तलाई सञ्चालन गर्ने अवसर प्रदान गरिदियो । प्रेरितहरूका कार्यको पहिलो अध्यायले  हाम्रो सामुन्ने पूरै मामलालाई ल्याइदिन्छ । प्रेरित १:१३-२६ को खण्डलाई विशेष रूपमा जाँच गरौं ताकि हामीसँग तथ्यहरूको पूर्ण स्वामित्व हुन सकोस् । यस्तो देखिन्छ कि, स्वर्गारोहण र पेन्तिकोसको दिन बीचको अन्तरालमा, चेलाहरू यरूशलेम सहरको माथिल्लो कोठामा प्रार्थना र बिन्तीको लागि भेला भएका थिए । एघार जना प्रेरितहरू त्यहाँ भेला भएझैं, येशूका आमा र भाइहरू पनि त्यहाँ उपस्थित थिए । जम्मागरी तिनीहरू एक सय बीस जना त्यहाँ भेला भएका थिए । पत्रुस उठे र त्यहाँ उपस्थित भएका मानिसहरूलाई सम्बोधन गरे । उनले तिनीहरूलाई प्रेरित पदमा भएको रिक्तताको सम्झना गराइदिए । गुरूलाई धोका दिने यहूदा मरेको थियो र उसले आफ्नो अपराधद्वारा गुमाएको पद अर्कोलाई प्रदान गर्नुपर्ने भयो । उनी यहूदाको ठाउँमा आउने व्यक्तिको आवश्यक

योग्यताहरू के हुन् भनी बताउँछन् । ख्रीष्टको सेवकाईको शुरुवातदेखि अन्तिमसम्म एघारै जनासँग परस्पर सम्पर्कमा हुने व्यक्ति नै उम्मेदवार हुनुपर्छ । उनले नयाँ प्रेरितका कर्तव्यहरू के के हुन् भनेर बताएका छन्; उनी अरूहरूसँगै ख्रीष्टको पुनरुत्थानको साक्षी हुनुपर्थ्यो । पत्रुसले माथिल्लो कोठामा भेला भएका मानिसहरू र भाइहरूको सामुमा राखेको कुरा यस्तो थियो । त्यसपछि हामी पद २३ मा पढ्छौं, “तिनीहरूले दुई जना, अर्थात्, बर्साबास भन्ने योसेफ, जसको कुलनाउँ युस्तस थियो र मतियासलाई नियुक्त गरे ।” “यस दोहोरो छनौटको नतिजामा, कसलाई साँचो प्रेरितको रूपमा लिने भनेर निर्णय गर्न आवश्यक भयो; जुन प्रार्थनापछि चिट्ठा हालेर गरिएको थियो । तर विशेष गरेर यो कुरालाई ध्यान दिनुपर्छ, जब कि पत्रुसले आवश्यक योग्यताहरूको व्याख्या गरे तर कार्यालयको विशिष्ट कर्तव्यहरू, व्यक्तिको नियुक्ति गर्ने अधिकार पत्रुससँग थिएन तर ती मानिसहरू र भाइहरूमा निहित थियो जसलाई पत्रुसले सम्बोधन गरेका थिए । यस बाहेक, यो बिर्सनुहुँदैन कि पद २० मा मत्तियासलाई दिइएको जिम्मेवारीलाई बिशपको पद भनिन्छ, र यसरी उसले यस सेवाको काम र प्रेरितको काममा प्रवेश गर्न सकोस्” भनेर २५ औं पदमा भनिएको छ । पत्रुसको उक्साहटमा मानिसहरू र भाइहरूले एक जना व्यक्तिलाई बिशपको सेवामा नियुक्ति गर्ने र सेवकाइमा भाग लिने अधिकार प्रयोग गरे । प्रेरितीय मण्डलीमा, मानिसहरूले मत्तियासलाई सेवक, बिशप र प्रेरितको रूपमा नियुक्त गरे । प्रेरित १४:२३ मा अभिलेख गरिएको मामला, उही प्रभावको लागि हो यद्यपि, गलत अनुवादबाट अंग्रेजी पाठकमा यसको बल हराएको छ । अथोराइज्ड भर्सनले (आधिकारिक संस्करणले) प्रत्येक मण्डलीमा नियुक्त भएका एल्डरहरूको प्रतिनिधिको रूपमा, दुई प्रेरितहरू, बर्नाबास र पावललाई प्रस्तुत गर्दछ । जब कि मौलिक शब्दको साँचो अर्थ “हात देखाएर चुनाव गर्नु” भन्ने हुन्छ-यो तथ्य अहिले उत्कृष्ट प्रदर्शनकर्ताहरूले स्वीकार गरेका छन् । हामीले एउटा महत्वपूर्ण तथ्यको लागि ईश्वरशास्त्रको गवाहीलाई लुट्ने त्रुटिपूर्ण अनुवादलाई अनुमति दिनु हुँदैन, अर्थात्, नयाँ करारको मण्डलीका एल्डरहरू लोकप्रिय भोटद्वारा सेवामा नियुक्त भएका थिए ।

प्रेरितको छैटौँ अध्याय अर्को विचारमा आउँछ। त्यहाँ अभिलेख गरिएको कथाले सन्दर्भ गरेको अवधिमा, यरूशलेममा चेलाहरू धेरै सङ्ख्यामा बढेका थिए । ग्रिसेलीहरूले हिब्रूहरू विरूद्ध कसरी तिनीहरूका विधवाहरूलाई दैनिक सेवाहरूमा बेवास्ता गरिएको थियो भनेर गुनासो गर्न थालेका थिए। अहिलेसम्म बाह्र जनाले मात्रै गरिबहरूको आवश्यकतालाई ध्यान दिएका थिए । तर तिनीहरूका हातहरू एकै समयमा अन्य कामहरूले पनि भरिएका थिए र यति भीडको बीचमा कसैलाई बेवास्ता हुनु अचम्मको कुरो होइन, न त मानव स्वभावलाई विचार गरेर ल्याउँदा, कसैले गनगन गर्न पाएको बेलामा पनि, यो धेरै अचम्मको कुरा नै हुन सक्छ, तापनि प्रेरितहरूले उनीहरूले पाएको जिम्मेवारीहरूलाई राम्रोसँग व्यवस्थापन गरेकै थिए। अब के गर्नुपर्ने थियो त ? कार्यालयको विभाजन गर्नु मुख्य रूपमा आवश्यक थियो। तर के प्रेरितहरूल आफैले समुदायको अस्थायी आवश्यकताहरू पूरा गर्ने जिम्मेवारीलाई सुम्पिने व्यक्तिहरू छनौटे गर्नुपर्ने थियो त ? यदि तिनीहरूले त्यसो गरेका भए, थोरैले मात्र आफ्नो अधिकारको विरोध गर्नेछन् वा प्रेरितहरूलाई निरङ्कुश वा अनुचित अख्तियारको प्रयोगको साथ चार्ज गर्ने प्रयास गर्नेछन् । तर यसको सट्टा तिनीहरूले अरू कुनै सिद्धान्तमा हामीलाई जवाफदेही नभएको कार्यविधि अपनाए, कि उनीहरूले आफूलाई हटाउने बेला पदाधिकारीहरूको नियुक्तिमा मण्डलीलाई मार्गदर्शन गर्ने तरिकाले त्यस मुद्दालाई जानाजानी व्यवस्थित गरे । यसरी उनीहरूले भविष्यका युगहरूको लागि उदाहरण बनाउँछन्। प्रेरितहरूले भीडलाई एक साथ बेलाए र घटनाको व्याख्या गरिदिए । तिनीहरूले सेवकहरूको रूपमा उनीहरूको उपयुक्त काम परमेश्वरको वचनसँग भएको बताइदिए। उनीहरूले लौकिक चिन्ताहरूमा आफूलाई लगाएर आत्मिक क्षेत्रका कुराहरूलाई बेवास्ता गर्नु अव्यवहारिक भएको कुरा जाहेर गरे । तिनीहरूले भाइहरूलाई तिनीहरूका आफ्नै बीचबाट असल चरित्र भएका, बुद्धिले भरिएका र परमेश्वरका आत्माद्वारा वरदान पाएका, यो धर्म निरपेक्ष कामको जिम्मा लिन सक्ने सात जना पुरुषहरूलाई छान्नका लागि भने, जसले गर्दा तिनीहरूले प्रेरितहरूलाई त्यहाँ उपस्थित हुनबाट स्वतन्त्र हुन र विशेष गरेर तिनीहरूको आफ्नै सेवाकार्यमा अर्थात, प्रार्थना र वचनको सेवामा लागिरहनका लागि

छोडिदिन सक्ने थिए । "अनि यो कुरा समूहका सबैलाई मन पऱ्यो, त्यहाँ भेला भएका सबैलाई असल लाग्यो, तिनीहरूले पवित्र आत्मा र विश्वासले भरिपूर्ण भएका स्तिफनस, फिलिप, प्रखरस, निकनोर, तीमोन, पर्मिनास र एन्टिओखियाका यहूदी मत मान्ने निकोलाउसलाई छाने । तिनीहरूले यी मानिसहरूलाई प्रेरितहरूका सामुन्ने ल्याए र प्रेरितहरूले प्रार्थना गरे र यिनीहरूमाथि आफ्ना हात राखे" (प्रेरित ६:५-६) । यस अवसरमा भीडले रोजेका सात जना मानिसहरू पहिलो डिकन थिए । यद्यपि ईश्वरशास्त्रमा यसो नभनिएको भए तापनि, तिनीहरू लगभग विश्वव्यापी सहमतद्वारा त्यस्ता भएको स्वीकार गरिन्छ । त्यसकारण प्रेरितीय मण्डलीमा सबैभन्दा तल्लो पदाधिकारीहरू मानिसहरूद्वारा छानिएका थिए ।

त्यसपछि, यहाँ तीनवटा स्पष्ट तथ्यहरू छन्, जुन सिद्धान्तको आधार हुन पूर्ण रूपले पर्याप्त छन् । प्रेरितको पहिलो अध्यायले हामीलाई भेला भएका मानिसहरू र  भाइहरूलाई पदमा नियुक्त गर्ने एउटा उदाहरण प्रदान गर्दछ जो एक प्रेरित र सेवक दुवै थिए । चौधौँ अध्यायले मण्डलीका एल्डरहरू लोकप्रिय मताधिकारद्वारा छानिएका थिए भन्ने देखाउँछ । छैटौँ अध्यायले चेलाहरूको पूरै भीडको उदाहरणलाई प्रस्तुत गर्दछ जसले सात जनालाई डिकन हुन रोजेको छ । स्पष्ट र अपरिहार्य यी तीन तथ्यहरूमा हामीले लोकप्रिय चुनावको सिद्धान्त फेला पार्यौं । यस प्रमाणबाट पछ्याइएको निष्कर्ष, हामी यसलाई बेवास्ता गर्न बिल्कुल रूपमा असम्भव पाउँछौं अर्थात प्रेरितीय मण्डलीमा पदाधिकारीहरू मानिसहरूद्वारा चुनिएका थिए ।

## दोस्रो सिद्धान्त

प्रारम्भिक मण्डलीमा अवस्थित पदाधिकारीहरूको एउटा वर्ग प्रायः उल्लेख गरिएको छ र जसको बारेमा हामीले थोरै मात्र सङ्केत गरेका छौं । हाम्रो आशय जसरी उनलाई बारम्बार एल्डर वा प्रेस्बिटेर भनेर भनिएको छ । यो मण्डलीको अधिकारीको बारेमा अक्सर गरेर प्रेरितको पुस्तक र पत्रहरूमा उल्लेख गरिएको छ तर एउटा सचेत पाठकले ईश्वरशास्त्रको कुनै पनि खण्डले उनलाई विशपभन्दा फरक पद धारण गरेको छ भनेर भन्दैन भनी टिप्पणी गर्न

असफल हुनेछैन । एउटै पदले विशप र एल्डरहरूको बारेमा कहिल्यै बोल्दैन । उदाहरणका लागि, जब पावलले फिलिप्पीको मण्डलीलाई १:१) लेख्छन्, त्यहाँ उनले विशपहरू र डिकनहरू भनी उल्लेख गर्छन्, तर एल्डरहरूको बारेमा उनले केही पनि भनेका छैनन् । जब याकूबले बिरामीहरूलाई मण्डलीका एल्डरहरूलाई (५:१४) बोलाउनका लागि निर्देशन दिन्छन्, त्यहाँ उनले विशपहरूको बारेमा केही पनि बोल्दैनन् ।

यदि विशप र एल्डरका कार्यालयहरू एकदम भिन्न थिए भने यदि एक विशप एल्डरहरूको सङ्ख्यामा शासन गर्ने पदाधिकारीहरू थिए भने, धर्मशास्त्रको कुनै पनि खण्डले विशपहरू र एल्डरहरूको बारेमा एकैपल्ट बोल्दैन भन्ने कुरो अनौठो लाग्छ । त्यहाँ एउटा अनुमान छ र केवल, जसले यस तथ्यको लागि सन्तोष जनक कारण प्रस्तुत गर्दछ । यदि दुई सर्तहरू एउटै सेवाको फरक नामहरू हुन् भने, विशप र एल्डरहरूको कुरा गर्नु भाषिक नियमको उल्लङ्घन गरेसमान हुनेछ, यो पुनरूक्त हुनेछ, यो प्रस्बिटेर, एल्डरहरू वा विशपहरू र विशपहरूको कुरा गर्नु समान कुरा हुनेछ । यी दुई सेवाका क्षेत्रहरूमा परमेश्वरको वचनको एउटै खण्डमा सँगै उल्लेख गरिएको छैन भन्ने महत्वपूर्ण तथ्यको लागि पर्याप्त रूपमा समान विवरणहरू थिए भन्ने मान्न कुनै एक पद पदाधिकारीले अभिप्रेरित गरेको सङ्केत गर्न पर्याप्त भएकोले गर्दा अर्कोलाई एकै समयमा परिचय गराउन आवश्यक थिएन भन्ने कुरा स्पष्ट हुन्छ ।

अझै पनि त्यहाँ दुई शब्दहरू एउटै व्यक्तिको लागि केवल फरक नाउँहरू मात्र थिए भनी हामीलाई पक्का गर्नका लागि फगत अनुमानभन्दा बलियो आधार हुनुपर्दछ । जतिसुकै असम्भव देखिए तापनि यो अझै पनि सम्भव छ कि यी दुई, विशप र एल्डर फरक फरक पदाधिकारीहरू थिए यद्यपि एउटै खण्डले ती दुबैको बारेमा बोल्दैन । यस प्रश्नको बारेमा ईश्वरशास्त्रबाट अझै खोज गर्नका लागि यसले हामीलाई बाध्य बनाउँछ ।

हाम्रो सामुन्ने आएको पहिलो खण्ड तीतस १:५-७ हो: "यसैकारण तिमीलाई मैले क्रेटमा छोडेँ, कि मैले तिमीलाई अह्राएबमोजिम तिमीले त्यहाँ अपूरा कुराहरू पूरा गर्नू र हरेक सहरमा एल्डरहरू नियुक्त गर्नू । एल्डर एउटै स्त्रीको

पति र दोषरहित र यस्तो व्यक्ति होस्, जसका छोराछोरीहरू विश्वासी होऊन् र चरित्रहीन र अनाज्ञाकारी नहोऊन् । किनभने परमेश्वरका सेवक हुनुपर्ने हुनाले बिशप चाहिँ दोषरहित हुनुपर्छ । तिनी हठी वा झट्टै रीस गर्ने वा मतवाला वा झगडालु वा धनको लोभी हुनुहुँदैन ।" यस खण्डले पहिले नै गरिएको अनुमानको सत्यतालाई दृढतापूर्वक पुष्टि गर्दछ, कि ती दुई कार्यालयहरू समान थिए । यस्तो देखिन्छ कि पावलले प्रत्येक सहरमा एल्डरहरू नियुक्त गर्न क्रेटमा तीतसलाई आफ्नो पछि छोडेका थिए । यस कर्तव्यलाई निर्वाह गर्ने कुरामा उनलाई मार्गदर्शन गर्न, प्रेरितले एल्डरको योग्यताहरू के के हुन् भनी बताउनलाई अगाडि बढ्दछन् । मण्डलीको कुनै पनि निजी सदस्य उसको निर्दोष जीवन, एउटै पत्नीको पति र आज्ञाकारी छोराछोरीहरू भएको मानिसदेखि बाहेक त्यस पदका लागि योग्य थिएन; "किनकि" उनी भन्छन्, "परमेश्वरका कारिन्दा हुनुपर्ने हुनाले बिशप चाहिँ दोषरहित हुनुपर्छ ।" डा. किङ्गले यस खण्डलाई राम्रोसँगले अवलोकन गरेका छन्, "सुरूमा प्रयोग गरेको एल्डर शब्दलाई अन्तमा विशप शब्दको लागि साटासाट गरिएको छ, जब कि त्यहाँ एउटै पदाधिकारीको बारेमा कुरा गरिएको छ । एल्डरसँग यस्तो र त्यस्तो योग्यता हुनुपर्छ । किन ? किनभने विशप चाहिँ परमेश्वरको सेवकको रूपमा निर्दोष हुनुपर्छ । के यसले एल्डर र विशपको पहिचान गर्दैन ? यदि गर्दैन भने, पहिचान असम्भव छ । के लन्डनका लर्ड मेयरले आफ्नो कर्तव्यमा आफूलाई समर्पण गर्नुपर्छ, यस्तो सहरको मुख्य न्यायाधिसको ठूलो जिम्मेवारी छ, लर्ड मेयर र मुख्य दण्डाधिकारी एउटै पदाधिकारी थिए भन्ने भाषाले यसलाई बोक्न सक्दैन ? अन्यथा, प्रतिनिधित्व बेतुका हुनेछ; अरू कसैको ठूलो जिम्मेवारी हुँदाहुँदै मेयरले आफ्नो कर्तव्यमा किन समर्पित हुनुपर्ने ? तर पनि यस तुलनामा मेयर र दण्डाधिकारीलाई पावलले तीतसलाई दिएको निर्देशनमा एल्डर र विशपभन्दा बढी चिनिएको छैन ।" यो ९१६ जना मानिसलाई स्पष्ट हुनुपर्दछ कि प्रेरितले असल नैतिक चरित्र भएका मानिसहरूलाई एल्डरको कार्यालयमा नियुक्त गर्ने कारणको रूपमा कहिल्यै बताउँदैनन्, कि उही कार्यालयको लागि एल्डर र विशप केवल फरक पदहरू मात्र थिए भनेर यदि उनले बुझेका

थिएनन् भने, विशप निर्दोष हुनुपर्छ । अरू कुनै अनुमानमा, प्रेरितको भाषा सुसंगत बिहिन र अर्थ बिहिन हुनेछैन ।

फेरि, हामी २ यूहन्ना १ मा फर्कन्छौँ र हामी त्यहाँ पाउँछौँ कि कसरी प्रेरित यूहन्नाले आफूलाई एल्डरको शैलीमा "एल्डरबाट चुनिएकी महिला र तिनका छोरा- छोरीहरूलाई, जसलाई म साँचो प्रेम गर्दछु र मैले मात्र होइन र सत्यलाई चिन्ने सबैले पनि प्रेम गर्दछन्" आफूलाई प्रस्तुत गर्दछन् । अर्को १ पत्रुस ५:१ आउँछ र प्रेरित पत्रुसले आफैँलाई एल्डर भनेको कुरा हामी त्यसमा पाउँदछौँ, "ख्रीष्टको कष्टको साक्षी र प्रकट् हुने महिमाको सहभागी भएको नाताले र एक सङ्गी-एल्डरको हैसियतले तिमीहरूमध्येका एल्डरहरूलाई म आग्रह गर्दछु.....।" यूहन्ना र पत्रुस दुवै जना विशप थिए भनेर सबैले स्वीकार गर्छन् तर यी खण्डहरूले तिनीहरू एल्डर पनि थिए भनेर देखाउँछन् । जेभए तापनि, यसले हामीलाई निष्कर्षमा पुग्नका लागि एक कदम मात्र ल्याउँछ । हरेक जनरल एउटा अधिकारी हो भन्ने कुरा साँचो हुन सक्छ तर यसबाट हरेक अधिकारी जनरल हो भन्ने कुरालाई पछ्याउँदैन । एक विशप यूहन्ना र पत्रुस जस्तै, एक एल्डर हुन सक्छ तर एल्डर एउटा विशप हो भन्नु आवश्यक हुँदैन । यो सत्य हुन सक्छ तर हामीले यस्तो निष्कर्षमा पुग्नु भन्दा अगाडि हामीलाई अरू थप प्रमाण पनि चाहिन्छ । हामीले जतिसक्दो पूर्ण रूपमा चाहना गर्न सक्ने यो कुरा प्रेरित २०:१७-२८ मा छ । पावलले एफिससको मण्डलीका एल्डरहरूलाई मिलेटसमा भेट्न कसरी पठाए भनेर हामीले त्यहाँ पढ्यौं । उनले तिनीहरूको सहरमा आफ्नो सेवकाइको बारेमा कुरा गरेका थिए, उनको प्रचारको ठूलो विषयवस्तु भनेको परमेश्वरप्रति पश्चात्ताप गर्नुपर्छ र प्रभु येशू ख्रीटमा विश्वास गर्नुपर्छ भन्ने थियो । तिनले यरूशलेम र अन्य ठाउँमा आफूलाई पर्खिरहेका दुःखकष्टहरूबारे भविष्यवाणी गरे र तिनीहरूले उनको अनुहार अब देख्न पाउने छैनन् भनी उनीहरूका हृदयलाई दुःखित बनाइदिए । अनि उनले आफूलाई र पवित्र आत्माले तिनीहरूलाई पर्यवेक्षकहरू अर्थात् विशपहरू बनाएको तिनीहरू तिनीहरूलाई बगालको हेरचाह गर्नका लागि चेतावनी दिए, जसरी यो शब्द अन्यत्र अनुवाद गरिएको छ । मूल शब्दसँग परिचित प्रत्येक पाठकलाई प्रेरित २०:२८ मा अनुवाद गरिएको पर्यवेक्षकहरू,

फिलिप्पी १:१ मा अनुवाद गरिएको विशपहरू जस्तै हो भनेर थाहा छ, त्यसैले हामीसँग यहाँ प्रेरणाको प्रमाण छ, कि एफिससका एल्डरहरू पवित्र आत्माको नियुक्तिद्वारा भएका विशपहरू थिए । यसले तर्कको श्रृङ्खलालाई बलियो र निर्णायक बनाउँछ । विशपहरू नै एल्डरहरू थिए भनेर हामीले देखे अनुसार अहिले एल्डरहरू विशपहरू थिए भनी हामी देख्दछौं । प्रेरितीय मण्डलीमा विशप र एल्डरका सेवाका क्षेत्रहरू समान थिए भन्ने सिद्धान्तको लागि यसले हामीलाई अगुवाई गर्दछ । एल्डर विशपभन्दा कम थिएनन्, न त विशप एल्डरभन्दा उच्चका थिए । तिनीहरु विभिन्न नाउँद्वारा चिनिने एउटै पदाधिकारी थिए ।

हामी सिद्धान्त वा नैतिकताको कुनै पनि प्रश्नमा एडवर्ड गिब्बोन जस्ता व्यक्तिको विचारलाई धेरै महत्व दिने पक्षमा छैनौं तर ती प्रतिष्ठित इतिहासकार तथ्यसँग जुध्न सक्षम थिए र जुनसुकै धार्मिक व्यवस्थाको पक्षमा पूर्वाग्रहरहित भएर यस किसिमको मुद्दामा निष्पक्ष न्याय गर्ने हैसियतमा भएका एक ब्यक्ति थिए भनेर उनको बारेमा सुनिएको थियो । नाइसियाको परिषद् भन्दा पहिले मण्डलीको विधि र प्रशासनको बारेमा बोल्दै उनी भन्छन्, "धर्मको सार्वजनिक कार्यहरू केवल मण्डलीका स्थापित सेवकहरू, विशपहरू र प्रेस्बिटेरहरूलाई सुम्पिएको थियो; दुई अपीलहरू जुन एउटै कार्यालय र व्यक्तिहरूको एउटै क्रम छुट्याउन तिनीहरूको पहिलो शुरूवातमा देखा पर्दछन् । प्रेस्बिटेरको नाम तिनीहरूको उमेर वा तिनीहरूको गुरूत्वाकर्षण र बुद्धिको अभिव्यक्ति थियो । विशपको उपाधिले ख्रीष्टियनहरूको विश्वास र आचरणमा भएको उनीहरूको निरिक्षणलाई जनाउँछ जो तिनीहरूको पाष्टरको हेरचाहमा समर्पित थिए ।"

## तेस्रो सिद्धान्त

प्रेस्बिटेर र विशप तिनीहरूको पहिलो सुरूवातमै, मण्डलीको एउटै पदाधिकारीका लागि प्रयोग गरिएका फरक नामहरू थिए भनेर अब हामीले पत्तो लगाएको कुरालाई बिर्सनु हुँदैन । प्रेरितीय मण्डलीमा विशपहरू, एल्डरहरू थिए र एल्डरहरू, विशपहरू थिए भनी हामीलाई सन्तुष्ट पार्ने कुरा ईश्वरशास्त्रमा पर्याप्त रूपमा पाइन्छ । त्यसकारण, हामी तेस्रो सिद्धान्तको

खोजिमा अगाडि बढ्दा, यस तथ्यलाई पूर्णरूपमा प्रमाणित भएको मान्न आवश्यक हुन्छ ।

प्रेरितको चौधौँ अध्यायले पावल र बर्नाबासको मिसनरी यात्राको वर्णन गर्दछ । तिनीहरूलाई आइकोनियममा ढुङ्गा हानेर मार्ने प्रयास गरिएको थियो तर तिनीहरू भागेर लिस्त्रा र डर्बीमा गए । जब पावलले लाइकोनियामा एउटा लङ्गडालाई हिँड्ने र उफ्रने बनाइदिए । बृहस्पतिका पूजाहारीले गोरूहरू र मालाहरू ढोकाहरूमा ल्याए र तिनीहरूको मूर्तिपूजक अज्ञानताका मानिसहरूलाई ती दुई प्रचारकहरूलाई ईश्वरीय सम्मान दिनबाट केही कठिनाइले गर्दा रोकिएको थियो । तर भीडका भावनाहरू यति चञ्चल छन् कि, केही समयपछि, महान् प्रेरितलाई त्यही ठउँमा ढुङ्गाले हानेर झण्डै मारिएको थियो जहाँ उनलाई लगभग देवताको रूपमा पुज्नै लागिएको थियो । केवल आफ्नो ज्यान मात्रै जोगाएर पावल र उनका साथी भागेर डेर्बे, लिस्त्रा, आइकोनियम र एन्टिओकमा गए, त्यहाँ तिनीहरूले सुसमाचार प्रचार गर्दै, चेलाहरूको आत्मालाई पुष्टि गर्दै र उनीहरूलाई विश्वासमा निरन्तर बढिरहनका लागि आग्रह गरे । अनि पवित्र इतिहासकार, यो सुसमाचारको यात्राको कथामा, हामीलाई यो महत्वपूर्ण तथ्यको बारेमा सूचित गर्दछन्, कि तिनीहरूले प्रत्येक मण्डलीमा एल्डरहरू नियुक्ति गरे । उनी लेख्छन, “अनि जब तिनीहरूले उनीहरूको हरेक मण्डलीमा एल्डरहरू नियुक्त गरे, तब प्रार्थना र उपवाससहित उनीहरू आफूले विश्वास गरेका प्रभुको जिम्मामा उनीहरूलाई सुम्पिदिए” (प्रेरित १४:२३) भन्ने थिए । हामीले पहिले नै देखेका छौँ कि ईश्वरशास्त्रमा मण्डलीले खीष्टियनहरूको कुनै पनि सभालाई सङ्केत गर्दछ, चाहे त्यो ठूलो होस् वा सानो नै किन नहोस् । जुनसुकै सहरमा बसोबास गर्ने विश्वासीहरूलाई जुनसुकै ठूलो वा जुनसुकै गाउँमा, जतिसुकै सानो भए पनि, त्यस ठाउँको मण्डली भन्ने आदिम चलन थियो । खीष्टियन सम्प्रदायका अग्रजहरूले अन्यजातिहरूबाट सङ्कलन गरेका, कठिनाईको सामना गर्दै सङ्गठित र धम्कीले पतन भएका यी धेरै जमातहरू सङ्ख्याको हिसाबले कमजोर हुनुपर्छ । तैपनि, सङ्ख्यामा थोरै भए पनि, प्रत्येक समाजमा एल्डर वा विशप नियुक्त गर्दा दुई प्रेरितहरू सन्तुष्ट थिएनन् तर हामीलाई पवित्र आत्माले

सिकाउनु भएअनुसार, तिनीहरूले प्रत्येक मण्डलीमा एल्डरहरू नियुक्त गरेका थिए। यदि त्यसोभए, पवित्र आत्माले उत्प्रेरित गरे अनुसार बोल्ने प्रचारक लूका साँचो साक्षी हुन् भने, प्रेरितीय मण्डलीको प्रत्येक मण्डलीमा एक भन्दा बढी एल्डरहरू थिए। कति जना, एक जना, दुई जना, तीन जना वा त्यो भन्दा बढी कति थिए भनेर हामीलाई जानकारी छैन तर प्रत्येक मण्डलीमा एल्डरहरूको बाहुल्यता थियो भन्ने कुरा चाहिँ स्पष्ट नै छ।

हामी फेरि एक पटक प्रेरितको बीसौँ अध्यायमा जान्छौँ। यहाँ पावल ग्रीसबाट यरूशलेम जाँदै गरेको यात्राको वर्णन गरिएको छ। त्रोआसमा एक हप्ता रोकिएपछि, पेन्तिकोसको दिन अगाडि नै यहूदीहरूको राजधानी पुग्ने प्रयास गर्दै, कहिले समुद्री र कहिले जमिनको बाटो भएर, उनी आफ्नो अगाडिको बाटोमा लागे। एफिससबाट छत्तीस किलो मिटर दक्षिणमा रहेको लोनियाको बन्दर्गाह मिलेटसलाई छोएपछि, उनले मण्डलीका एल्डरहरूका लागि त्यस सहरमा सन्देश पठाए। उत्साहका वचनहरू “तिनले मिलेटसबाट एफिससमा मानिस पठाएर मण्डलीका एल्डरहरूलाई बोलाइपठाए” (प्रेरित २०:१७) भन्ने हुन्। यसबाट, यो देखिन्छ कि एफिससको मण्डलीमा एक जना एल्डरमात्र थिएनन् तर धेरै थिए र पद २८ मा, यसका एल्डरहरूलाई विशप भनिन्छ भनेर हामीले पहिले नै देखिसकेका छौँ। जबसम्म भाषाको कुनै अर्थ हुँदैन र ईश्वरशास्त्रका भनाइहरू सिबिलका पातहरूझैँ बुझ्न नसकिने भएसम्म, एफिससको मण्डलीमा एल्डरहरू वा विशपहरूको बाहुल्यता थियो।

अझ अगाडि भन्नुपर्दा, फिलिप्पी प्राचीन थ्रैसको सिमानामा रहेको सहर थियो। प्रतिष्ठित पाठकका लागि  यो त्यो ठाउँको रुपमा चिनिन्छ जहाँ संसारको साम्राज्यको लागि, अगस्टस र एन्थोनीले ब्रुटस र क्यासियसबाट पहिले नै तय गरिएको युद्धमा लडेका थिए; ख्रीष्टियनहरूका लागि यो युरोपमा पहिलो स्थानको रूपमा उल्लेखनीय छ, जहाँ क्रूसको झण्डा फहराइएको थियो र पापीहरूले येशूको सुसमाचार सुनेका थिए। त्यहाँ बैजनी बेच्नेको हृदय पावलका कुराहरुमा ध्यान दिनका लागि खोलियो।

यो त्यहीँ भएको थियो, जहाँ पावल र सिलासलाई उनीहरूले जोखाना हेर्ने र भविष्य बताउनेकोबाट आत्मा निकालेको कारणले गर्दा दण्डाधिकारीद्वारा उनीहरूलाई पिटिएको थियो र उनीहरूका खुट्टा ठिँगुरोमा हालिएको थियो । त्यहाँ रातको अन्तिम घडीमा, जब झ्यालखानाको जग हल्लियो र झ्याखानाको प्रत्येक ढोका उघारियो र हरेक मानिसको साङ्ला आफ्नो पाखुराबाट खसे अनि झ्याखानाका पहरेदारले "महासयहरू, मैले उद्धार पाउनलाई के गर्नुपर्छ ?" भनेर परमेश्‍वरका सेवकलाई एउटा पापीले सधैँ सौध्ने गरेको प्रश्‍न आफ्ना दुई जना कैदीहरूलाई सोधे । फिलिप्पीको यस नगरमा, कडा विरोधको सामना गर्दागर्दै पनि एउटा मण्डली सङ्गठित गरिएको थियो र पावलको पहिलो भ्रमणको करिब दश वा बाह्र वर्षपछि, उनले यस मण्डलीलाई सम्बोधन गरेर पत्र लेख्नका लागि उचित ठाने । यो पत्र सुरक्षित राखिएको छ । यसले परमेश्‍वरको वचनमा स्थान पाउँछ । यो हामीले फिलिप्पीहरूलाई लेखिएको पत्र भनेर चिन्दछौँ । एउटा प्रेरितले लिडिया र झ्यालखानका हाकिमको नामहरूको भूमिकालाई शिर्षस्थानमा राखेर मण्डलीलाई के लेख्न उचित ठानेर लेखेका रहेछन् भनी जो कसैलाई पनि जिज्ञासा हुन्छ । अपेक्षा गरिएअनुसार, यो बहुमूल्य र सान्त्वनाका सत्यहरूले पुरै भरिएको छ तर अहिलेको हाम्रो उद्देश्यको लागि अझ बढी कुरा के हो भने, हामी पहिलो अध्यायको पहिलो पदमा यी वचनहरू पाउँदछौँ: "ख्रीष्ट येशूका दासहरू पावल र तिमोथीबाट, ख्रीष्ट येशूमा फिलिप्पीमा भएका निरीक्षकहरू (विशपहरू) र डिकनहरूसाथै सबै सन्तहरूलाई ।" निस्सन्देह, फिलिप्पी एक उल्लेखनीय सहर थियो तर जनसङ्ख्या र महत्वको हिसाबले, यो डब्लिन वा लिभरपुल जस्तो सहरको लागि एक पुरोहित्य प्रदेशलाई धार्मिक प्रदेश बनाउनु भन्दा बढी थिएन । तै पनि, आधुनिक समयमा, एउटा विशप लण्डनको लागि पनि पर्याप्त मानिन्छ, जहाँ ख्रीष्टियनहरूको बाहुल्यताको दाबी गर्नेहरूको सङ्ख्या लाखौँ छ, जब कि एउटै ख्रीष्टियन मण्डलीले गैरकानूनी जनसङ्ख्याबाट भेला भएको, केवल दश वा बाह्र वर्षसम्म मण्डलीको अस्तित्व राखेकोमा उपेक्षित र दुःखको सामना गर्नु परेको छ र ख्रीष्टको खातिर, म्यासेडोनियाको बाहिरी भागमा अवस्थित एक घृणित सहरमा विशपहरूको

बाहुल्यता थियो । पावलले त्यस मण्डलीलाई पत्र लेखेर आफ्नो पत्र विशप र डिकनहरूलाई भनेर सम्बोधन गर्दछन् ।

हामीले जुन धरातललाई पार गरेर आयौँ, त्यहाँ पुनः हेर्नका लागि निष्कपट पाठकहरूलाई दिनुहोस् । उसले देख्नेछ कि पावलले फिलिप्पीको मण्डलीमा विशपहरूलाई सम्बोधन गरेर आफ्नो पत्र लेखेका थिए । पावलले तिनीहरूका लागि मिलेटसमा पठाउँदा त्यहाँ एफिससको मण्डलीमा एल्डरहरू थिए । बर्नाबास र पावलले हरेक मण्डलीमा एल्डरहरू नियुक्त गरेका थिए भनी उनले पत्ता लगाए । प्रेरितीय दिनहरूमा, प्रत्येक मण्डलीमा एल्डरहरूको बाहुल्यता थियो, अथवा, हामीले एउटै कुरा, विशपहरूको बाहुल्यता देखेका छौँ भन्ने निष्कर्षको प्रतिरोध गर्न कसरी सम्भव छ ? यसले हामीलाई प्रत्येक मण्डलीमा एल्डरहरूको बाहुल्यता थियो भनेर प्रेरितीय सेवाकाईको तेस्रो सिद्धान्तमा लैजान्छ ।

## चौथो सिद्धान्त

अभिषेक भनेको कुनै व्यक्तिमाथि हात राखेर मण्डली प्रशासनको काम गर्नका लागि उक्त व्यक्तिलाई दिइएको एउटा गम्भीर पद हो । मण्डलीमा कुनै स्थायी पदाधिकारी, चाहे विशप होस् वा डिकन होस्, उसलाई यही अभिषेकको कार्यद्वारा उसको जिम्मेवारीमा गम्भीरतापूर्वक अलग गरिएको हुन्थ्यो । यसको बाहिरी रूपमा यसमा उपवास, प्रार्थना र हात रखाई गरी तीन कुराहरू समावेश गरिएको हुन्थ्यो । आत्मिक वरदानहरू प्रदान गर्दा हात राख्ने कार्यको प्रयोग हुने गर्दथ्यो (प्रेरित ८:१७; १९:६) र बिरामीहरूलाई आश्चर्यकर्म गरेर निको पार्ने काम गर्दा पनि यो कुराको अभ्यास गर्ने गरिन्थ्यो (मर्कूस १६:१८; प्रेरित ९:१७; २८:८०) । तर त्यस्ता सबै मामलाहरूबाट फरक, मण्डलीका पदाधिकारीहरूको अभिषेकमा हात राख्ने कामको प्रयोग गरिन्थ्यो र जब कुनै असाधारण वा चमत्कारी वरदानहरू भने दिइएको थिएन (प्रेरित ६:६; १३:१-३; र १ तिमोथी ४:१४; ५:२२) । अतः किन अभिषेकहरूमा आश्चर्यकर्मको लागि निकालिएका शक्तिहरूको अभ्यास गर्ने कुरालाई अलग राख्नुपर्छ भन्ने कुराको लागि कुनै वैध कारण हुन सक्दैन; त्यस्ता अवस्थामा पवित्र आत्मा प्रदान गर्नका

लागि हात राख्ने माध्यम कहिल्यै थिएन र मण्डलीको सेवाका क्षेत्रहरू लगानी गर्ने रूप मात्र थियो । अभिषेक सम्बन्धि एउटा ठूलो प्रश्न के हो भने, के यो एक जना व्यक्ति वा त्यो भन्दा धेरै जना व्यक्ति,  एक जना एल्डर वा धेरै जना एल्डरहरूको, एक विशप वा एक प्रेस्बिटेरीको कार्य हो ?

कि प्रभु येशूले कुनै पनि कामदारलाई विशेष रूपमा बोलाउनु हुँदछ र उसलाई आफ्नो दाखबारीमा काम गर्नका लागि पठाउनु हुँदछ भने, त्यसमा कुनै विवाद छैन । यदि प्रेरणा भएको त्यो महान् प्रेरित पृथ्वीमा अझै पनि हुनु भएको भए, यदि उहाँले त्यसै गर्न उचित ठान्नु भएको भए, उहाँ एक्लैले नियुक्त गर्ने वा अभिषेक गर्ने अधिकार उहाँलाई हुने थियो भन्ने कुरामा थोरै मात्र पनि शङ्का हुन सक्छ । होइन, यदि एक प्रेरितले तीतसलाई एक विशेष उद्देश्यको लागि पछाडि छोडेकोझैँ उच्च शक्तिमा आफूलाई दिइएको अधिकारको आधारमा छोडेको भए, कुनै आधुनिक प्रचारकले पनि तीतसले जस्तै नियुक्ति वा अभिषेक गर्ने विशेष अधिकार पाएका थिए भनेर देखाउन सक्थे (तीतस १:५) । त्यसैकारण, प्रचारकले गरेको सबै काम गर्ने अधिकार दाबी गर्ने जो कोहीले, यदि प्रेरित होइन भने, उनीसँग तीतसलाई झैँ एक प्रेरितद्वारा दिइएको अधिकार छ भनेर देखाउन आवश्यक हुन्छ । तर यहाँ हरेक मण्डलीमा हरेक नेतृत्व असफल भएको हुनुपर्छ । यसैले, हामीले प्रेरितहरूको अनुपस्थितिमा वा प्रेरितहरूद्वारा प्रत्यायोजित व्यक्तिहरूलाई, अरूलाई मण्डलीको पदमा गम्भीर रूपमा अलग गर्ने विशेष अधिकार पाएको यो व्यक्ति को थियो भनेर र एउटा व्यक्तिलाई वा त्यो भन्दा धेरै व्यक्तिलाई विशेष गरेर यो शक्ति कसलाई दिइएको थियो भनेर पत्ता लगाउन हामी ईश्वरशास्त्रलाई जाँच गर्छौं ।

पहिले, हामी १ तिमोथी ४:१४ मा फर्किन्छौं, त्यहाँ तिमोथीको नियुक्ति वा अभिषेकको बारेमा कुरा गरिएको छ । त्यहाँ प्रेरितले विश्वासमा आफ्नो छोरालाई सुम्पिदिएको सेवकाइको वरदानलाइ असल उद्देश्यका लागि प्रयोग गर्नका निम्ति आग्रह गर्दछन् । उनले यो वरदान, जो आत्मिक वरदानहरूको त्यस युगमा असङ्ख्य थिए, अगमवक्ताहरूका केही सूचनाहरूको परिणामस्वरूप उनलाई एक प्रख्यात सेवकको रूपमा चिन्ह लगाउँदै, भविष्यवाणीद्वारा दिइएको हो भनी बताउँछन् । उनी थप्छन् कि यो वरदान प्रेस्बिटेरहरूले हात राखेर

प्रदान गरिएको थियो, जुन प्रेस्बिटेर  वा एल्डरहरूले उनीहरूको सामूहिक क्षमतामा गरेका थिए। प्रेरितले भनेका वचनहरू यि नै थिए, “तिमीसँग भएका वरदानको अवहेलना नगर, जुन वरदान एल्डरहरूले तिनीहरूका हात तिमीमाथि राख्दा अगमवाणीद्वारा तिमीलाई मिलेको थियो।” यि वचनहरू त्यस अभिषेकको बेला भेला भएका मानिसहरूको लागि निर्णायक छन् जोहरूसँग अभिषेकका लागि अधिकार छ।

फेरि, हामी प्रेरित १३:१-३ मा फर्कन्छौं । यस्तो देखिन्छ कि, एन्टिओकको मण्डलीमा, त्यहाँ केही अगमवक्ताहरू र शिक्षकहरू थिए जसको नाम त्यहाँ उल्लेख गरिएको छ। तिनीहरूले प्रभुको सेवा गरे र उपवास बसे। र यसरी काम गर्दा, पवित्र आत्माले तिनीहरूलाई अन्यजातिहरूका बीचमा मिसनरीको कार्यको लागि बर्नाबास र शाऊललाई अलग गर्नुपर्छ भनेर तिनीहरूलाई सूचित गरिएको थियो। तिनीहरू दुबैजना पहिले सुसमाचार प्रचार गर्ने प्रचारकहरू थिए; अब तिनीहरू नयाँ क्षेत्रमा प्रवेश गर्न र कामको एक नयाँ विभागमा सङ्लग्न थिए । त्यसकारण, अगमवक्ताहरू र शिक्षकहरूले दुई जना भाइहरूलाई मिसनरी कार्यद्वारा अलग गर्नु उचित थियो। तदानुसार, हामी पद ३ मा पढ्दछौं कि “प्रार्थना र उपवासपछि तिनीहरूले उनीहरूले आफ्ना हात राखेर उनीहरूलाई बिदा दिए।” यहाँ अभिषेकको कार्य स्पष्ट रूपमा एउटा शिक्षकको लागि थिएन तर धेरैको लागि थियो। यसमा बाहुल्यताको सहभागिता थियो।

यस संस्कारमा भाग लिने मण्डलीमा नेतृत्व गर्नेहरूको बाहुल्यताको अर्को उदाहरण प्रेरित ६:६ मा अभिलिखित छ। हामीसँग त्यहाँ डिकनहरूको अभिषेक पनि छ। यरूशलेमको मण्डलीले गरिबहरूका आवश्यकताहरू पूरा गर्नलाई सात जना मानिसहरूको छनौट गऱ्यो, “तिनीहरूले यी मानिसहरूलाई प्रेरितहरूका सामुन्ने ल्याए र प्रेरितहरूले प्रार्थना गरे र यिनीहरूमाथि आफ्ना हात राखे।” विशेष गरी यो मूल्यवान छ, किनकि यसले यो प्रमाणित गर्छ कि जब बाहुल्यता भएका सेवकहरूका लागि अभिषेकको कार्यमा भाग लिन सुविधाजनक वा व्यवहारिक थियो, प्रेरितहरू आफैँले त्यस दौडलाई प्राथमिकता दिए।

हामीले भर्खरै पार गरेको धरातलमा फेरि पनि एक नजर लगाउनुहोस् । यो एउटा प्रेरितले गर्ने अभ्यास थियो, अथवा यस विशेष उद्देश्यको लागि एक प्रेरितले प्रत्यक्ष रुपमा अभिषेकको कार्य गर्न मात्रै नियुक्त गरेको अभ्यास थियो । तर तिनीहरूले सङ्गत गर्न सम्भव भएको ठाउँमा एक जनालाई मात्र अभिषेकको काम गरेनन् । जहाँ एक बाहुल्यता सजिलैसँगले हुन सक्छ, डिकनको मामलामाझैँ यो विधि पालन गर्ने कुरामा एक जनाले भन्दा बढीले भाग लिनका लागि सामान्य कुरा थियो । शाऊल र बर्नाबासको सन्दर्भमा, प्रेरितहरूको अनुपस्थितिमा हामीले देखेका छौँ, अभिषेक गर्ने कार्य केही अगमवक्ताहरू र शिक्षकहरूको थियो र तिमोथीको मामलामा भने यो प्रेस्बिटेरको कार्य थियो । यसले हामीलाई हाम्रो चौथो सिद्धान्तमा लैजान्छ, अर्थात, प्रेरितीय मण्डलीमा अभिषेक एल्डरहरूको बाहुल्यताको प्रेस्बिटेरको कार्य थियो ।

## पाचौँ सिद्धान्त

प्रेरितको पन्ध्रौँ अध्यायलाई यहाँ प्रतिलेखन गर्न धेरै लामो हुन्छ । तर, पाठक अगाडि जानुभन्दा पहिले उसलाई बाइबल खोल्न दिनुहोस् र त्यो अध्याय सुरूदेखि अन्त्यसम्मै ध्यानपूर्वक पढ्न लगाउनुहोस् । यदि उनी साँच्चै सत्यको खोजिमा छन् भने र यसलाई सरलतामा प्राप्त गर्नका लागि नियोजित छन् भने, त्यस अध्यायको अवलोकनले उनलाई निम्न तथ्यहरू मूर्त रूपमा छन् भनी सन्तुष्ट पारिदिनेछ ।

केही मानिसहरू यहूदीयाबाट एन्टिओकमा आएर मुक्तिको लागि खतना गर्न आवश्यक छ भनेर मानिसहरूलाई सिकाएको देखिन्छ । पावल र बर्नाबासले यी शिक्षकहरूको विरोध गर्न आफैँ लागि परे तर त्यो व्यर्थ भयो । त्यसपछि यरुशलेममा गएर प्रेरितहरू र एल्डरहरूको सामुमा यो मुद्दा राख्नुपर्छ भनेर एन्टिओकको मण्डलीका केही मानिसहरूको बीचमा सहमति भयो जसमा पावल र बर्नाबास पनि थिए । जब तिनीहरू ख्रीष्टियन सम्प्रदायको महानगर यरुशलेम पुगे, तब प्रेरितहरू र एल्डरहरू त्यस प्रश्नको विचार विमर्श गर्नका लागि एकसाथ आए । सुरूमा त्यस सभामा ठूलै मतभिन्नता भयो । अन्तमा पत्रुस बोल्नका लागि खडा भए । कसरी परमेश्वरले उनलाई अन्यजातिहरूलाई

पहिलोपल्ट सुसमाचार प्रचार गर्ने माध्यम बनाउनका लागि आदर गर्नुभयो । यसले मानिसहरूलाई आदर नगरी तिनीहरू र यहूदी विश्वासीहरूलाई पवित्र आत्मा प्रदान गर्न कसरी परमेश्वरलाई खुशी लागेको थियो भन्ने कुरा उनले तिनीहरूलाई सम्झना गराए । त्यसकारण मुक्तिको लागि खतनालाई अनिवार्य गर्नु भनेको यहूदीहरूले समेत धान्न नसकेको जुवा अन्यजातिहरूमाथी थोपरेर परमेश्वरलाईसमेत परीक्षा गर्नु हो भनेर उनले तर्क गर्दछन् । र उनले हाम्रा प्रभु येशू ख्रीष्टको अनुग्रहद्वारा यहूदीहरू र अन्यजातिहरू दुवैले समान रूपमा मुक्ति पाउँछन् भन्ने महान् सत्यको घोषणा गरेर बन्द गर्दछन् । परमेश्वरले अन्यजातिहरूद्वारा पनि चमत्कारहरू र आश्चर्यकर्महरू गर्नुभयो भन्ने कुरालाई घोषणा गर्दै पावल र बर्नाबासले पनि तिनलाई पछ्याए । त्यसपछि याकूबले आफ्ना विचारहरू प्रस्तुत गरे । पत्रुसले घोषणा गरेको सत्य अर्थात परमेश्वरले आफ्नो नाउँको खातिर अन्यजातिहरूबाट एउटा जाति निकाल्नुभएको थियो, यो प्राचीन भविष्यवाणीको विषय थियो भनेर उनले देखाइदिए । कसरी परमेश्वरले उहाँको नाउँद्वारा बोलाइएका मानिसहरू र अन्यजातिहरूको बाँकी रहेकाहरूले परमप्रभुको खोजी गरून् भनेर भग्नावशेषमा परेको दाऊदको वासस्थान निर्माण गर्ने प्रतिज्ञा गर्नुभएको थियो भन्ने कुरालाई उनले अगमवक्ता आमोसबाट उद्धृत गर्दछन् । उनले पहिले नै परमप्रभुतिर फर्केका अन्यजातिहरू कुनै अनावश्यक बोझले समस्यामा पर्नु हुँदैन तर उनीहरूलाई मूर्तिहरूको प्रदुषण, व्यभिचार र घाँटी अँठ्याएर मारेको जनावरहरू र रगतबाट अलग रहनका लागि निर्देशन दिइनुपर्छ भनेर आफ्नो फैसलाको घोषणा गरेर अन्त्य गर्दछन् । याकूबको रायलाई सभाले अनुमोदन गर्‍यो । बर्नाबास र पावलसँग परिणामको घोषणा गर्न प्रेरितहरू र एल्डरहरू, सम्पूर्ण मण्डलीका साथ, यहूदा र सिलासलाई एन्टिओकमा पठाउनका लागि सहमत भए । सभाको निर्णय पत्रहरूमा मूर्त थियो, जुन प्रेरितहरू, एल्डरहरू र भाइहरूको नाममा चलेको थियो र यसमा एन्टिओक, सिरिया र सिलिसियाका अन्यजाति ख्रीष्टियनहरूलाई सम्बोधन गरिएको थियो ।

पत्रले दाजुभाइहरूलाई सताउन र तिनीहरूको आत्मालाई नष्ट गरेर मुक्तिको लागि खतनाको आवश्यकता छ भनी सिकाउनेहरूलाई आरोप लगाएको थियो,

तिनीहरूलाई सिकाउनका लागि प्रेरितहरू र एल्डरहरूबाट अधिकार पाएको छ भनेर इन्कार गरे; सभाको निर्णय मौखिक रूपमा घोषणा गर्न प्रभु येशूको नाउँको खातिर आफ्नो जीवनलाई जोखिममा पार्ने पावल र बर्नाबाससँगै यहूदा र सिलासलाई शक्ति दिइएको थियो भनेर उल्लेख गरिएको छ। यो कुरो पवित्र आत्मालाई असल लाग्यो र अन्यजातिहरूमाथि जवरजस्ती गर्नु भनेको मूर्तिहरूलाई चढाइएको मासु, रगत, घाँटी थिचेर मारिएका चीजहरू र व्यभिचारबाट अलग रहनु भन्ने कुरादेखि बाहेक अरू कुनै बोझलाई यसले परिवर्तन गर्दैन।

यरूशलेमको सभाका प्रतिनिधिहरूद्वारा एन्टिओकमा लगिएको पत्रको सार यस्तो थियो। यो कुरा सुन्नलाई भीड भेला भयो यो पठाइयो, पढियो र मानिसहरू सान्त्वना पाएर रमाए । यहूदा र सिलासले आफ्ना सल्लाहहरू थपे र भाइहरू विश्वासमा पक्का भए। त्यसको केही समयपछि, पावलले बर्नाबाससँग केही मतभेद भएपछि, सिलासलाई आफ्नो सहयात्रीको रूपमा रोजे र तिनीहरू अर्को मिसनरी यात्राको लागि निस्के, जसको उद्देश्य उनले परमेश्वरको वचनप्रचार गरेको हरेक सहरमा प्रभुमा आएकाहरूलाई भेटघाट गर्ने र तिनीहरूले कसरी गरिरहेका छन् भनेर हेर्नु थियो। परमेश्वरको अनुग्रहको लागि भाइहरूद्वारा प्रशंसा गरियो। पावल र सिलास एन्टिओकबाट प्रस्थान गरे र मण्डलीहरूलाई पुष्टि गर्दै सिरिया र सिलिसिया हुँदै गए। यस अवसरमा डर्बे, लिस्त्रा र एसिया माइनरका अन्य सहरहरूको भ्रमण गरिएको थियो र सहरहरू भएर जाँदै गर्दा तिनीहरूले यरूशलेममा भएका प्रेरितहरू र एल्डरहरूद्वारा नियुक्त गरिएका आदेशहरू उनीहरूलाई दिए (प्रेरित १६:४)।

हरेक इमान्दार मानिसले यो कुरा विषयसँग सम्बन्धित सबै तथ्यहरूको निष्पक्ष प्रतिनिधित्व हो भनेर स्वीकार गर्नुपर्छ, जुन प्रेरितका पुस्तकको पन्ध्रौं र सोह्रौं अध्यायमा राखिएको छ। यसलाई समीक्षा गर्दा साधारण घटनामा निम्न तथ्यहरू उल्लेखनीय रुपमा खडा हुन्छन्:

१. बर्नाबास र पावलको यहूदियाबाट आएका केही झूटा शिक्षकहरूसँग खतनाको बारेमा विवाद भएको थियो;

२. यो विवाद एन्टिओकको मण्डलीमा सुल्झाइएको थिएन जहाँ यो उत्पन्न भएको थियो;

३. यो कुरो यरुशलेममा प्रेरितहरू र एल्डरहरू मिलेर बनेको बाह्य मण्डलीको सभामा पठाइएको थियो;

४. यो सभाले सम्बन्धित प्रश्नमा छलफल गर्नका लागि सार्वजनिक रूपमा भेट गऱ्यो;

५. तिनीहरूले निर्णय सुनाए;

६. यस निर्णयको लागि एन्टिओकको मण्डली र सिरिया र सिलिसियाका मण्डलीहरूले आफ्नो समर्पणता जनाए ।

यी तथ्यहरू कथाको अनुहारमा छन् र तिनीहरूलाई नकार्न सकिँदैन । कि तिनीहरूलाई त्यो हुन अनुमति  दिइएको थियो, तिनीहरूको एक अभिलेख पवित्र धर्मशास्त्रमा सम्मिलित गरिएको छ, यदि यी कुराहरू हाम्रो लागि उदाहरणको रूपमा नघटेका थिए भने अनौठो लाग्ने थियो । यदि विवादको बिन्दुमा एन्टिओकको मण्डलीलाई परमेश्वरको मनमा निश्चित गर्न पर्याप्त भएमा त्यहाँ उपस्थित भएका पावलले यो अचम्म लाग्ने कुरालाई सटीक रूपमा घोषणा गर्न सक्थे । किनकि उनी पवित्र आत्माद्वारा  प्रेरणा पाएर बोल्ने मात्र होइन तर आफ्नो ओठको एक शब्द वा आफ्नो कलमको एक प्रहारद्वारा प्रायः समान रूपमा महत्वपूर्ण कुराहरू निर्णय गर्ने उनी नै थिए । त्यतिबेला एन्टिओकमा भएका प्रेरितको एउटै वाक्यलाई ख्रीष्टियन विश्वास वा ख्रीष्टियन कर्तव्यको कुनै पनि बिन्दुमा निर्णायक हुन परमेश्वरको मण्डलीले स्वीकार गरेको थियो; त्यसैकारण, यदि एक अचम्मको निर्णय मात्र आवश्यक थियो भने, कसैले यो कुरालाई किन टाढा पुऱ्याइयो भनेर देख्दैन । जब त्यो मुद्दा यरूशलेममा आइपुग्यो, यदि त्यो अपिल प्रेरणाको लागि मात्र भएको भए, एल्डरहरूले यस विषयमा विचार गर्नका लागि प्रेरितहरूसँग भेट्नुपर्यो भनेर कसैले देख्दैन । निस्सन्देह प्रेरितहरू प्रेरणा पाएका मानिसहरूको सहायता बिना परमेश्वरको मनको घोषणा गर्न सक्षम थिए । यदि प्रेरितहरूको लागि अचम्मको

छुट्कारा उच्चारण गर्नु बाहेक अरू केही आवश्यक थिएन भने, सभामा विवाद वा विचार विमर्शको झल्काउने कुरा किन भयो वा किन एक पछि अर्को प्रेरितले आफ्नो विचार व्यक्त गर्नुपर्छ ? हमी प्रेरणा भएको एकल मानिसको छुट्कारालाई पर्याप्त मात्रामा मान्नेछौँ । यदि सभामा भएको विवाद एल्डरहरू बीच मात्र भएको थियो भने, एल्डरहरूले प्रेरणालाई मिलाउनका लागि थियो भन्ने विषयमा विवाद गर्न धेरै मूर्खतापूर्ण हुनुपर्छ र जसको साथ तिनीहरूले, प्रेरणा नभएका मानिसहरूको रूपमा, केवल सुन्नदेखि बाहेक अरू केही पनि गर्न सक्दैनन् अनि किन प्रेरितहरूले उनीहरूलाई विवाद गर्न अनुमति दिए, जब ईश्वरीय ईच्छाको बारेमा अस्पष्ट व्याख्या गर्नेहरुको एक शब्दले प्रश्नको निर्णय गर्न सक्छ ? अनि जब यो आदेश जारी भयो, किन यो यरुशलेममा भएका प्रेरितहरू र  एल्डरहरूको नाममा थियो ? यसका लागि सन्तोषजनक रुपमा लेखाजोखा गर्ने एउटा तरिका छ, र यो हामीले देख्न सक्ने एउटा मात्र तरिका हो । यी घटनाहरूलाई हुनका निम्ति अनुमति दिइएको थियो र सबै समान परिस्थितिहरूमा हाम्रो मार्गदर्शनका लागि अभिलिखित गरिएको छ । कुनै फरक परेमा, जुन मण्डलीमा यो हुन्छ त्यस मण्डलीको सीमाभित्र यसलाई समाधान गर्न सकिँदैन, त्यसलाई समाधान गर्नका लागि पूर्ण क्षमता भएका मण्डलीका नेतृत्ववर्गकहाँ समाधानको लागि पठाइन्छ ।

यदि प्रेरितहरू एल्डरहरूसँग भेट्न र तिनीहरूको प्रेरणाको सहायताले उनीहरूलाई अनुपयुक्त फैसलामा डोहोर्‍याउन पृथ्वीमा जीवित थिए र यदि हामीले हाम्रा मतभेदहरूलाई त्यस्तो सभामा उठाउने हो भने, यो उदाहरणका लागि, ईश्वरीय वचनमा अक्षरशः आज्ञाकारिता हुनेछ । तर जब, तिनीहरूको व्यक्तिगत अनुपस्थितिमा, हामीले हाम्रा मतभेदहरू एल्डरहरूको सभामा बुझाउँछौँ र जब एल्डरहरूले, ईश्वरशास्त्रमा उल्लिखित प्रेरितहरूलाई प्रेरणा भएका लेखहरूद्वारा निर्देशित, प्रश्नमा छुट्कारा उच्चारण गर्दछन् र कहिले यस्तो छुट्काराको लागि हामी प्रभुमा समर्पित हुने भन्ने कुरा आत्मामा काम गर्नुभन्दा बढी हो । उदाहरणका लागि, यसले यस प्रेरितीय पत्रबाहेक सबै कुरामा काम गरिरहेको छ । यसरी हामी यी दुईवटा तथ्यमा सञ्चालित छौँ कि प्रेरितीय मण्डलीमा विवादित विषयहरूलाई जीवित मानिसहरूको सभाको

निर्णयमा उल्लेख गर्ने विशेषधिकार थियो । त्यो मण्डलीको बाहिर जहाँ यस्तो विवाद उत्पन्न भएको थियो र मण्डलीका अधिकारीहरू (नेतृत्वकर्ताहरू) मिलेर बनेको थियो; र यो मण्डलीको सभा, प्रेरितहरूको अनुपस्थितिमा, केवल मण्डलीका नेतृत्वकर्ताहरू मात्र सम्मिलित हुने, भेट्ने, विचारविमर्श गर्ने, निर्णय गर्ने र प्रभुमा आफ्ना निर्णयहरूको पालनाको माग गर्ने अधिकार छ । यो दुई गुणा सिद्धान्तलाई हामी एल्डरहरूको सभामा अपील गर्ने विशेषाधिकार र उनीहरूको सहयोगी क्षमतामा उनीहरूले प्रयोग गर्ने विधिका (शासनको) अधिकारलाई निर्दिष्ट गर्छौं ।

यदि यो तथ्यलाई केही मानिसहरूको जमातले विशेष गोप्य कुराको निम्ति जग बसाएको छैन भने, यरूशलेमको सभामा भाइहरूको उपस्थितिको बारेमा एक शब्द पनि भन्न आवश्यक पर्दैन । मण्डलीका जिम्मेवारविहिन सदस्यहरूको हकमा, आधुनिक समयमा तिनीहरूलाई साधारण विश्वासी भनिन्छ । कि तिनीहरू सभामा उपस्थित हुन्थे; कि तिनीहरू निर्णयमा सहमत हुन्थे, कि एन्टिओकमा पठाइएको पत्र तिनीहरूको नाममा लेखिएको हुन्थ्यो, साथै प्रेरितहरू र एल्डरहरूको पनि नाम लेखिएको हुन्थ्यो । हाम्रो विचारमा, कथाको अनुहारमा निर्विवाद तथ्यहरू एकत्रित हुन्थे तर हामीले अवलोकन गरेकोदेखि बाहेक ती मुद्दाहरूको सबै तथ्यहरू हामीसँग छैनन् –

१. एन्टिओकको मूल सन्दर्भ भाइहरूलाई होइन तर प्रेरितहरू र एल्डरहरूलाई थियो (पद २)

२. भाइहरू प्रश्नको वारेमा विचारविमर्श गर्न भेला भएका थिए भनेर भनिएको छैन तर "यस विषयमा विचारविमर्श गर्न प्रेरितहरू र एल्डरहरू भेला भएका थिए" भनेर भनिएको छ (पद ६)

३. हामीले पेश गरेको विषयमा बोल्ने भाइहरूमध्ये कसैको बारेमा पनि हामी पढ्दैनौं तर तिनीहरू अरूहरूले बोलेको बेला "चुप भए" भनेर पढ्दछौं (पद १२)

४. कि आदेशहरू भाइहरूबाट होइन तर "यरूशलेममा भएका प्रेरितहरू र एल्डरहरू" (प्रेरित १६:४) को आदेश हो भनेर भनिएको छ ।

पूर्वाग्रहरहित सोधखोजकर्ताले अवलोकन गर्नेछन् कि मण्डलीका नीजि सदस्यहरू, यहाँ "भाइहरू" भनेर भनिएको छ, तिनीहरूले कुनै पनि आदेश दिने काम गरेनन्, न त सभाहरूमा बोल्ने काम नै गरे, न त तिनीहरू जाना जानी भेला भएका थिए, न एन्टिओकबाट तिनीहरूका लागि कुनै अपील नै ( अनुरोध नै) ल्याइएको थियो । अर्कोतर्फ, तिनीहरू सभामा उपस्थित थिए, खोजमा सहमत थिए भनेर उनले टिप्पणी गर्नेछन् र यरूशलेमका सबै ख्रीष्टियनहरू यस विषयमा एकमत थिए, यो पत्र तिनीहरूको नाममा र प्रेरितहरूको नाममा लेखिएको थियो भन्ने निर्णयलाई मूर्त रूप दिन्छ भन्ने कुरा देखाउन महत्वपूर्ण थियो । शिष्टाचारको उद्देश्यबाट र ख्रीष्टियन अभिवादनको उद्देश्यको लागि, थेस्सलोनिकीहरूलाई लेखेको उनको पहिलो पत्रमा सिल्भानस र तिमोथीलाई पावलसँग एकताको रूपमा प्रस्तुत गरिएको छ तर यस कुराले सिल्भानस र तिमोथीलाई तिनीहरू प्रेरणा भएका मानिसहरू थिए भनी सङ्केत गर्दैन, पत्रको लेखकत्वमा तिनीहरू धेरै कम मात्रामा जोडिएका थिए । अनि त्यसै गरी, एन्टिओक, सिरिया र सिलिसियाका अन्यजातिहरूलाई सम्बोधन गरिएको पत्र, प्रेरितहरू र एल्डरहरूको पत्र थियो जसमा उनीहरूले रचनामा भाग लिएका थिए भनेर होइन तर तिनीहरू भावनामा सहभागी भएका थिए भनेर  भाइहरूको नाम पनि त्यसमा थपिएको थियो । त्यसकारण प्रेरितीय मण्डलीका नीजि ख्रीष्टियनहरू मण्डलीका शासकहरूको सभाहरूमा लेखा परीक्षकको रूपमा मात्र उपस्थित थिएनन् तर तिनीहरू छलफलमा पनि सहभागी हुन्थे । मण्डलीय घटक सदस्यहरूले काम गरेका थिए भनी हामीलाई विश्वस्त गराउन चाहने व्यक्तिहरूले प्रेरितको पुस्तकको पन्ध्रौँ अध्याय भन्दा यस विषयमा धेरै कुराहरू स्पष्ट रूपमा प्रस्तुत गर्न आवश्यक पर्दछ । हाम्रो लागि यो कुरा स्पष्ट देखिन्छ कि प्रेरितहरू र एल्डरहरू भेला भए, तिनीहरूले विचारविमर्श गरे, भाइहरू उपस्थित भए, सुने र सहमत भए । जसरी हामी भन्छौँ प्रेरितहरू र एल्डरहरू सभाका सदस्यहरू थिए; भाइहरू केवल लेखा परीक्षकहरू थिए, जसले नेतृत्ववर्गको निर्णयलाई आफ्नो सहमति दिए ।

त्यसकारण, हाम्रो पाँचौं सिद्धान्तले यी सर्तहरूमा एल्डरको सभामा अपिल गर्ने विशेषाधिकार र उनीहरूले तिनीहरूको सामूहिक चरित्रमा प्रयोग गर्ने सरकारको अधिकारलाई संक्षेप गर्न सक्छ ।

## छैटौं सिद्धान्त

मण्डलीका नेतृत्ववर्गले कुनै पनि अस्थायी शक्ति वा कुनै मण्डलीका प्रमुखलाई कुनै पनि आत्मिक आज्ञाकारिता प्रदान गर्दैनन् भन्ने कुरो नै प्रेरितीय मण्डलीको प्रशासनको एउटा विशिष्ट विशेषता हो । पावलले विरलै आफ्ना कुनै पनि पत्रमा आफ्ना पाठकहरूलाई उनले मानिसको कृपाले होइन तर परमेश्वरको इच्छाद्वारा आफूले प्रेरितको पद धारण गरेको कुरालाई नसम्झाइकन सुरू गर्छन् । उदाहरणका लागि, गलाती १:१ लाई लिनुहोस्: “पावल, ख्रीष्टको एक प्रेरित, जो मानिसहरूबाट वा कुनै मानिसद्वारा पठाइएको होइन तर येशू ख्रीष्ट र परमेश्वर पिता, जसले उहाँलाई मृत्युबाट जीवित पार्नुभयो, उहाँबाट पठाइएको हुँ” आदि । नयाँ करारमा प्रस्तुत प्रेरितीय समयको चित्रमा, हामी मण्डलीले पृथ्वीमा भएको कुनै राजाको आत्मिक प्रभुत्वलाई स्वीकार गरेको वा कुनै पनि अस्थायी फाइदाको लागि आफ्नो धार्मिक स्वतन्त्रताको अंशलाई समर्पण गर्न सहमत भएको कुनै उदाहरण पत्ता लगाउन सक्दैनौं । हामीले सुसमाचारमा ख्रीष्टियनको सर्वोच्चताको लागि परमेश्वरका कुराहरूमा एक अन्यजाति राजा भन्दा कम कुनै प्रावधान फेला पारेका छैनौं । ईश्वरशास्त्रको व्यवस्थाले यसरी व्यक्त गर्दछ: “कैसरका चीजहरू कैसरलाई देओ र परमेश्वरका चीजहरू परमेश्वरलाई” (मर्कूस १२:१७) । सबै अस्थायी मामिलाहरूमा प्रेरितीय मण्डलीका सदस्यहरूले आफू बसेको देशका नागरिक शासकहरूप्रति आज्ञाकारी हुनुलाई आफ्नो कर्तव्य ठान्थे; सबै आत्मिक मामिलाहरूमा तिनीहरूले उच्च शक्तिलाई श्रद्धाञ्जली दिन्थे । अस्थायी मामिलाहरूमा एक प्रेरितले गाउँको दण्डाधिकारीद्वारा शासन गर्ने देशको कानूनको अघि झुक्नुपर्थ्यो; आत्मिक मामिलामा उनले कैसर आफ्नो सिंहासनमा भएको बेलामा पनि झुक्नु पर्दैनथ्यो ।

हामीले ईश्वरशास्त्रमा यस्तो उदाहरणको लागि व्यर्थैमा हेर्यौं भन्ने कुरालाई यसले परिवर्तन गर्दैन, किनकि आदिम युगमा कुनै पनि अस्थायी राजकुमारलाई ख्रीष्टियन धर्ममा परिवर्तन गरिएको थिएन र त्यसकारण कुनै पनि परिस्थितिमा मण्डलीको संरक्षण र आत्मिक शक्तिको भण्डारको रूपमा सेवा गर्ने कुराबाट छुट्याउनुपर्ने अवस्था थिएन। तर परमेश्वर साधनको अभावमा सिमित हुनुहुन्न। टार्शसका शाऊले प्रभुका सन्तहरूको विरुद्धमा हत्या गर्ने सास फेरिरहेका बेला उनलाई वशमा पार्ने एउटै अनुग्रहले, रोममा पिलातस वा अग्रिपा वा कैसरलाई पनि परिवर्तन गर्न सक्नेथियो। उदाहरण उपयोगी थियो, उदाहरणका आपूर्ति गर्ने आवश्यक साधनहरू परमेश्वरको निम्ति अभाव हुने थिएन। प्रेरितको समयमा, पृथ्वीमा परमेश्वरले मण्डलीको अस्थायी प्रमुखको रिक्तस्थानलाई पूरा गर्नका लागि, कुनै अन्य राष्ट्रका राजकुमारलाई लिएर उनलाई ख्रीष्टियन बनाउनुभएन भन्ने तथ्य आफैंमा नैतिकताले भरिएको एउटा शिक्षामूलक तथ्य हो।  यो टिप्पणी गर्न दिनुहोस् कि ईश्वरशास्त्रले पछिल्लो समयमा यस्तो घटनाको लागि कुनै प्रावधान प्रदान गर्दैन। तिनीहरूले राजकुमारलाई दावी गर्न वा मण्डलीको मामिलामा हस्तक्षेप गर्न अधिकार दिने कुनै सिद्धान्तलाई समावेश गर्दैनन्, जब कालान्तरमा ख्रीष्टियन शक्तिशाली भएर देखा पर्नेछ। यदि त्यहाँ त्यस्तो सिद्धान्त छ भने, यो हामीलाई अज्ञात नै छ र यो पक्कै पनि यस्तो व्यवस्थालाई अनुमोदन गर्नेहरूलाई यदि तिनीहरूले सक्छन् भने, ईश्वरशास्त्रबाट उत्पन्न गर्न अनिवार्य हुन्छ, एक ख्रीष्टियन राजालाई आत्मिक मामिलामा मण्डलीमाथि सर्वोच्चताको अधिकार छ भनी कायम राख्नको लागि उनीहरूले आफ्नो पकड बनाउन सक्छन्। यो नहुँदासम्म कुनै पनि अस्थायी राजकुमारलाई परमेश्वरको सम्पदामाथि प्रभुत्व गर्ने अधिकार हुँदैन भन्ने विश्वास गर्नका लागि हामीले  वहाना बनाएका हुन सक्छौं।

नत मण्डलीको कुनै पदाधिकारीको हातमा सर्वोच्चको आत्मिक शक्ति राखिएको थियो, जेभए तापनि, उनका वरदानहरू, उनका दुःखहरू वा उनका प्रचुर श्रमहरूद्वारा उनी प्रतिष्ठित थिए। निजी सदस्यहरू वास्तवमा मण्डलीका नेतृत्वकर्ताहरू वा एल्डरहरूको आज्ञापालन गर्ने आदेशमा थिए तर एल्डरहरूलाई तिनीहरूको तर्फबाट परमेश्वरको सम्पत्तिमा प्रभुत्व नगर्न तर

बगालको लागि उदाहरण बन्न आज्ञा दिइएको थियो (१पत्रुस ५:३) । प्रेरितहरूले पनि मानिसहरूको विश्वासमा आफ्नो प्रभुत्व छ भनी दाबी गरेनन् तर उनीहरू तिनीहरूको आनन्दको सहयोगी मात्र भए (२कोरिन्थी १:२४) । यी प्रेरितहरूको बीचमा पूर्व-प्रतिष्ठा कसैमा पनि निहित भएको देखिँदैन । पत्रुस मात्र एक हुन् जसको लागि, पछिल्लो समयमा, आधिकारिक सर्वोच्चता सधैँ दाबी गरिएको छ तर उनले आफ्नो लागि यसलाई कहिल्यै दाबी गरेनन् उनले सधैँ आफ्ना सँगी प्रेरितहरूसँग ख्रीष्टको क्रूसको साधारण प्रचारकको रूपमा व्यवहार गरे ईश्वरशास्त्रमा उनलाई मण्डलीको पदमा मनोनित गर्ने वा मण्डलीमा निम्नस्तरका अधिकारीहरूमाथि कुनै विशेष नियन्त्रणको अभ्यासको रूपमा कहिल्यै प्रस्तुत गरिएको छैन । एउटा उल्लेखनीय अवसरमा, जब उनले केही तिरस्कारपुर्ण प्रदर्शन गरे, हामीलाई अर्को प्रेरितको बारेमा भनिएको छ, जसले उनलाई उनको आँखामा हेरेर प्रतिरोध जनाएका थिए, किनभने उनलाई दोष लगाइयो (गलाती २:११) । त्यसकारण, ईश्वरशास्त्रले कुनै पनि आत्मिक राजकुमारमा भन्दा मण्डलीको कुनै पनि अधिकारीमा सर्वोच्चको आत्मिक शक्ति जम्मा भएको हुन्छ भन्ने विश्वास गर्ने कुनै आधार प्रदान गर्दैन ।

यसका साथै अन्य सबै धार्मिक मामिलाहरूमा ईश्वरशास्त्र हाम्रो मार्गनिर्देशन हुनुपर्दछ । हामी निम्न खण्डहरूमा फर्कन्छौँ र सबै आत्मिक शक्तिको स्रोत कहाँ रहेको छ भनी पत्तो लगाउँदछौँः

एफिसी १:२०-२३ः "जो उहाँले ख्रीष्टमा पूरा गर्नुभयो, जब उहाँले ख्रीष्टलाई मरेकाहरूबाट जीवित पार्नुभयो अनि स्वर्गीयस्थानहरूमा आफ्नै दाहिने बाहुलीपट्टि बसाल्नुभयो । सबै शासन, अधिकार र शक्ति र राज्यमाथि र यस युगका मात्र होइन तर आउने युगका पनि जति नाउँ छन्, ती सबैमाथि उहाँलाई राख्नुभयो र परमेश्वरले सबै कुरा उहाँको पाउमुनी राखिदिनुभयो र मण्डलीको निम्ति उहाँलाई नै सबै कुराको  शिर बनाइदिनुभयो, जुन मण्डली उहाँको शरीर, उहाँको पूर्णता हो र उहाँले नै सबै थोक परिपूर्ण पार्नुहुन्छ ।"

एफिसी ५:२३ “किनकि पत्नी पतिको शिर हो, जसरी ख्रीष्ट मण्डलीको शिर हुनुहुन्छ, जुन मण्डली उहाँको शरीर हो र उहाँ स्वयम् त्यसको मुक्तिदाता हुनुहुन्छ ।”

कलस्सी १:१८ “उहाँ शरीर, अर्थात मण्डलीका शिर हुनुहुन्छ, उहाँ नै सुरू हुनुहुन्छ मरेकाहरूबाट जीवित हुनेहरूमा उहाँ ज्येष्ठ हुनुहुन्छ, ताकि प्रत्येक कुरामाथि उहाँ सर्वोच्च होऊन् ।”

अब उद्धृत गरिएका खण्डहरू ख्रीष्टियन विश्वास र अभ्यासको एक मात्र नियम पवित्र ईश्वरशास्त्रबाट लिइएका हुन् । हामीले तिनीहरूलाई हाम्रो ध्यानपूर्वक विचार दिएका छौँ र तिनीहरूले हामीलाई यो निष्कर्षमा पुर्याएका छन् कि मण्डलीमाथि ख्रीष्टको एक मात्र नेतृत्व प्रेरितीय दिनहरूको सिद्धान्त थियो । मानव शरीरको लागि शिर जतिको महत्वपूर्ण छ त्यतिनै, महत्वपूर्ण मण्डलीको लागि ख्रीष्ट पनि हुनुहुन्छ र एउटा शरीरको लागि दुईवटा शिर हुन नसकेझैँ, मण्डलीको पनि दुईवटा शिर हुन सक्दैन, न ख्रीष्ट र पोप, न त ख्रीष्ट र राजा । हामीलाई यस मामिलामा कुनै मध्यमार्ग चाहिन्छ भन्ने देखिँदैन । हामीले या त बाइलको अख्तियारलाई अस्वीकार गर्नुपर्छ वा यसले के सिकाउँछ भन्ने कुरामा विश्वास गर्नुपर्छ, ख्रीष्ट नै मण्डलीमा सबै कुराको मालिक हुनुहुन्छ । हामी पछिल्लोलाई छान्दछौँ ।

ख्रीष्टको प्रभुत्व नेतृत्वको (अगुवापनको) छैटौँ सिद्धान्त हो, जो हामीले प्रेरितीय दिनहरूमा सञ्चालनमा रहेको पाउँदछौँ । आउनुहोस् अब हामी यो सिद्धान्तको परिणामलाई हेरौँः किनकि ख्रीष्ट नै मण्डलीको शिर हुनु भएको हुनाले मण्डलीका सदस्यहरू उहाँको अधीनमा हुनुपर्छ । हामीसँग ईश्वरशास्त्र बाहेक ख्रीष्टको मन पत्ता लगाउने कुनै तरिका छैन र यसले मण्डलीको मामलाहरूलाई ती अधिकारीहरूले व्यवस्थित गर्नुपर्छ जसलाई प्रभु येशूले कुनै बाहिरी अख्तियारको हस्तक्षेप बिना, उहाँको वचनमा व्यक्त गरिए अनुरूप परमेश्वरको मनमा भए अनुसार सञ्चालित हुनका लागि त्यो शक्ति सुम्पिदिनुभएको छ ।

## जाँचको प्रयोग

अगाडिका अध्यायहरूमा पेश गरिएका प्रमाणहरूलाई गम्भीर रूपमा विचार गर्न पाठकलाई दिनुहोस् र हाम्रो विचारमा तलका तथ्यहरू अनुभुतिहरू हुन र ती सिद्धान्तहरू प्रेरितीय मण्डलीमा व्यवहारिक रुपमा सञ्चालनमा थिए भन्नको लागि त्यहाँ ईश्वरीय अधिकार छ भन्ने कुरामा उनी सन्तुष्ट हुनेछन् ।

१. कार्यालयका अधिकारीहरू मानिसहरूबाट छानिएका थिए ।

२. विशप र एल्डरको कार्यालय समान थियो ।

३. हरेक मण्डलीमा एल्डरहरूको बाहुल्यता थियो ।

४. एल्डरहरूको बाहुल्यता भएकोले गर्दा अभिषेकको कार्य प्रेस्बिटेरले गर्थे ।

५.सभामा अपिल गर्ने अधिकार एल्डरहरूको हुन्थ्यो र मण्डली प्रशासनको शक्ति उनीहरूको सहयोगी क्षमतामा अभ्यास गरिन्थ्यो ।

६. मण्डलीको एकमात्र प्रमुख प्रभु येशू ख्रीष्ट हुनुहुन्थ्यो ।

यी छ वटा तथ्यहरूमा समाहित मूर्त सिद्धान्तहरूले मण्डली प्रशासनको सम्पूर्ण कार्यक्रम लाई समेट्दछन्, प्रत्येकको महत्व लोकप्रिय चुनावदेखि प्रभुको नेतृत्वको आरोही शृङ्खलामा पहिलेको भन्दा पनि माथि नै छ । परमेश्वरका हरेक सन्तानले तिनीहरूलाई प्राप्त गर्नुपर्छ भन्ने कुरो हामीले सोचे अनुसार सादा सरल र प्राकृतिक भावनामा भएका असल कारणहरू बाहेक हामीले कुनै पनि तर्कको प्रतिकृया होइन तर ईश्वरशास्त्रहरूलाई प्राप्त गरेर तिनीहरूलाई सञ्चालन गर्दै आएका छौँ । सबैभन्दा अशिक्षित पाठक, यदि उनी पूर्वाग्रहरहित र इमान्दार छन् भने, हामीले निर्दिष्ट गरेका ईश्वरशास्त्रका खण्डहरू उनले जाँच्न सक्दैनन् र यी छवटा महान् सिद्धान्तहरू सबै प्रेरितीय मण्डलीको विधिमा मूर्त रूपमा थिए भनेर हेर्न असफल हुन्छन् । तर तिनीहरू वर्तमान संसारमा अवस्थित मण्डलीको नेतृत्वका ती रूपहरूमा मूर्तरूपमा छन् कि छैनन् भन्ने अर्को र महत्वपूर्ण प्रश्न हो जुन प्रश्नको जवाफ दिनु अहिले हाम्रो काम हो ।

त्यसकारण हामी विद्यमान प्रणालीहरूलाई उत्तराधिकारी मापदण्डको परीक्षणमा ल्याउनका लागि अगाडि बढ्छौँ ।

## धर्माधिकार

पहिले नै व्याख्या गरिएअनुसार, धर्माधिकार मण्डली प्रशासनको त्यो प्रणाली हो, जुन आर्कविशपहरू, विशपहरू, पुजाहारीहरू, डिकनहरू, आर्कडिकनहरू र अन्य पदाधिकारीहरूद्वारा वितरण गरिन्छ । यो रोमको मण्डली र वेलायतको मण्डलीमा उदाहरणीय छ, जहाँ दुवै आफ्नो सरकारमा पूर्वाधार छन्, फरक के हो भने, रोमको धर्माधिकारले मण्डलीको सर्वोच्चता पोपमा निहित गर्दछ, जब कि बेलायतको धर्माधिकारले यसलाई शासक राजामा निहित गर्दछ । यस अपवादको साथ, दुई मण्डलीहरू, जतिसुकै व्यापक रूपमा तिनीहरू सिद्धान्तमा भिन्न हुन सकेको भए तापनि, तिनीहरू नेतृत्वको हरेक महत्वपूर्ण बिन्दुमा, समान छन् । रोमको धर्माधिकार भन्दा प्रोटेष्टेन्ट मण्डलीको धर्माधिकारलाई धेरै कम आपत्तिजनक मान्न सकिन्छ र तर्क गर्ने कुरामा हामीसँग कुनै अनुचित फाइदा लिने आवश्यकता वा इच्छा छैन, हामी प्रोटेष्टेन्ट धर्मको धर्माधिकारलाई प्रेरितीय मापदण्डसँग तुलनामा ल्याउन चाहन्छौँ ।

वेलायतको मण्डलीमा केही समयको लागि न्याय क्षेत्रको प्रवाहक राजा हुन्, जसले आफ्नो वंशाणुगत क्रममा सिंहासनको अधिकार प्राप्त गर्दछन् र जसले सबै चरित्रलाई बेवास्ता गर्दै, संसदको अधिनियमद्वारा, वेलायत र आयरल्याण्डको मण्डलीको एकमात्र सर्वोच्च शिर हो (हेँन्री ८, अध्याय १७) । कुनै पनि व्यक्तिले यो धाराको लागि सदस्यता नलिउन्जेलसम्म त्यो मण्डलीको सेवकाइमा प्रवेश गर्न सक्दैन । "कि परमेश्वरको अधीनमा राजाको महिमा, यस क्षेत्रको सर्वोच्च सरकार वा राज्यपाल मात्र हो र अन्य सबै महामहिमको प्रभुत्व र देशहरू साथै सबै आत्मिक वा मण्डलीय कुराहरू वा कारणहरू, क्षणिक हुन्छन् वा अस्थायी हुन्छन्" (मापदण्ड) । सबै आर्कविशपहरू र विशपहरूको नियुक्ति मुकुटमा निहित हुन्छ, जुन दिनको राजनीतिक प्रशासनले धार्मिक पेशाका हरेक रङ्गका व्यक्तिहरू मिलेर बनेको निकायद्वारा चयनमा निर्देशित हुन्छ र संसदमा आदेश दिन सक्ने बहुमतद्वारा मात्र त्यसको स्थानमा

राखिन्छ। अभिषिक्त अन्तर्गत मण्डलीका सर्वोच्च अधिकारीहरू आर्कविशपहरू हुन्छन् जसमध्ये वेलायतमा दुई क्यान्टरबेरी र योर्कका आर्कविशपहरू पर्दछन्, र आयरल्याण्डमा दुई जना आर्माघ र डब्लिनका आर्कविशपहरू छन्। यी मध्ये प्रत्येकको अधीनमा धेरै सङ्ख्यामा मताधिकार प्राप्त विशपहरू छन्, र प्रत्येक विशपको हेरचाशमा आफ्नो डायोसिसका निम्न पदका पादरीहरू छन्, जसले उनीहरूलाई प्राप्त गर्न पाउँदा  खुशी भएका आफ्नो पाष्टरीय सेवकाईको क्षेत्रका बासिन्दाहरूलाई धर्मका नियमहरू प्रचार र वितरण गर्दछन् । केही उदाहरणका लागि, पाष्टरीय सेवकाईको क्षेत्रका पाष्टरहरू अभिषिक्त जनहरूद्वारा, अथवा विशपद्वारा, अथवा एक सामान्य संरक्षकद्वारा, र कहिलेकाहीँ अझ बढी असहज मोडमा नियुक्त गरिएका हुन्छन्।

वेलायतको प्रोटेष्टेन्ट स्थापनामा प्रस्तुत गरिएझैँ यसको सबैभन्दा अनुकूल रूपमा उच्च सामाजिक पद र शक्तिमा भएका पाष्टरद्वारा खीष्टियन मण्डलीको नेतृत्व हुन्छ। हामी यसलाई प्रशासनको प्रणालीसँग तुलना गरौँ जुन हामीले पहिले नै प्रेरितीय मण्डलीमा अवस्थित छ भनी सुनिश्चित गरिसकेका छौँ।

प्रेरितीय मण्डलीमा पदाधिकारीहरू मानिसहरूद्वारा चुनिएका थिए तर वेलायतको मण्डलीमा, आर्कविशप र विशपहरू अभिषिक्त व्यक्तिद्वारा ( क्राउनद्वारा) छनोट गरिन्छन् र अधिनस्थ पाष्टरहरूलाई तिनीहरूको शुल्कमा या त डायोसिन, वा केही जग्गाका मालिकहरूद्वारा, वा केही नागरिक निगमद्वारा नियुक्त गरिन्छ। प्रेरितीय मण्डलीका मानिसहरूले प्रेरित चुन्ने विशेषाधिकारको प्रयोग गरे; वेलायतको मण्डलीका मानिसहरूसँग पुजाहारी वा पाष्टरको चयन गर्ने अधिकार हुँदैन।

प्रेरितीय मण्डलीमा, विशप र एल्डरको कार्यालय समान थियो। एफिससका एल्डरहरू बगालका विशपहरू थिए। मण्डली स्थापनामा यो धेरै फरक छ। प्रेरितीय एल्डर, एउटा शिक्षक र मण्डलीको नेतृत्वकर्ता भएकोले गर्दा, वेलायतको मण्डलीको कुनै पनि अन्य पदाधिकारी भन्दा अभिषिक्त व्यक्ति पाष्टरसँग मिल्दोजुल्दो हुन्छ। यो धेरै स्पष्ट छ कि, त्यो मण्डलीमा, एक अभिषिक्त पाष्टरले एउटा विशपभन्दा व्यापक रूपमा भिन्नै स्थान पाएको हुन्छ

। आफ्नो पाष्टरीय सेवकाइको क्षेत्रको हेरविचार गर्ने पाष्टरले आफ्नो क्षेत्रमा भएका पाष्टरहरूको अधिकार क्षेत्रको प्रयोग गर्दछन् तर विशपले एक डायोसुसलाई शासन गर्दछन्, जसमा प्रायः पाष्टरहरूको सम्पूर्ण भीड समावेश भएको हुन्छ । एउटाले केबल एउटै मण्डलीको अध्यक्षता गर्दछ, भने अर्कोले धेरै मण्डलीहरूको अध्यक्षता गर्दछ । एउटाले साधारण विश्वासीहरूमाथि अधिकार गर्दछ तर वेलायतको मण्डलीको विशप पाष्टरहरूको समूहको शासक हो । यदि, त्यसो हो भने, पाष्टरहरूको क्षेत्रको अगुवाई गर्ने पाष्टर प्रेस्बिटेर वा प्रेरितीय समयका एल्डरसँग मेल खान्छ भने, यो कुरा धेरै स्पष्ट हुन्छ कि स्थापनामा, विशप र एल्डर तिनीहरूको जिम्मेवारी समान छैनन् । स्थापित मण्डलीमा प्रत्येक एल्डर आफ्नो विशपको अधीनमा हुन्छन् तर प्रेरितीय मण्डलीमा, प्रत्येक एल्डर आफैं एक विशप थिए ।

वेलायतको मण्डलीमा हरेक मण्डली एक जना प्रेस्बिटेरको रेखदेखमा हुन्छ । जब दोस्रोलाई भित्र बोलाइन्छ, ऊ अर्कोको रोजगारीमा मात्र अधिनस्थ भएर काम गर्दछ र उसले मण्डलीको सबै अधिकार क्षेत्रको कार्य गर्न पाउँदैन । यो त्यति सामान्य छैन र प्रत्येक मण्डलीमा एक भन्दा बढी प्रेस्बिटेर वा एल्डर हुनु प्रणालीको लागि पक्कै पनि आवश्यक छैन; जब कि प्रेरितको समयको प्रत्येक मण्डलीमा एल्डरको बाहुल्यता थियो भनेर हामीले हेरिसकेका छौं ।

वेलायतको मण्डलीमा अभिषेक धर्माधिकारीद्वारा गरिने कार्य हो । उनले अरूहरूलाई त्यस कार्यमा उनीसँगै एकताबद्ध हुनका लागि अनुरोध गर्न सक्छन् तर यो उनको उपस्थिति हो र यो कार्यको लागि तिनीहरूको आवश्यकता हुनुपर्छ भन्ने जरूरी छैन, जब कि प्रेरितीय मण्डलीमा, सेवकाइको कार्यालयमा प्रेस्बिटेरले मानिसहरूलाई हात राखेर अभिषेक गरी नियुक्त गर्ने अभ्यास थियो ।

वेलायतको मण्डलीमा, जुनसुकै मण्डलीको गुनासो हुन सक्ने भए तापनि, कानूनको अदालत वा रानीको सर्वोच्च न्याय परिषद वा त्यस्ता न्यायिक बाहेक अपिल गर्ने शक्ति हुँदैन । प्रेरितहरूको वचन अनुसार निर्णय गर्नका लागि एल्डरहरूको सभामा कुनै पनि विषयलाई विचारविमर्शको लागि ल्याउने प्रथा

अज्ञात छ तर यो प्रेरितीय मण्डलीमा मामिलाहरूलाई व्यवस्थित गरिएको मोड थियो भन्ने कुरो हामीले देख्यौं ।

हाम्रो प्रोटेष्टेन्ट स्थापनामा सांसदको कार्यविधिद्वारा मण्डलीको शिर राजा हुन्छ र राजा वा रानीलाई जस्तो भए पनि, ३७ औं धाराले हामीलाई यो सूचित गर्दछ कि "सबै राज्यहरूको क्षेत्रका मुख्य सरकार, चाहे तिनीहरू मण्डलीय हुन् वा सार्वजनिक नै किन नहुन्, सबै कारणहरूमा लागु हुन्छ" । जबकि प्रेरितीय समयमा मण्डलीको शिर येशू ख्रीष्ट बाहेक अरू कोही थिएन ।

यसरी हामीले दुईवटा मण्डलीहरूलाई नजिकबाट र स्पष्टताका साथ तुलना गरेका छौं र यो हाम्रो लागि सम्भव छ र हामी आफूलाई यो निष्कर्षमा पुऱ्याउन बाध्य छौं कि, प्रेरितीय मण्डलीमा भेटिएका मण्डलीय नेतृत्वका छ वटा महान् सिद्धान्तहरूमध्ये वेलायतको मण्डलीको उच्च सामाजिक पद र शक्तिमा पाष्टरहरूद्वारा चलाइएको मण्डलीको सरकारमा मूर्त रूपमा लिइएको एउटै कुरा पनि त्यहाँ छैन । हामीले सम्भव भएसम्म यसरी दुईवटा मण्डलीहरूलाई नजिकबाट र स्पष्टसँगले तुलना गरेका छौं र हामीले आफूलाई यो निष्कर्षमा पुग्न बाध्य भएको महसुस गरेका छौं कि, प्रेरितीय मण्डलीमा भेटिएका मण्डलीय नेतृत्वका छ वटा मुख्य सिद्धान्तहरूमध्ये वेलायतको मण्डलीको उच्च सामाजिक पद र शक्तिमा पाष्टरद्वारा चलाइएको मण्डलीको नेतृत्वमा मूर्त रूपमा लिइएको एउटै कुरा पनि त्यहाँ छैन । त्यसैकारण, जब त्यो मण्डली मानव प्रणालीको रूपमा ठूलो सम्मानको हकदार हुन सक्छ, त्यसलाई संसदको ऐनद्वारा व्यवस्थित गरिएको हुन्छ र यसको श्रेणीमा धेरै सङ्ख्यामा अनुमानित व्यक्तिहरू हुन्छन् । जे भए तापनि, यस सम्बन्धमा एउटा प्रेरितीय मण्डलीको रूपमा सरकारको सम्बन्धमा, कुनै पनि आधार छैन भन्ने कुरा हामी अनुमान गर्दछौं । बहिस्कारको खतरामा हुँदाहुँदै पनि हामी वेलायतको मण्डलीको संरचना परमेश्वरको वचनको विरोधमा छ भन्ने हाम्रो विश्वासको घोषणा गर्न बाध्य भएको महसुस गर्दछौं ।

## स्वतन्त्रता

स्वतन्त्रहरूद्वारा अनुमोदित मण्डली क्रमाङ्कका विवरणहरू पत्ता लगाउन गाह्रो छ, किनकि उनीहरूले यस विषयमा ईश्वरशास्त्रहरूले कुनै पनि साझा सूत्रमा सिकाउँछन् भन्ने बारे आफ्ना विचारहरू मूर्त रूपमा दिएका छन कि छैनन् भन्ने कुरो हामीलाई थाहा छैन र प्रत्येक मण्डलीको रूपमा, एकअर्काबाट अलग रूपमा खडा भएर, कहिलेकाहीँ महत्वपूर्ण बिन्दुहरूमा व्यापक रूपमा भिन्न हुन सक्छ । त्यसैकारण, हामी तिनीहरूका बीचमा अवस्थित सामान्य अभ्यासहरू र तिनीहरूका प्रख्यात लेखकहरूले वकालत गरेका सिद्धान्तहरूबाट मण्डली प्रशासनको बारेमा उनीहरूका विचारहरू पत्ता लगाउन छोडेका छौँ । जेभए तापनि यिनीहरू हामीलाई मण्डली नेतृत्वको स्वतन्त्र प्रणालीलाई प्रेरितीय मानकसँग तुलना गर्न सक्षम बनाउनलाई पर्याप्त रूपमा जानकार छन् ।

प्रारम्भिक मण्डलीमा हामीले पहिले नै हेरिसकेअनुसार लोकप्रिय चुनावको सिद्धान्त अस्तित्वमा थियो र त्यहाँ प्रभुका प्रेरितहरूको स्वीकृति पनि थियो । स्वतन्त्रहरूको बीचमा यो सिद्धान्त यसको अखण्डतामा संरक्षित छः तिनीहरूसँग प्रत्येक मण्डलीका पदाधिकारीहरू मानिसहरूद्वारा छानिन्छन् ।

प्रेरितीय मण्डलीमा विशप र एल्डरको कार्यालय समान किसिमको थियो । विशपले एल्डरमाथि कुनै अधिकार प्रयोग गरेनन् यसको विपरित, प्रत्येक विशप एल्डर थिए र प्रत्येक एल्डर विशप थिए । त्यस्तै गरेर स्वतन्त्रहरूसँग पनि यही कुरा लागु भएको थियो । तिनीहरूका प्रत्येक पाष्टरले विशप र एल्डरको कार्यालयलाई भर्छन् र तिनीहरूमध्ये कसैले पनि अरूमाथि अधिकारको दाबी गर्दैनन् । प्रेरितीय समयहरूमाझैँ विशप र एल्डरहरू एउटै कार्यालयका लागि केवल फरक नामहरू मात्र थिए ।

प्रेरितीय समयमा कसरी हरेक मण्डलीमा एल्डरहरूको बाहुल्यता थियो भनेर हामीले हेरिसकेका छौँ । यहाँ स्वतन्त्रताको प्रणाली असफल हुन्छ । मण्डली नेतृत्वको त्यो मतको सिद्धान्तमा, एल्डरहरूको बाहुल्यता हुन विरलै सम्भव छ र यदि व्यवहारमा यो कहिल्यै हुन्छ भने, विरलै हुने गर्छ । तिनीहरूमध्ये प्रत्येक

मण्डलीमा एक जना मात्र सेवक वा विशप, वा एल्डर हुन्छन् । व्यवहारिक रूपमा, तिनीहरूको प्रणालीले प्रत्येक मण्डलीमा एउटा एल्डरलाई मात्र स्वीकार गर्दछ । यदि एक प्रेरितले स्वतन्त्र मण्डलीलाई कुनै साधारण कारणको लागि पत्र लेख्दै हुन्थे भने, उनले यस पत्रमा विशपहरू र डिकनहरूलाई सम्बोधन गरेर लेख्ने बारेमा कहिल्यै सोच्दैनथे । साधारणतया, तिनीहरूसँग त्यहाँ मण्डलीमा एक जना मात्र विशप हुन्छन्: न त पावलले एफिससका एल्डरहरूलाई लेखेर पठाएझैँ, स्वतन्त्र मण्डलीमा सामान्यतया एकमात्र एल्डर हुन्छन् भन्ने स्पष्ट कारणका लागि, कुनै प्रेरितले कहिल्यै स्वतन्त्र मण्डलीका एल्डरहरूलाई नै पठाउन सक्थे । आफ्नो मातहतमा डिकनहरू भएका एक पाष्टरले मण्डलीलाई शासन गर्ने यो प्रमुख विशेषता हो, कि प्रारम्भिक समयमा, हरेक मण्डलीमा अस्तित्वमा रहेका एल्डरहरूको बाहुल्यताको धेरै विरोध कसैबाट हुन सक्ने भन्दा स्वतन्त्र प्रणालीको उपस्थिति जतासुकै छ । केही स्वतन्त्रहरूले एल्डरहरूको बाहुल्यता वाञ्छनीय छ भन्दै प्रेरितीय उदाहरणबाट आफ्नो प्रस्थानलाई कम गर्ने प्रयास गर्छन् तर तिनीहरूको मण्डलीले तिनीहरूलाई समर्थन गर्न सक्षम छैनन् । तिनीहरूको मण्डलीमा अहिले धनीहरूले प्रेरितहरूको दिनमा सबैभन्दा गरिब मण्डलीहरूको स्वामित्वमा रहेको कुरा समेत लिन नसक्दाखेरि के यसले कहिल्यै हाम्रा आदरणीय दाजुभाइहरूलाई प्रेरितीय प्रणाली र तिनीहरूको बीचमा केही उल्लेखनीय असमानता हुनुपर्छ भनेर सोच्न बाध्य गर्दैन ? यो पावल र बर्नाबासको बारेमा परमेश्वरको वचन हो “तिनीहरूले हरेक मण्डलीमा एल्डरहरू नियुक्त ( अभिषेक) गरे ।”

प्रेरितीय मण्डलीका पदाधिकारीहरूलाई प्रेस्बिटेरको हात रखाइद्वारा उनीहरूको विशेष कर्तव्यहरू निर्वाह गर्नका लागि अलग गरिएको थियो । जेभए तापनि स्वतन्त्रहरूको बीचमा कुनै पनि प्रकारको अभिषेक वा नियुक्तिको आवश्यकता पर्दैन । अक्सर गरेर यसलाई अनावश्यक रूपमा लिइन्छ । जीवनभर मण्डलीको पाष्टरहरूको रूपमा काम गर्ने व्यक्तिहरू उदाहरणको रूपमा चिनिन्छन्, जोहरू पदको लागि हात राख्ने र प्रार्थना गर्ने कार्यमा कहिल्यै सम्मिलित भएनन् । तिनीहरू विधिद्वारा अभिषेक वा नियुक्ति गर्ने कुरा तिनीहरूका लागि आवश्यक

छैन । तिनीहरूका लागि यो केवल स्वादको कुरा मात्र हो, यस कुरालाई प्रत्येक अवस्थामा व्यक्तिगत छनौटमा छोडिन्छ। यदि नव निर्वाचित पाष्टरले आफूलाई अभिषेक भएको चाहन्छ भने, यो स्वतन्त्र सिद्धान्तहरूका साथ फितलो रूपमा मात्र गर्न सकिन्छ । मण्डली र एल्डरहरूको बाहुल्यताको अभावमा, उनको नियुक्ति केवल मानिसहरूबाट आउन सक्छ, जसलाई यो प्रदान गर्ने कुनै ईश्वरशास्त्रीय वा सहकर्मी पाष्टरबाट अधिकार छैन । तर पछिल्लो अभ्यास स्वतन्त्रताको आधारभूत सिद्धान्तसँग पूर्णतया भिन्न छ भनेर कसले देख्दैन, अर्थात प्रत्येक मण्डलीमा नेतृत्वको लागि  के पूर्ण सामग्रीहरू छन् त ? यो कुरा यति धेरै महसुस गरिएको छ कि कतिपयले यस्ता अवसरहरूमा जिल्लाका पाष्टरहरूको सहयोग माग्दा, आफ्नो मण्डलीको सिद्धान्तलाई अलि बढी स्थिरताका साथ पूरा गर्न छनौट गर्नेहरूले एकरूपताका साथ अभिषेकको वा नियुक्तिको प्रकाश पार्दछन्, यसलाई अनावश्यक ठान्छन् र यो बिना नै जान रूचाउँछन् ।

प्रेरितीय मण्डलीमा एल्डरहरूको सभामा अपिल गर्ने विशेषाधिकार थियो । स्वतन्त्रमा भने त्यस्तो प्रकारको कुनै पनि कुराको अस्तित्व हुन सक्दैन । तिनीहरूको प्रणालीको विशिष्ट सिद्धान्तले सबै अपिलहरूलाई रोक्दछ । मण्डलीको बैठकमा भेला भएका पाष्टर, डिकन र मानिसहरूको निर्णय हरेक मामिलामा अन्तिम हुन्छ । उनीहरूको निर्णय जतिसुकै पक्षपातपूर्ण वा अन्यायपूर्ण किन नहोस्, कम पूर्वाग्रही र अधिक प्रबुद्ध न्यायिक संयन्त्रको सजायलाई पुनरावलोकनको दायरामा ल्याउने शक्ति हुँदैन । मण्डलीको निर्णय अनुसार न्याय कडाइका साथ हुन सक्छ वा यो सभाका केही अगुवाहरू न्यायमा पूर्वाग्रह वा दुष्टताको सन्तान र वास्तवमा, मेलमिलापको जोशमा, शुद्धताको लागि र धर्मकरणको लागि मुखुण्डो लगाएको पनि हुन सक्छ । तर यो अनुसन्धान जतिसुकै सतही भए तापनि वा जतिसुकै गहिरो रूपमा गलत भए तापनि, प्रणालीले घाइते व्यक्तिलाई पुनरावेदन गर्ने विशेषाधिकारबाट वञ्चित गर्छ र अपराधीहरूलाई गैरजिम्मेवार शक्तिको वस्त्र पहिराइदिन्छ । सबै सङ्गठनलाई इन्कार र अस्वीकार गरेर, यसले नेतृत्ववर्गलाई यदि तिनीहरूले चाहेको खण्डमा मण्डलीको तानासाह बन्नमा सक्षम बनाइदिन्छ र

घाइतेहरूलाई उपचारको सम्भावनाबाट वञ्चित गराउँछ। डा. वार्डाला भन्छन्, "हरेक फरक मण्डलीले कुनै पनि अपिल नगरी आफ्ना मामिलाहरूलाई व्यवस्थापन गर्नु नै स्वतन्त्रता हो ।" यो नै विधिको सबैभन्दा घृणित विशेषतालाई लुकाउने एउटा चतुर पद्धति हो । मण्डलीले अपिलको आवश्यकतालाई हटाउने गरी आफ्ना मामिलाहरू व्यवस्थित गर्न सक्छ भनेर धेरै कमले मात्र इन्कार गर्छन्, तर हामी के भन्छौं भने, जब त्यसो गर्नका लागि मण्डलीमा आवश्यक बुद्धि र विवेकको अभाव हुन्छ, स्वतन्त्रहरू बिच अपिल गर्न अनुमति हुँदैन, घाइतेहरू उपचार पाउनबाट वञ्चित हुन्छन्, जसका लागि मण्डली सञ्चालक मानिसको लागि गैरजिम्मेवार हुन्छ, त्यसलाई मूर्खतापूर्वक प्रयोग गरिँदा अत्याचारमा पतन हुन्छ र यसलाई नियन्त्रणमा राख्ने कुनै कुरा पनि त्यहाँ हुँदैन । एन्टिओकको मुद्दाले देखाउँदछ कि प्रारम्भिक मण्डलीमा भिन्नता उत्पन्न भएको बेला, त्यहाँ एल्डरहरूको सभामा मुद्दा बुझाउने अधिकार पनि थियो, जसले प्रेरितहरूको निर्देशनमा, त्यस व्यवसायलाई व्यवस्थित गरिदिएको थियो। एन्टिओकको मुद्दाले देखाउँदछ कि एल्डरहरू अझै पनि भेला हुन सक्छन् र प्रेरितहरूको लिखित वचन सबैका लागि पहुँचयोग्य छ र विवादको दृष्यबाट हटाइएका, स्थानीय पूर्वाग्रहबाट अछुतो रहेका र अगुवाहरूको पक्षपातबाट टाढै खडा भएका दलहरूद्वारा घोषणा गरिएको निर्णय, दुर्भाग्यवश उत्पन्न भएमा, पुराना दिनहरूमा जस्तै मतभेदलाई शान्त पार्न अहिले धेरै टाढा जान सक्छ । तर स्वतन्त्रहरूले यस सन्दर्भमा प्रेरितीय उदाहरणलाई अस्वीकार गर्छन्। तिनीहरूको सिद्धान्त भनेको बाह्य अख्तियारको सबै मान्यतालाई अस्वीकार गर्नु मण्डलीको बैठकले निर्णय गरेको कुरालाई हरेक मामलामा अन्तिम बनाउनु र अपिलको विशेषाधिकारबाट पीडितलाई वञ्चित गर्नु हो ।

ख्रीष्ट नै शिर हुनुहुन्छ भन्ने कुरा प्रेरितीय समयको सिद्धान्त थियो। स्वतन्त्रहरू हामी यस सिद्धान्तलाई यसको सम्पूर्ण निष्ठामा स्वीकार गर्छौं भन्न पाउँदा खुशी छौं ।

हामीले गरेको तुलनाको नतिजा के हो भने, त्यहाँ प्रेरितीय मण्डलीका तीनवटा सिद्धान्तहरू छन् जुन हामीले हाम्रा स्वतन्त्र भाइहरू बीच पूर्ण रूपमा स्वीकार

र व्यवहार गरेको पाउँछौँ, अर्थात् लोकप्रिय चुनाव, प्रेस्बिटेर र विशपको पहिचान र मण्डलीमा खीष्ट नै शिर हुनुहुन्छ भन्ने कुरामा स्वीकार र व्यवहार गरेको पाउँछौँ । त्यहाँ हामीले उनीहरूको प्रणालीमा, अर्थात् प्रत्येक मण्डलीमा एल्डरहरूको बाहुल्यता, प्रेस्बिटेरहरूले हात राख्ने व्यवस्था र अपिलको विशेषाधिकारमा भएका तीनवटा प्रेरितीय सिद्धान्तहरूलाई फेला पार्न असफल भएका हुन्छौँ । त्यसकारण, हामी यो निष्कर्षमा पुग्छौँ कि जब वेलायत र रोमको मण्डलीहरूमा रहेको भन्दा धेरै नजिकबाट प्रारम्भिक समयको ढाँचामा सरकारको स्वतन्त्र प्रणाली अगाडि बढेको छ तर अझै पनि यो प्रेरितीय मण्डलीको प्रणालीको उदाहरण बिन्ती गर्न योग्य छैन

## सुधारवाद

अब यति मात्र बाँकी छ कि हामीले प्रेस्बिटेरियन प्रणालीलाई व्यवस्था र गवाहीको मानकसँग तुलना गर्छौँ । प्रेस्बिटेरियन शब्द प्रेस्बिटेरी भन्ने शब्दबाट आएको हो, किनकि मण्डली नेतृत्वको यस रूपको प्रमुख विशेषता भनेको के हो भने यसले मण्डलीको शासन गर्ने कर्तव्य प्रेस्बिटेरीलाई सुम्पिदिएको हुन्छ, जो तिनीहरूको पुरै क्षमतामा मण्डलीका प्रेस्बिटेरहरू वा एल्डरहरूलाई सुम्पिइन्छ । तर हामी यसलाई, साथै अरूलाई पनि इश्वरशास्त्रीय स्तरमा ल्याऔँ ।

प्रेरितीय मण्डलीमा, लोकप्रिय चुनाव स्वीकार्य सिद्धान्त थियो भनेर हामीले बारम्बार उल्लेख गरिसकेका छौँ । प्रेस्बिटेरियनहरूसँग यस्तै हुन्छ । वेलायत र अमेरिकाभरिका सबै प्रेस्बिटेरियन मण्डलीहरूमा, स्कटल्याण्डको स्थापित मण्डलीको एक अपवाद बाहेक, प्रत्येक मण्डलीका सदस्यहरूले सधैँ आफ्नै पदाधिकारीहरू चयन गर्दछन् । मानिसको पाप र मोहले दुरूपयोग नगरेको राम्रो कुरा के हुन्छ ? भन्ने जस्ता कुराहरूद्वारा कहिलेकाहीँ विशेषाधिकारको दुरूपयोग भएको हुन्छ तर प्रेरितीय मण्डलीले हामीलाई विशेष बनाउँछ र यो एउटा ईश्वरशास्त्रीय विशेषाधिकार हो कि प्रेस्बिटेरियनहरूले प्रायः यसलाई सुनभन्दा पनि बढी बहुमूल्य ठान्दछन् भन्ने देखाउँछन् ।

प्रारम्भिक युगमा, विशप र एल्डरको कार्यालय एउटै थियो । एल्डर कुनै विशपको लागि, आधिकारिक स्थितिको बिन्दुमा निम्नस्तरको कोटीमा थिएनन्, न त एल्डरको लागि विशप नै थिए । प्रेस्बिटेरियन मण्डलीमा यस्तै हुन्छ । हरेक एल्डर एउटा विशप वा बगालको निरीक्षक हुन् र प्रत्येक विशप एक एल्डर हुन् जसको कार्य भनेको परमेश्वरको राज्यमा नेतृत्व गर्नु हो । एल्डरको जिम्मेवारीमा दुईवटा विभागहरू हुन्छन्, शिक्षणको र नेतृत्वको तर जिम्मेवारी भने एउटै हुन्छ ।

प्रेरितीय मण्डलीको हरेक मण्डलीमा एल्डर वा विशपको बाहुल्यता हुन्थ्यो । वर्तमान समयमा हरेक प्रेस्बिटेरियन मण्डलीमा यस्तै अभ्यास हुन्छ । तिनीहरूको प्रत्येक मण्डलीमा एल्डरको जिम्मेवारीमा नियुक्त गरिएका धेरै व्यक्तिहरू हुन्छन्, जसमध्ये एकजनाले कम्तिमा पनि आफूलाई सेवकाइका विभिन्न विभागहरूमा, विशेष गरी सार्वजनिक निर्देशनको काममा दिन्छन्, जब कि अरूहरूले परमेश्वरको मण्डलीमा नेतृत्व गर्ने आफ्नो मुख्य काममा ध्यान दिएका हुन्छन् । हामीले पहिलेनै भने अनुसार, शिक्षा दिने र नेतृत्व गर्ने एउटै सेवाका फरक विभागहरू हुन् र यसमा कुनै शङ्का गर्न सकिँदैन कि सेवामा नियुक्त भएकाहरूलाई संक्षेपमा दुवै विभागहरूमा रहने अधिकार हुन्छ तर पनि व्यवहारमा भने, हरेक एल्डरले सबैभन्दा बढी आफ्नो विभागलाई ध्यान दिएका हुनाले, जुन विभागको लागि उनी आफ्नो कर्तव्यलाई निर्वाह गर्नका लागि उत्तम योग्य छन्, यो मानिसहरूका लागि बढी सुविधाजनक र लाभदायक भएको पाइन्छ । सबै एल्डरहरू विशपहरू भएकोले गर्दा, ईश्वरशास्त्र अनुसार, उनीहरूलाई प्रचार गर्ने, बप्तिस्मा दिने, प्रभुभोजको व्यवस्थापन गर्ने र व्यवस्था गर्ने समान अधिकार छ, "तर यी कर्तव्यहरू एल्डरहरूमध्ये एक जनामा हस्तान्तरण गर्ने व्यवस्था गरिएको हुन्छ, जसलाई सेवक भनिन्छ, जो विशेष रूपमा आफ्नो कामको लागि प्रशिक्षित हुन्छन् र सामान्य सहमतिद्वारा, धेरै वरदानहरू र उपलब्धिहरू प्राप्त गर्न स्वीकार गरिएको हुन्छ र जो फलस्वरूप, यी अभिषेकहरू वा नियुक्तिहरू सम्पादन गर्नको लागि र मण्डलीलाई सुदृढीकरण गर्नका लागि उचित छ; जब कि अधिकांश एल्डरहरूले मात्र नेतृत्व गरेका हुन्छन् । बिरामीहरूलाई भेट्न जान्छन्, विश्राम विद्यालयहरू निरीक्षण

गर्न जान्छन्, प्रार्थनाका सभाहरू सञ्चालन गर्छन्, आफूलाई अन्य कुराहरूमा उपयोगी बनाउँछन् । त्यसैले प्रेस्बिटेरियनहरूले हरेक मण्डलीमा एल्डरहरूको बाहुल्यतालाई कायम राख्दछन् र यो प्रेरितीय समयहरूमा थियो । यो तिनीहरूको माझमा एल्डरहरूका लागि वचन र सिद्धान्तमा परिश्रम नगर्नेहरूलाई नेतृत्व गर्ने चलन हो । कुनै पनि पूर्वाग्रहरहित व्यक्तिले १ तिमोथी ५:१७ बाट प्रारम्भिक समयहरूमा र अहिले वर्तमानमा समेत पनि एल्डरको जिम्मेवारी कार्यका दुईवटा ठूला विभागहरूमा विभाजित थियो भन्ने देख्न सकिन्छ । "मण्डलीको असल रेखदेख गर्ने एल्डरहरू दोबर आदरका योग्य हुन्छन्, विशेष गरी, जसले वचनको प्रचार र शिक्षामा परिश्रम गर्दछन् ।" यस खण्डमा डा. किङ्गको टिप्पणीले विवेक र सत्यताको लागि हरेक बुद्धिमान् व्यक्तिलाई प्रशंसा गरिनु पर्दछ । उनले भन्दछन्, "यी वचनहरूले एक निष्पक्ष पाठकलाई केवल एउटै अर्थमा यो सुझाव दिन सक्छन् कि राम्रो काम गर्ने सबै एल्डरहरू प्रचुर मात्रामा योग्य छन्, जसले विशेष गरी, तिनीहरूको सङ्ख्यामा, वचनको प्रचार र सिद्धान्तमा समेत परिश्रम गर्दछन् । वास्तवमा, यसरी व्याख्या गरिएको खण्डले के बुझाउँछ भने, राम्रोसँगले नेतृत्व गर्ने एल्डरहरू, वचन र सिद्धान्तमा केही परिश्रम मात्र गर्दछन् अर्थात यी शिक्षा दिने एल्डरहरूको बीचमा अहिले हामीसँग वर्तमानमा भएझैं त्यहाँ शासन गर्ने एल्डरहरू पनि छन् ।" "यसरी हामी यस प्रसिद्ध खण्डको वास्तविक प्रदर्शनलाई सम्मिलित गर्न परीक्षामा परेका छौं, जसको बारेमा हामीलाई प्रायः हाम्रा विपक्षीहरूले सबैभन्दा विडम्बना र असाधारण व्याख्याहरू दिने भनी आरोप लगाएका छन् । तर वर्तमानमा हामीले विशेष गरी ध्यानमा राखेको बुँदा के हो भने प्रेस्बिटेरियन, प्रेरितीय मण्डलीझैं हरेक मण्डलीमा एल्डरहरूको बाहुल्यता छ कि छैन भनेर अवलोकन गर्न पाठकहरूलाई अनुरोध गरिएको छ ।

प्रेरितीय मण्डलीमा पदाधिकारीहरूलाई प्रेस्बिटेरीहरूले आफ्ना हात राखेर प्रार्थना गरी तिनीहरूको कर्तव्यको फरक फरक क्षेत्रहरूमा अलग गरिएको थियो । प्रेस्बिटेरियन मण्डलीले, यसका धेरै शाखाहरूमा ईश्वरशास्त्रीय सिद्धान्तलाई सधैं व्यवहारिक रूपमा बोक्दछ ।

प्रेरितीय मण्डलीमा, अपिलको विशेषाधिकार र नेतृत्वको अधिकारलाई मान्यता दिइएको थियो । यस विशेषाधिकारलाई मात्र स्वीकार गरिएको थिएन तर यो सुधारवादको सबैभन्दा विशिष्ट सिद्धान्तहरूमध्ये एक हो । यदि मण्डलीमा कुनै भिन्नता उत्पन्न भएमा, सदस्यहरूले यदि तिनीहरूले चाहेको खण्डमा, कुनै पनि अपिल नगरी, मुद्दाको समाधान गर्न सक्षम हुन्छन् तर यदि यो असफल भयो भने, यो सबै कुरालाई सल्लाह  वा निर्णयको लागि प्रेस्बिटेरीहरू जम्मा भएको ठाउँमा एल्डरहरूको सभामा पठाउन समान रूपमा सक्षम हुन्छन् । प्रणालीलाई थाहा भएको उच्च मण्डलीय अदालत भनेको नै प्रेस्बिटेरी हो । सिनोड नाम सामान्यतया एउटा प्रान्तमा भएको प्रेस्बिटेरीलाई दिइएको हुन्छ र यस नाममा हुने सुविधाजनक साधारण सभा राष्ट्रको प्रेस्बिटेरीसँग जोडिएको हुन्छ । साधारण सभाको अधिकार क्षेत्र सिनोडमा हुन्छ किनभने यो नै सबैभन्दा ठूलो प्रेस्बिटेरी हो । तसर्थ, मण्डली व्यवस्थाहरूको त्यो अधीनस्थता, जसलाई सुधारवादका केही अन्यायपूर्ण मित्रहरूले पद्धतिको मुख्य विशेषताको रूपमा बोल्दछन्, त्यो केवल आकस्मिक व्यवस्था मात्र हो, जुन अनुभव संघ र बलको लागि अनुकूल साबित भएको छ तर प्रणालीको अस्तित्वको लागि त्यो कुनै पनि हालतमा आवश्यक छैन । यद्यपि, पूर्ण प्रेस्बिटेरियन निकाय भए तापनि, कुनै सम्प्रदाय, सिनोड वा सभा बिना र जिल्ला प्रेस्बिटेरी बिना कुनै पनि मण्डलीको अदालत नहुने कुरा यस तथ्यले प्रमाणित गर्दछ । त्यहाँ एल्डरहरूको एउटा मात्र सभा होस् जसमा मण्डलीले एउटा अपिल पेश गर्न सकोस् र प्रेरितीय सिद्धान्त सुरक्षित हुन पाओस् । एउटा व्यवहारिक प्रतिनिधित्व विद्यमान व्यवस्थाको परिणाम भएको भएता पनि प्रतिनिधित्व प्रणालीको मुख्य विशेषता हो भन्ने कुरा पनि निश्चित छैन । पहिलो पटक जिम्मेवारीमा छनोट भएपछि मानिसहरूले चुनेका केही पदाधिकारीहरूले धेरैका लागि काम गर्न प्रतिनिधित्व गर्दछन् । न त सबै पदाधिकारीहरूलाई उच्च अदालतहरूमा भर्ना हुने कुनै मौका नै हुन्छ । किनभने संक्षेपमा भन्नुपर्दा सबै एल्डरहरू शक्तिको सन्दर्भमा एक समान छन् । त्यसैले तिनीहरूलाई प्रेस्बिटेरीमा बस्ने समान अधिकार छ तर पनि सुविधाको लागि एकै समयमा यस अधिकारको अभ्यास गर्नलाई तिनीहरूको एउटा भाग मात्र सहभागी हुन पाउने छ भनी सहमति भएको छ

। आयरल्याण्डको प्रेस्बिटेरियन मण्डलीमा यो प्राचीन चलन रहेको छ । लामो समयको अनुभवले मात्र दुई जना एल्डरहरू, शिक्षण गर्ने एल्डर वा सेवक र एक मुख्य एल्डरले, प्रेस्बिटेरीमा आफ्नो सीट लिनको निम्ति यसका सुविधाका लागि निश्चित हुन सेवा गरेका हुन्छन् । यी व्यवस्थाहरूको नतिजाले गर्दा, व्यवहारिक प्रतिनिधित्व हुन्छ र प्रणालीले यसको सबै फाइदाहरूलाई प्राप्त गर्दछ तर यसलाई सुधारवादको मुख्य खम्बा हो भन्नु हाम्रो विचारमा यस मुद्दाको तथ्यको विपरीत हुन्छ । यदि हाम्रो मण्डली प्रशासनहरूमा प्रत्येक एल्डरलाई सीट दिनको लागि प्रेस्बिटेरीको मञ्च यति फराकिलो भएको थियो भने, यसले ठूलो मात्रामा प्रतिनिधित्वलाई हटाइदिने थियो र धेरै कारणले यो कुरा मूर्खतापूर्ण हुनेथियो तर यसले प्रणालीको खम्बालाई हटाउने चाहिँ थिएन । यसै बिचमा, प्रतिनिधित्वको सिद्धान्त र मण्डली प्रशासनहरूको अधीनस्थताको बारेमा जुनसुकै कुरालाई विचार गर्न सकिन्छ, सरकारको प्रेस्बिटेरियन रूप प्रेरितीय मण्डलीको जस्तै समान रूपमा थियो । मानिसहरूलाई अपिल गर्ने अधिकारलाई एल्डरहरूको सभाले र एल्डरहरूको सभालाई प्रशासनिक अधिकार दिने मौका सुरक्षित हुन्छ भन्ने कुरामा कुनै शङ्का छैन । हामीलाई थाहा भए अनुसार, नेतृत्वको बिन्दुमा प्रेस्बिटेरियन नभएको कुनै पनि सम्प्रदायले यसलाई उपभोग गरेको हुँदैन ।

प्रेस्बिटेरियन मण्डलीमा प्रभु येशू एक मात्र राजा र शिर हुनुहुन्थ्यो । यो नै सबै प्रेस्बिटेरियनहरूले जानेको एक मात्र सत्यता हो र व्यवहारिक रूपमा यसलाई केही थोरै मानिसहरूले बाहेक सबैले व्यवहारमा लागु गरेका छन् । ती थोरै व्यक्तिहरू जसलाई राज्यसँगको उनीहरूको सम्बन्धको कारणले सैद्धान्तिक व्यवहारबाट बाहिरिएको आरोप लगाइएको छ । सबै प्रेस्बिटेरियन मण्डलीहरू तिनीहरूको सबैभन्दा प्यारो, साथै विशिष्ट सिद्धान्तहरू बीचको श्रेणीमा छन् कि ख्रीष्ट मात्र मण्डलीको राजा र शिर हुनुहुन्छ । एक सम्प्रदायको रूपमा मण्डली राज्यव्यवस्थाबाट स्वतन्त्र छ र सबै आत्मिक मामिलामा यसको सर्वोच्च अधिकारको क्षेत्र छ र यसका पदाधिकारीहरूले त्यस अधिकार क्षेत्रलाई उहाँको वचनमा व्यक्त गरे अनुसार ख्रीष्टको मन अनुसार प्रयोग गर्न बाध्य छन् भनेर प्रेस्बिटेरियनहरूले सधैँ मान्दै आएका छन् । मण्डलीमा येशू ख्रीष्टको

सर्वोच्च प्रभुत्वको सिद्धान्त एक हो जसमा, प्रेस्बिटेरियनहरू उनीहरूको संलग्नतामा एकमत छन् ।

त्यसपछि, हामी प्रेरितीय मण्डलीमा स्थापित प्रेरित मानिसहरूद्वारा भएका नेतृत्वका छ वटा मुख्य सिद्धान्तहरूलाई मिनेट र धैर्यताको जाँचमा भेट्टाउँछौं । ती सबैलाई हामी प्रेस्बिटेरियनहरू बीच मान्यता प्राप्त र व्यवहारिक रूपमा लागु गरिएको छ । हामीलाई संसारमा भएका अरू कुनै सम्प्रदाय थाहा छैन, जसको मण्डली नेतृत्वको स्वरूपको सत्यताबाट बिदा नगरी यही प्रसङ्गको प्रयोग गर्न सकिन्छ ।

## परिणाम

त्यसो भए यहाँ हाम्रो अनुसन्धान र तुलनाको परिणाम छ। परमेश्वरको वचनले नेतृत्वको छ वटा महान् र राम्ररी परिभाषित गरिएका सिद्धान्तहरूलाई समावेश गर्दछ, जसलाई मण्डलीमा समाहित गरिएको थियो, जुन प्रभुको प्रेरणा पाएका प्रेरितहरूद्वारा स्थापना गरिएको र व्यवस्थित गरिएको थियो । ग्रीक र रोमी मण्डलीहरूबाहेक, अस्तित्वमा भएका सबै आधुनिक मण्डलीहरूले आफूलाई हामी प्रेरितीय मण्डलीहरू हौं भनेर दाबी गर्दछन् र तिनीहरूले ईश्वरशास्त्रलाई विश्वास र अभ्यासको एकमात्र नियमको रूपमा स्वीकार गरेका छौं भनी दाबी गर्दछन्। तर वेलायतको मण्डलीको प्राचीनतालाई ईश्वरीय वचनको मानकसँग तुलना गर्दा त्यस मण्डलीमा नेतृत्वमा कुनै पनि प्रेरितीय सिद्धान्तलाई मान्यता दिइएको वा मूर्त रूप दिइएको पाइँदैन । स्वतन्त्रहरूमध्ये, तीनवटा प्रेरितीय सिद्धान्तहरू व्यवहारमा उदाहरणीय छन्, अरू बाँकी तीनवटा कतै फेला परेका छैनन् । प्रेस्बिटेरियनहरू बिच यी छवटा सिद्धान्तहरू सबैका लागि स्वीकार्य छन् र तिनीहरूमध्ये प्रत्येक प्रेस्बिटेरियन प्रणालीको मुख्य विशेषता हो । अब हामी पाठकलाई हामीले अनुसन्धानमा प्रवेश गरेको स्वयम्सिद्धताको सम्झना गराउँछौं । आधुनिक मण्डली जसले आफ्नो संरचनामा सबैभन्दा बढी प्रेरितहरूको सिद्धान्तलाई मूर्त रूप दिन्छ, त्यसैले आफ्नो नेतृत्वमा प्रेरितीय मण्डलीको सबैभन्दा नजिक आउँछ । मुद्दाको टुङ्गो लगाउने क्रममा हामी यही स्वयमसिद्धतालाई लागु गर्दछौं । हाम्रो निष्कर्ष के हो भने रोम र वेलायतको

प्रारम्भिकता प्रेरित मानिसहरूद्वारा स्वीकृत भएको मण्डली नेतृत्वको रूपको प्रत्यक्ष विरोधमा छ र जब स्वतन्त्रता अझ धेरै नजिक हुन्छ तब त्यो प्रारम्भिक नमुनामा पुग्नबाट चुक्दछ, तब प्रेस्बिटेरियन संरचनाको बिन्दुमा पुग्ने केवल प्रेरितीय मण्डली मात्र हुन्छ ।

वास्तवमा, पृथ्वीमा भएको  कुनै पनि मण्डली सबै कुरामा प्रारम्भिक युगमा प्रस्तुत भएको ढाँचाको सही नमूनालाई कायम राख्नबाट हामी धेरै टाढा भएका छौं । ईश्वरशास्त्रको प्रेरितीय मण्डली पूर्ण रूपमा अद्वितीय छ भन्ने कुरालाई देख्न यसका सबै भागहरूलाई यस संसारमा फेरी पनि कहिल्यै महसुस गर्न नसकिएला भनेर थोरै विचार गर्नु आवश्यक हुन्छ । यसमा प्रेरितहरू, अगमवक्ताहरू र प्रेरितीय प्रतिनिधिहरू सबै असाधारण शक्तिहरुसँग निहित थिए, जुन कुनै उत्तराधिकारीहरूलाई हस्तान्तरण गरिएको छैन । प्रारम्भिक प्रचारकहरूले आफ्नो सिद्धान्तको पुष्टि गर्न आश्चर्यकर्म गर्ने र हात राखेर पवित्र आत्मा प्रदान गर्ने कुरा सामान्य थियो । कहिलेकाहीँ एउटै मण्डलीमा धेरै प्रतिभाशाली भाइहरू थिए, जसले भविष्यवाणीपुर्ण आँखाले भविष्यमा हुनेवाला कुराहरूलाई देख्न सक्थे र परमेश्वरको मनमा भएका कुराहरूलाई आश्चर्यमय तरिकाले घोषणा गर्न सक्थे । यरूशलेमको मण्डलीमा प्रेरितहरूको सम्पूर्ण कलेज र अन्य सबै मण्डलीहरू को आमाद्वारा सङ्गठित, त्यहाँ वस्तुहरूको समूदाय स्थापित थियो । ती समयका मानिसहरूको लागि यो एकदम सामान्य कुरा थियो, जब तिनीहरूको हृदय प्रभु येशूको प्रेमको पहिलो चमकले एकमत भएको थियो, तब तिनीहरूले आआफ्ना सम्पत्तिहरू बेचेर तिनीहरूको मूल्य प्रेरितहरूका चरणमा राखिदिने काम गरे । सबै प्रेरितीय युगमा ख्रीष्टियन आराधनाको उत्सवका लागि कुनै सार्वजनिक भवनहरू बनाइएका थिएनन् र सार्वजनिक शिक्षकहरू आफ्नो जीवनको श्रमलाई देशको एउटा सानो जिल्लामा सीमित गर्नुको सट्टा, वचन प्रचार गर्न जतातते गए । यी मामिलाहरू नै हुन् जसको बारेमा हामीले थाहा पाएको कुनै पनि सम्प्रदायले अहिलेसम्म प्रेरितीय मण्डलीको नक्कल गर्न सकेको छैन वा तिनीहरूले त्यसै गर्ने धेरै कम सम्भावना छ ।

फेरि पनि त्यहाँ केही व्यवस्थाहरू गरिएका छन्, तीमध्ये केही अत्यन्तै महत्वहीन छन्, प्रेस्बिटेरियन प्रणालीसँग जोडिएका छन्, जसका लागि इश्वरशास्त्रमा उदाहरण पाउन गाह्रो हुन्छ। हामीले पहिले नै प्रेस्बिटेरीका सभाहरूमा एक वा दुई जना एल्डरहरूका अभ्यासलाई प्रतिनिधित्व गर्दै तिनीहरूका भाइहरूलाई हाम्रो सभामा प्रतिनिधित्व गर्ने गरी ईश्वरशास्त्रले भन्दा धेरै सामान्य अर्थमा विज्ञापन गरिसकेका छौँ र कुनै पनि व्यक्तिगत मण्डलीलाई प्रभावको प्रचुरताको अभ्यास गर्नबाट रोक्नका लागि अपनाएका छौँ र जहाँसम्म सम्भव भए अनुसार, सुरक्षित गर्नका लागि विचार र निष्पक्ष वाक्यहरूलाई सकेसम्म शान्त पारेका छौँ। के हामी एल्डरहरूको सभामा भाइहरूलाई सही निर्णयमा डोऱ्याउन प्रेरणा भएका प्रेरितहरूको व्यक्तिगत उपस्थितिको आदेश दिन सक्छौँ ? हामी निश्चित छौँ कि सबै कुरा ठीक हुनेछन् र हामी प्रतिनिधिको रूपमा उदार नहुन सक्छौँ तर जबसम्म मानव पूर्णताबाट टाढा रहन्छ, तबसम्म उसलाई यो दुरूपयोगबाट जोगाउनु र स्वेच्छाचारी शक्तिको अभ्यास जबर्जस्ती लाद्ने कुराबाट बचाउनु सही हुन्छ । यसलाई पूरा गर्न र त्यही समयमा मानिसहरूको विश्वासलाई सुरक्षित गर्नका लागि प्रतिनिधित्वभन्दा राम्रो अर्को कुनै योजना छैन । हामीले मण्डली प्रशासनको अधीनस्थताको बारेमा पनि कुरा गरिसकेका छौँ, अपिलको सिद्धान्तलाई प्रभाव पार्नको निम्ति प्रवेश गरिएको व्यवस्था र जसले सम्प्रदायको एकतालाई मात्र बल प्रदान गर्दैन, बरू स्पष्ट रूपमा अन्य धेरै फाइदाहरूलाई पनि समावेश गर्दछ। यी दुवै सिद्धान्तहरूको उपयोगितामा कुनै शङ्का नै छैन तर तिनीहरू सुधारवादको लागि आवश्यक हुन् भनेर भन्नु चाहिँ व्यर्थ थियो ।

मण्डलीको प्रशासनमा सामान्य तत्वको प्रवेशबाट प्रेस्बिटेरियन प्रणालीमा पाइने फाइदाहरूको बारेमा मानिसहरूले कुरा गरेको सुन्नु असामान्य होइन। यो पूर्ण रूपमा असमझदारी भएको एउटा कुरा हुनुपर्छ । कुनै पनि शिक्षा दिने र नेतृत्व गर्ने एल्डरहरू मण्डलीको अधिवेशनदेखि महासभा सम्म कुनै पनि प्रेस्बिटेरियनको प्रशासनमा बस्न सक्दैनन् र हामीले पहिले नै हेरिसकेका छौँ कि सबै एल्डरहरू आधिकारिक स्थितिमा समान छन् र तिनीहरूको कर्तव्यका विभागहरूमा केही हदसम्म फरक भएता पनि तिनीहरूको कार्यालय भने एउटै हुन्छ । कुनै पनि प्रकारको एल्डर एउटा सामान्य मानिस होइन तर एउटा

मण्डलीको अधिकारी हो र ऊ प्रेस्बिटेरले हात राखेर अभिषेक गरी नियुक्ति गरिएको र बगालको रेखदेख गर्न र आत्मिक कार्यहरू निर्वाह गर्नका लागि नियुक्त गरिएको व्यक्ति हो । न त एउटा एल्डर हाम्रो मण्डलीको प्रशासनमा सामान्य विश्वासीको प्रतिनिधित्व गर्न नै बस्छन् । सेवकले उनीहरूलाई प्रतिनिधित्व गर्ने भन्दा भिन्नै अर्थमा उनले समाजको प्रतिनिधित्व गर्दछन् । तिनीहरू दुवै जनालाई मानिसहरूले चुनेका हुन् र ती दुवैले मण्डलीमा एउटै कार्यालय भर्दछन्, तिनीहरू केवल शिक्षा, श्रम र इनामको बीचमा मात्र फरक छन् । अधिकांश एल्डरहरू धर्मनिरपेक्ष कार्यमा संलग्न छन् भन्ने तथ्यबाट मात्र यो धारणा प्रशंसनीय हुन्छ, तर सबै सेवकहरू सुरूमा अति धेरै व्यस्त थिए भन्ने कुरालाई याद राख्नु पर्दछ । एक प्रेरितको रूपमा उनले हामीलाई बारम्बार सूचित गरे अनुसार उनी पनि एक व्यवसायी नै थिए (प्रेरित २०:३४; १८:३; १कोरिन्थी ४:१२; १थिस्सलोनिकी २:९; २थिस्सलोनिकी ३:८) । यो एफिससका विशपलाई पावलको अभिभाराको अंश थियो, “कि तपाईंहरूले पनि यसरी नै कडा परिश्रम गरेर निर्धाहरूलाई मद्दत गर्नुपर्छ” (प्रेरित २०:३५) । यदि धर्मनिरपेक्ष रोजगारीको खोजीले हाम्रा एल्डरहरूलाई सामान्य मानिसको रूपमा प्रमाणित गर्छ भने, एफिससका विशपहरू सामान्य थिए र अन्यजातिहरूका प्रेरित पनि एक सामान्य मानिस नै थिए । भाइहरू प्रेरितीय परिषदमा उपस्थित भए अनुसार (प्रेरित १५:२३), सामान्य मानिसहरू प्रतिनिधित्व गर्न योग्य हुन्छन् र हाम्रा मण्डलीका प्रशासनहरूमा एल्डरहरूले प्रतिनिधित्व गर्दछन्, किनकि एलडरहरू र भाइहरू दुवै त्यो परिषदमा उपस्थित थिए भन्ने कुरा सबैलाई थाहा छ र त्यसैले प्रत्येक वर्गको आफ्नै स्थान र कार्य भएको हुँदा एकले अर्कोको प्रतिनिधित्व गर्न सकेनन् । एल्डरहरू परमेश्वरको घरमा आत्मिक शासकको रूपमा आफ्नो अधिकारमा बस्छन् । हाम्रो मण्डली नेतृत्वकर्ताको कुनै पनि सामान्य प्रतिनिधिहरू छैनन् र कुनै पनि एल्डरहरू छैनन् जुन नाम कार्यालयलाई अपमान र बद्नाम गर्नको लागि अज्ञानताले आविष्कार गरिएको छ ।

जेभए तापनि, यी सर्तहरूले धोका दिएअनुसार, मण्डलीको आदेशका यस्ता विचित्र धारणाहरू, समयको क्रममा शिक्षा दिने एल्डरहरू र शासन गर्ने

एल्डरहरूको बीचको असमानताबाट छर्लङ्ग भएको छ भनी स्पष्ट भन्न सकिन्छ । यो असमानता कुनै मण्डलीय कानूनको परिणाम होइन तर यो मुख्यतया वरदानहरूको भिन्नताको प्रभाव सुरूमा थियो र अहिले पनि छ । एल्डरहरूमध्ये सबैभन्दा प्रतिभाशाली वरदान पाएका एल्डरहरूलाई सुरूमा प्रचार गर्न नियुक्त गरिएको थियो र पहिले केवल वरदानहरूको भिन्नताले मात्र समयको प्रगतिसँगै पदको भिन्नताको उपस्थितिले ढाकिदिन बढेको छ । यहाँ डा. क्याम्पबेलको साँचो टिप्पणीको स्मरण गराइएको छः "शक्तिमा एक किसिमको आकर्षण गर्ने सामर्थ्य हुन्छ, जसले यसलाई सञ्चय गर्ने प्रवृत्ति दिन्छ, यहाँसम्म कि शरूमा जुन कुराको बोधगम्यताको भेदभाव हुन्छ, त्यो सबैभन्दा उल्लेखनीय असमानता समयको प्रकृयामा बढ्दै जान्छ ।"

प्रेस्बिटेरियनहरूको बिचमा शिक्षा दिने एल्डरहरू र नेतृत्व गर्ने एल्डरहरूको बीचमा भएको असमानतालाई रक्षा गर्नुको साटो, त्यसको निम्ति विलाप गर्नु योग्य छ र सकेसम्म त्यसलाई हटाइदिनु पर्दछ । जेभए तापनि, यो शिक्षा दिने एल्डरलाई तल झारेर होइन तर मण्डली संचालन गर्ने एल्डरलाई माथि उचालेर र प्रभुको खातिर आफ्नो कर्तव्य निर्वाह गर्न सक्ने उत्तम क्षमताको रूपमा दृढ, एल्डरहरूका जिम्मेवारीहरू पूरा गर्नका लागि अनुग्रह र वरदानको सामान्य मापनले मानिसहरूबाट अलग हुने सचेत व्यक्तिहरूलाई मात्र यस पदमा नियुक्ति गर्ने हो । यस बाहेक, डिकनको कार्यालय जो हाल केही मण्डलीहरूमा मात्र रहेको छ, त्यसलाई हरेक मण्डलीमा पुनर्जिवित पार्नुपर्छ, जहाँ एल्डरहरूले आफ्नै विशेष आत्मिक चिन्ताहरूलाई बेवास्ता गरेर मात्र अस्थायी मामलाहरूको व्यवस्थापन गर्न सक्छन् ।

यी र यस्ता अन्य दोषहरूलाई त्रुटिहरू देखिएको खण्डमा सुधार गर्न सकिन्छ, किनकि यो प्रेस्बिटेरियन मण्डली राजनीतिको सिफारिस गरिएका धेरै सिफारिसहरूमध्येको एक हो, कि यसले आफैंमा सुद्धिकरण र सुधार गर्ने शक्तिको हैसियत राख्छ, जसद्वारा सधैं प्रणालीको ईश्वरशास्त्रीय र आवश्यक सिद्धान्तहरू संरक्षण गर्दै, यसले कुनै पनि व्यवस्थालाई परिवर्तन गर्न सक्छ, जुन अनुभवले प्रमाणित गरेको छ । यसको व्यवहारिक सञ्चालन राम्रोको उत्पादक हुन सक्दैन ।

त्यसो त, हामी प्रेस्बिटेरियन मण्डली सबै कुरामा प्रेरितीय मण्डलीको ठ्याक्कै नक्कल हो भनेर दाबी गर्दैनौं । त्यहाँ एउटामा पाइएका केही चीजहरू छन् जुन, सधैँ अर्कोलाई पनि चाहिरहेको हुन्छ र यसको विपरित, एउटालाई चाहिएको कुरा अर्कोमा पाइन्छ । तर सिद्धान्तमा तिनीहरू ठ्याक्कै उस्तै छन्ः आराधनाको कुरामा तिनीहरू ठ्याक्कै उस्तै छन्ः नेतृत्वमा एउटाका सबै मुख्य सिद्धान्तहरू अर्कोमा पाइन्छन् । पृथ्वीमा कुनै अर्को यस्तो मण्डली छैन, जसको उस्तै खालको कथनहरू सत्यमा गर्न सकिन्छ । त्यसैकारण, हामी यसलाई संसारमा अस्तित्वमा भएका सबै मण्डलीहरूको सबै तर्कसंगत शङ्काहरूलाई परै राख्दा तिनीहरूमध्ये प्रेरितीय मण्डली, प्रेरितीय समयको मण्डलीको नमुनाको नजिक आउँछ ।  यो सत्य हो कि यहाँ प्रमाण दिने हरेक मानिसले होशियारीपूर्वक र पूर्वाग्रहरहित भएर आफ्नो विचार प्रस्तुत गरेको छ र यसमा विश्स्त हुनपर्छ भन्ने हामी विचार गर्दछौं ।

## व्यवहारिक पाठहरू

मण्डली नेतृत्वको प्रेरितीय सिद्धान्तहरू प्रेस्बिटेरियन प्रणालीका विशेषताहरू हुन् । अरू मण्डलीहरूले यी सिद्धान्तहरूलाई अभ्यास गर्दैनन् वा स्वीकार गर्दैनन्, यही नै प्रेस्बिटेरियनहरू तिनीहरूबाट अलग रहनुको मुख्य आधार हो ।

सुधारवादले प्रतिद्वन्दी प्रणालीले गर्न असफल भएको काम गरेको छ भन्ने कुरादेखि बाहेक, स्वतन्त्र हुनुको सट्टा प्रेस्बिटेरियन हुनको कुनै राम्रो कारण मलाई थाहा छैन भन्ने म विश्वास गर्छु। प्रेरितीय नेतृत्वका सिद्धान्तहरू संरक्षित छन् र यस कारणका लागि, ईश्वरशास्त्रीय औचित्यको मात्रा (एकताको बारेमा, एकजुट हुने र जोशको बारेमा कुरा नगर्ने) छ, जसले कहिल्यै स्वतन्त्रता पाउन सक्दैन । धर्माधिकारीको स्थापनामा यी प्रेरितीय सिद्धान्तहरूको अनुपस्थितिले सधैँ प्रबुद्ध र इमान्दार प्रेस्बिटेरियनहरूलाई यसको फिक्कापनबाट बाहिर राख्नु पर्दछ, चाहे यसका लेखहरूमा प्रस्तुत गरिएका परिमार्जनहरू भएपनि वा यसको अनुष्ठानमा जस्तौसुकै परिवर्तन किन नल्याइएको होस् ।

यदि हाम्रा विशिष्ट सिद्धान्तहरू प्रेरितीय र महत्वपूर्ण छैनन् भने, सुधारवाद केवल मूर्खता मात्र नभएर ठूलै मूर्खतापूर्ण कुरा हुन्छ र यस्तो आधारमा अन्य सम्प्रदायहरूबाट अलग खडा भएर, हामी केवल परमेश्वरकै मण्डलीमा अनावश्यक विभाजनहरू कायम राख्छौँ । यदि हामीले प्रणालीका विशेषताहरूलाई या त तिनीहरू सत्य होइनन्, या त सानातिना परिणामका सत्यहरू हुन् भनी पत्ता लगायौँ भने, हामीले विद्यमान विभेदलाई निको पार्न द्रुत रूपले कदम चाल्नुपर्छ र हाम्रो आफ्नै भन्दा धेरै ईश्वरशास्त्रीय र महत्वपूर्ण सिद्धान्तहरू भएका केही भगिनी सम्प्रदायसँग एकता गरेर ठूलो मात्रामा खीष्टियन युनियनको उदाहरण दिनुपर्छ । तर यदि, अर्कोतर्फ हाम्रो विशिष्ट सिद्धान्तहरू धेरै महत्वपूर्ण र साँचो पनि छन् भने, परमेश्वर र मण्डलीप्रतिको कर्तव्यले हामीले तिनीहरूलाई स्वीकार गर्ने, चित्रण गर्ने, रक्षा गर्ने र तिनीहरूलाई संसारको सूचनामा थिच्ने माग गर्दछ ।

यी मध्ये कुनै पनि कर्तव्यहरू निर्वाह गर्दा प्रेस्बिटेरियनहरू वर्तमानमा अलिक बेवास्ता गरिएको जस्तो देखिन्छन् । एउटा सम्प्रदायको रूपमा हामी हाम्रा विशिष्ट सिद्धान्तहरू त्याग्न र धर्माधिकारी वा स्वतन्त्रतामा विलय गर्ने इच्छा देखाउँदैनौं न त अर्कोतर्फ हामीले तिनीहरूलाई सिकाउने र प्रचार गर्ने त्यस्तो प्रयास गर्छौं जुन सत्यले हाम्रो हातमा आशा गर्ने अधिकार छ । यी सिद्धान्तहरूबाट हाम्रो मण्डलीको प्रणालीको नाम र चरित्रलाई निकालेर तिनीहरू धेरै महत्वपूर्ण छन् भनेर हामी संसारलाई बताउन चाहन्छौं यस विषयमा हाम्रो पुल्पिटको सेवकाइमा हाम्रो सञ्चित बानीले गर्दा, हामी तिनीहरू एकदमै थोरै छन् भनी भन्छौं जस्तो लाग्छ । यस सन्दर्भमा हाम्रो आचरण अस्पष्ट र नबुझिने खालको छ । हामी एउटा हातले निर्माण गर्छौं र अर्को हातले चाहिँ भत्काइहाल्छौं । केही सिद्धान्तहरूको आधारमा हामी अरू सम्प्रदायहरूबाट अलग रहन्छौं र अझै पनि यी सिद्धान्तहरू पुल्पीटबाट सिकाउनुलाई सामान्यतया सुसमाचारसँग नमिल्दो घुसपैठको रूपमा हेरिन्छ । मण्डलीको रूपमा हाम्रो छुट्टै अस्तित्वले परिणामको साथ हाम्रा विशेषताहरूले ढाकिदिन्छ, उनीहरूलाई प्रभाव पार्ने हाम्रो बिर्सने बानी गहन खालको हुन्छ, यदि यसले उत्पादन गर्दैन भने, तिनीहरूको कुनै औचित्य छैन भन्ने मानिसहरूको लोकप्रिय धारणा छ ।

हाम्रो सिद्धान्तको प्रदर्शनीहरू पुल्पिटबाट बिरलै प्रस्तुत हुन्छ, तथ्य कुरा के हो भने मुद्दाको परिस्थितिसँग परिचित भएका थोरै मानिसहरूले मात्र यसलाई इन्कार गर्ने साहस गर्नेछन् । म सहर र देशका विभिन्न प्रेस्बिटेरियन मण्डलीहरूमा वर्षौंसम्म रहें, म ख्रीष्टको सुसमाचार र हाम्रा सेवकहरूले प्रचार गरेको ख्रीष्टियन नैतिकताका महान उपदेशहरू सुन्न कहिल्यै असफल भइनँ र सधैं ठूलो विश्वासका साथ र कहिलेकाहीं पर्याप्त शक्तिका साथ यसलाई लागु गरियो तर एउटा सेवकसँग बसोबास गरेकोदेखि बाहेक, मैले कुनै पनि अवसरमा कसैले मानिसहरूलाई उनीहरू किन प्रेस्बिटेरियन हुनुपर्छ र धर्माधिकारी होइन भनेर सिकाउने प्रयास गरेको थियो भन्ने सुनेको मलाई याद छैन अनि मैले अझै पनि कहिल्यै पनि दुई माईलको दूरीभित्र नरहेका मण्डलीहरूमा आराधना नगरेको ठाउँ नै थिएन । मैले अरू कसैलाई पनि

भेटेको छैन, जो आफ्नो सम्पूर्ण जीवन प्रेस्बिटेरियन मण्डलीहरूमा बसेका छन् र कुनै पनि विश्राम दिनमा प्रेस्बिटेरियन मण्डलीको सेवकाइको एकल सिद्धान्त भनिएको र व्याख्या गरिएको सुनेको याद छैन भनी मलाई बताउँछन् । हालको शताब्दीले उत्पन्न गरेको प्रेरितीय मण्डली नेतृत्व र आराधनाको सबैभन्दा सक्षम प्रतिरक्षामध्ये एक प्रेस्बिटेरिको अनुरोधले हाम्रो विशिष्ट सिद्धान्तहरूमा पुल्पिटको मौनताको एकल तथ्यको गवाही दिन्छ । तिनीहरूको प्रस्तावनाको मात्रामा त्यस कार्यका लेखकहरूले निम्न अवलोकनहरू गदर्छ, "के उनले ( बायँडले) अल्स्टरमा भएका एकल प्रेस्बिटेरियन सेवकलाई औँल्याउन सक्छन्, जसले पहिले सुधारवादको विशेषताहरूमा लगातार चारवटा बिश्राम दिनसम्म सम्बोधन गरेका थिए ? के उनले एउटा प्रेस्बिटेरियन सेवकको नाम दिन सक्छन् जसले यस विषयको छलफलमा पहिले एउटा विश्राम दिनमा काम गरेको थियो ? उनको विवादास्पद आन्दोलनका मुद्दाका लागि माफी माग्ने एउटा कुरा पनि उनले गर्न सक्दैनन् भन्ने कुरामा हामी ढुक्क छौँ ।" यी सबैमा केही सम्मानजनक अपवादहरू हुन सक्छन् तर अझै पनि निष्पक्ष रूपमा अस्वीकार गर्न सकिँदैन कि हाम्रो मण्डली प्रशासनको प्रदर्शन, सामान्यतया अनौठो र असामान्य भएको छ । अभिषेकहरूमा (नियुक्तिहरुमा) पनि हाम्रा सिद्धान्तहरूको व्याख्या आधुनिक समयको उदारतासँग प्रतिकुल आवधिक भारको रूपमा महसुस गर्न थालिएको छ, जुन प्राचीन प्रचलनले हामीमाथि लगाइदिएको छ । असल वा सहज व्यक्तिहरू जो कुनै पनि मूल्यमा आफ्ना छिमेकीहरूसँग खडा हुन चाहन्छन् र इमान्दारसँग सत्य बोलेर अपराध गर्न डराउँछन् । उनीहरू त्यस्ता अवसरहरूमा सुधारवादी प्रवचन दिन चाहन्छन्, जसमा प्रचलित वा पूर्ण रूपमा खारेज अर्थात कति मात्रामा एउटै कुरामा सबैलाई खुसी पार्ने गरी नरम पारिएको छ । अनि अर्को सम्प्रदायका केही च्याम्पियन हाम्रो उदासिनताले जीवन्त पारिएका प्रणालीमा आक्रमण गर्न पर्याप्त रूपमा साहसी हुने कुराबाहेक छापाखानाबाट प्रेस्बिटेरियन सिद्धान्तहरूको प्रदर्शनमा विरलै समस्या हुन्छ र त्यसपछि केही प्रेस्बिटेरियन योद्धा लडाइँको दृश्यमा परेर विवादको मैदानमा उत्रिन्छन् तर उनले प्रहार गर्नुभन्दा पहिले उनले मानिसहरूमा आफ्नो घुसपैठको लागि माफी माग्ने कुरामा ख्याल गर्छन् आफू आत्मरक्षामा देखा

परेको आरोप लगाउँदै उनले सत्य बोलेर संसारलाई समस्यामा पार्न उनलाई अवसरले उक्साएको होइन भने जस्तै हो । यो स्पष्ट स्वीकृतिले पाठकलाई सुरूमा लेखकको जोशको न्यानोपनलाई व्यक्तिगत आक्रोशको उत्तेजना मात्र मान्न र उनले गरेको तर्कको तीखो जाहेरीहरूलाई केवल साम्प्रदायिक प्रतिशोधको विषाक्त डङ्कको रूपमा मान्नलाई तयारी पार्दछ ।

यो दोषी मौनताका कारणहरू धेरै छन् । हामी हाम्रो सुधारवादको लागि लज्जित छौं र अझै पनि यो अति भयो जस्तो लाग्छ यद्यपि यो त्यस्तो छैन, भन्ने कुरामा म विश्वास गर्दिनँ । वास्तवमा जे भएतापनि, तथ्य कुरा के हो भने केही सेवकहरूले आफ्ना मानिसहरूलाई प्रेस्बिटेरियनहरू अन्य ख्रीष्टियनहरूबाट अलग हुने आधारहरू बारे परिचित गराउने ठूलो महत्वमा कहिल्यै ध्यान दिएका छैनन् र प्रत्येक प्रतिबिम्बित दिमागले हेर्नै पर्ने ज्ञान आचरणको स्थिरता उत्पन्न गर्न र हाम्रो सम्प्रदायिक अस्तित्वलाई कायम राख्नका लागि आवश्यक हुन्छ । अरूहरू मौन छन किनभने प्रेस्बिटेरियन सिद्धान्तहरूप्रति बलियो संलग्नतालाई धोका दिन कट्टरतापूर्ण र अपरिहार्यता देखिन्छ र हाम्रो दिमागमा यति लोकप्रिय सुसमाचारवादी पाखण्डसँग धेरै कठोर हस्तक्षेप गर्दछ कि प्रोटेष्टेन्टवादीहरूका सबै रूपहरू समान रूपमा सत्य छन् र ख्रीष्टियनहरूको समर्थन र हौसलाको समान रूपमा योग्य छन् । तर यस विषयमा पुल्पिट मौन रहनुको मुख्य कारण भनेको सेवकाइको बिचमा यति प्रचलित छाप छ कि हाम्रा विशिष्ट सिद्धान्तहरू सबैलाई स्पष्ट रूपमा ईश्वरशास्त्रमा लेखिएका छन् त्यसकारण, सुधारवादको सार्वजनिक वकालत अनावश्यक छ । यो एक लिपिक भ्रम हो, जो स्थूल र विशाल छ भन्ने कुरामा म विश्वस्त छु । वास्तवमा, प्रेस्बिटेरियन सिद्धान्तहरू बाइबलमा मूर्त रूपमा दिइएका छन् तर हामीले यो बिर्सनुहुँदैन कि एउटा व्यक्तिका लागि स्पष्ट कुरा अर्को व्यक्तिको लागि धेरै धमिलो हुन सक्छ । दैनिक जीवनको व्यवसायमा यति तीब्र परमेश्वरका कुराहरूको बारेमा सिक्ने लोकप्रिय दिमाग केवल सुस्त मात्र हुन्छ र हरेक पाइलामा उसलाई आत्मिक मामिलाहरूमा सही विचारहरूमा पुग्नका लागि मद्दत र मार्गदर्शन चाहिन्छ । वास्तवमा सुधारवादका सिद्धान्तहरूमा बाइबलीय सुसमाचारलाई स्पष्ट रूपमा लेखिएको छ भन्ने म ठान्दछु । तैपनि बाल्यकालदेखि बाइबलको आवाजसँग

परिचित व्यक्तिहरू, यसलाई प्रचार गर्ने पाष्टरहरू र संसारलाई धर्मको बारेमा सिकाउन प्रयास गर्ने लेखकहरू जसलाई मुख्य सिद्धान्तहरूबाट एकै किसिमको खीष्टको सुसमाचारप्रति अनभिज्ञ भएको अवस्थामा भेट्नु कुनै असामान्य कुरा होइन । जसरी क्रुसको प्रचारकले भीडलाई बाइबलमा भएको सुसमाचारको खोजी गर्न एक्लै छोडिदिनु बुद्धिमानी हुँदैन, त्यसरी नै सुधारवादको खोजीमा मानिसहरूलाई सहयोग नगरी छोड्नु पनि बुद्धिमानी हुँदैन । ज्ञानमा आफूभन्दा अलिक विज्ञ व्यक्तिले केही मिनेटमा हामीलाई ईश्वरशास्त्रको एक खण्डको अर्थ देखाउन सक्छ जुन हामीले त्यसमा पहिले कहिल्यै देखेका हुँदैनौं र हामीले यसलाई किन बाम्बार पढ्यौं र पनि यो कुरो त्यस प्रकारको ज्योतिमा वा प्रकाशमा त्यतिखेर धेरै सुन्दर र सत्य रूपमा कहिल्यै देखेनौं भन्ने कुरामा ल्याइदिएर हामीलाई छोड्न सक्छ । यस बाहेक यो कुरा स्पष्ट देखिन्छ कि यदि मण्डली प्रशासन परमेश्वरले प्रकट गरिदिनुभएको उहाँको इच्छाको अंश हो भने कर्तव्यले प्रत्येक विश्वासी सेवकबाट पुल्पिटको प्रारम्भिक भागमा यसको महत्वको अनुपातमा स्थान पाउनुपर्छ भन्ने कुराको माग गर्दछ । यस बाहेक यो विभागमा मानिसहरूले सेवकको सहयोग लिनुपर्छ भन्ने विचित्र आवश्यकता छ । किनकि प्रेरितीय सेवकाइको संरचनासँग व्यवहार गर्दा बाइबलीय खण्डहरूको संकलनमा, तथ्यहरूको तुलनामा र अनुमानहरूको कटौतीमा परिश्रमको मात्रा हुन्छ । सङ्कीण विचारहरू आफ्नै सहायताविहीन प्रयासहरूमा छोडिएका छन् र तिनीहरू संलग्न हुन र त्यसलाई पूरा गर्नका लागि पर्याप्त रूपमा बलिया छन् । जसलाई वचन र सिद्धान्तमा परिश्रम गर्नका लागि पवित्र आत्माद्वारा बोलाइको छ र मानिसहरूको आवाजद्वारा चुनिएको छ, सहायता गर्ने कर्तव्य यदि उनको नभए कसको हुन्छ ? पुजाहारीको ओठमा ज्ञानका कुराहरू हुनुपर्छ र मानिसहरूले उनको मुखमा व्यवस्था खोज्नुपर्छ ।”

सुधारवादी संरचनाको विशिष्ट सिद्धान्तहरूमा पुल्पिटको मौनताको कारण जेसुकै भएतापनि यसको दुःखद परिणामहरू हरेक दिन प्रकट् हुन्छन् । हाम्रो सिद्धान्तहरूसँग केही हदसम्म परिचित भएका थोरै बुद्धिमान् मानिसहरूले आफ्नो ज्ञान बाइबल र पुस्तकहरूबाट प्राप्त गरेका छन्, बिरलै रूपमा पुल्पिटबाट प्राप्त गरेका छन्, जब यस्ता विषयमा अनभिज्ञ हुँदा कहिलेकाहीँ

त्यसलाई खुलेआम उल्लङ्घन गर्ने काम गर्छन् । भीडहरू सभाघरमा बारम्बार आउँछन् किनभने तिनीहरू बाल्यकालदेखि नै त्यसो गर्ने बानी परेका छन्, किनभने तिनीहरूले प्रेस्बिटेरियन प्रणालीको अनौठो सिद्धान्तहरूको बारेमा सोचेका छैनन् र परमेश्वरको वचनको जाँचबाट तिनीहरूको सत्यतामा सन्तुष्ट छन् । तिनीहरू जन्म र आदतले गर्दा मात्र सुधारवादीहरू हुन्, तिनीहरू बिरलै मात्रामा विश्वासद्वारा सुधारवादी भएका छन् । आफ्नै मण्डलीमा सञ्चालन गर्ने नेतृत्वका सिद्धान्तहरू विशेष रूपमा प्रेरितीय छन् भनेर व्यवस्थित रूपमा सिकाइएको छैन । धेरै सुधारवादी मानिसहरूले सबै प्रोटेष्टेन्ट मण्डलीहरूलाई सत्यको एउटै स्तरमा उभिएको ठान्छन् । तिनीहरूले आफूलाई विश्वासका रूपहरूले समस्यामा पार्दैनन्, तिनीहरूको विचारमा वेस्टमिन्स्टर कन्फेसन र ३९ लेखहरू एक अर्काका अनुकरण मात्र हुन् । धर्माधिकार, स्वतन्त्रता र सुधारवाद सबै तिनीहरूका लागि समान छन्, यो केवल कट्टरवादिपन हो जसले फरक देख्ने बहाना गर्दछ । यस प्रकारका विचारहरू अब यति सामान्य छैनन् कि उनीहरूको सेवासँग कुनै निन्दा पनि जोडिँदैन र विशेष गरी धनी सुधारवादीहरू जो भेषभूषामा नक्कल गर्छन् र स्थापनाको प्रारम्भिक दिनमा पुनर्गठनको सवालमा ध्यान दिन लोकप्रिय छन् । यो अरू धेरैले सुधारवादलाई ईश्वरीय प्रकाशको अंशको रूपमा मान्न शिक्षित नभएको र धेरै परिस्थितिहरूले घेरिएका प्रोटेष्टेन्ट विश्वासका सबै रूपहरू समान रूपले ईश्वरशास्त्रीय छन् भन्ने धारणालाई गहिरो बनाउने प्रवृत्तिले मण्डलीमा राख्नु धेरै अचम्मको कुरा होइन । तिनीहरू आदतकै बलले वा कुनै पनि योग्य सेवकसँग व्यक्तिगत लगावका कारण केवल प्रेरितीय सिद्धान्तको नाममा पेशालाई टाढा लैजान तयार हुन्छन् । फलस्वरूप समय आउने बित्तिकै सुधारवादी मण्डलीबाट पृथक हुने कुराले तिनीहरूको संसारिक लगावलाई अगाडि बढाउन सक्छ । यसले तिनीहरूका अगुवाहरूलाई खुसी पार्दछ् । तिनीहरूका बदलालाई पृष्ठपोषण गर्दछ वा तिनीहरूका सनकलाई तृप्त पार्दछ ।

त्यसो हुनुभन्दा पनि ईश्वरशास्त्रीय सत्यता र हाम्रा सिद्धान्तहरूको व्यवहारिक अज्ञानताले गर्दा सुधारवादी समुदायलाई तिनीहरूको आफ्नै मण्डलीका लागि धेरै चिसो बनाइदिएको थियो भन्ने कुरामा थोरै शङ्का हुनसक्छ । मैले प्रायः

रोमन क्याथोलिक, मेथोडिस्ट, ब्याप्टिष्ट प्रत्येकले आफ्नो मण्डलीलाई संसारको सबैभन्दा शुद्ध र उत्तम ठान्दछन् जब कि एक सुधारवादी सामान्यतया एउटा व्यक्ति हो जसले अन्य कुनै पनि सुधारवादी मण्डलीलाई कम्तिमा आफ्नो जस्तै असल ठान्छ भनेर बताएको छु । यो लोकप्रिय विश्वासले अल्स्टरमा धर्मपरिवर्तनलाई सम्पूर्ण शक्ति प्रदान गर्दछ । केही स-साना गुटहरूले प्रोटेष्टेन्ट मण्डलीहरू बिचमा भिन्नताको कुनै परिणाम छैन भन्ने धारणा फैलाउने प्रयास गर्छन् किनभने यो तिनीहरूको चासो हो, विदेशमा रहेको यस्तो छापबाट उनीहरूले थोरै गुमाउन र धेरै प्राप्त गर्न सक्छन् । तिनीहरूमध्ये हरेक सेवकले आफ्नो काम के हो सो जान्दछ र ऊ निस्सन्देह एक जोशिलो, शङ्कारहित सुसमाचार प्रचारवादी गठबन्धनको साँचो समर्थक पनि हो । धर्माधिकारी पादरीहरूले पनि केही दुर्लभ अवस्थामा बाहेक असन्तुष्टहरू बिच समान किसिमको भावना फैलाउन सक्दो प्रयास गर्छन् किनभने यसले उनीहरूलाई प्रेस्बिटेरियन परिवारहरूमा आफ्नो प्युजेइजम व्यक्त गर्न स्वतन्त्र पहुँच दिन्छ । किनभने तिनीहरूको पुस्ता बुद्धिमानी भएकाले जब सुधारवादी सिद्धान्तको भावनाले संतृप्त हुन्छ तब दुई मण्डलीहरू बिच कुनै भिन्नता हुँदैन भनी बुझ्न सक्षम हुन्छन् । किन बिनाकारण आफैँलाई कुनै आर्थिक बोझ पार्ने, किन छुट्टै मण्डलीको खर्चमा समर्थन गर्ने, स्थापनामा किन सामेल नहुने भन्ने जस्ता प्रश्न छिट्टै आउनेछन् ।

यदि धर्म परिवर्तनले हामीलाई कुनै रिस उठाउँछ भने, अरू कसैले नभएर हामी आफैँले आफैँलाई दोष दिनेछौँ । हामी आफ्नै सिद्धान्तप्रति वफादार भयौँ भने मानिसहरू हामीप्रति वफादार हुनेछन् । सुधारवादको प्रचलित उदासिनता जुन हाम्रो दोषपूर्ण निर्देशनले उत्पन्न गरेको छ । यसले हामीलाई विपक्षी बनाउन छनौट गर्ने प्रत्येक सम्प्रदायको आक्रमणको लागि खुला गरेको छ, जसले गर्दा सधैँ सुरक्षित रूपमा रहेका हामीमध्ये केहीको अनुहार र सहयोगमा गणना गर्न सक्छ । यसले आयरल्याण्डको सुधारवादी मण्डलीलाई एक प्रकारको मण्डलीय संरक्षणमा परिणत गरेको छ, जहाँ पोपका समर्थकको खुट्टाले प्रत्यक्ष रूपमा अतिक्रमण गर्ने साहस गर्दैन तर जहाँ प्रत्येक निशानाकार, जसले रमाइलोसँग र स्वतन्त्रसँग आफ्नो खेललाई खेल्न र जित्नका लागि प्रोटेष्टेन्टवादको मुकुण्डो

लगाएको छ । यदि हाम्रा मानिसहरूको बिचमा विचारहीन मानिसहरू छन् भने, समय-समयमा चराको पासोमा फँसेका छन् भने यो सबैको दोष हामीलाई नै लागोस् । बरू जेभए तापनि, विगतका कमी कमजोरीहरूमा पछुतो मानेर बस्नुको साटो सुधारवादी मनस्थितिमा नयाँ र सकारात्मक स्वर सञ्चार गर्नका लागि सबैभन्दा उपयुक्त सम्भावनामाथि विचार गर्नु हामी सबैका लागि असल थियो । यो सेवकाईले आफूले चाहेको क्षणमा काम गर्ने अधिकार छ । अन्य कुनै सम्प्रदायका पादरीहरूले हाम्रो जस्तै प्रभावशाली बौद्धिक समाजमाथि कब्जा गर्न सक्दैनन् । साधारण सभाले भेला भएका राज्यका सेवकहरूलाई एक बौद्धिक व्यक्तिले सदनमा भएको आफ्नो स्थानको फाइदा लिँदै आफ्ना श्रोताहरूको हृदयछुने, राष्ट्रका चरम सीमाहरूको महसुस गराउन सक्ने केही सत्यहरू लेख्न प्रेरणा दिन सक्छ । युवावस्थाका छोराहरूझैं, प्रत्येक शक्तिशाली मानिसको हातमा तीर हुन्छ । त्यहाँ व्यक्त गरिएका भावनाहरू र सिद्धान्तहरू हरेक सेवकले आ-आफ्नो श्रम क्षेत्रमा पुर्याउँछन् र उनको भावना मूर्त रूपले कार्यमा परिणत हुन्छ । राज्यका सबै भागहरूमा निर्धारित अन्तरालहरूमा छरिएका हाम्रा प्रत्येक सेवकहरू विशिष्ट रूपमा आफ्नै परिधीका केन्द्र हुन् । तिनीहरू सबै बुद्धिको मापनमा उच्चतमदेखि तल्लो तहसम्मका बिन्दुहरूमा समाजको सम्पर्कमा आउँछन् । तिनीहरूले वर्षभरी कम्तीमा पनि हप्तामा एक वा दुई पटक सार्वजनिक रूपमा मानिसहरूलाई सम्बोधन गर्छन् र तिनीहरू प्रत्येक परिवारसँग आफ्नै उत्साहमा निजी सम्बन्ध राख्न जान्छन्; तिनीहरू सार्वजनिक सभाहरूमा भाग लिन्छन्, युवाहरूको शिक्षाको लागि पहल गर्छन्, पत्र-पत्रिकाहरूमा योगदान गर्छन् र अन्य धेरै तरिकाले मानिसहरूको बुद्धि र हृदयमा पहुँच राख्छन् । यसले हामीलाई असल वा खराबको लागि ठूलो प्रभाव छोड्छ भनेर थप्नु आवश्यक छैन । हामीसँग हाम्रो आफ्नै समुदायको विचारलाई ढाल्ने र बाहिरको समाजमा गहिरो प्रभाव पार्ने शक्ति छ । त्यो सिद्धान्तलाई राज्यको बुझाइमा गहिरो रूपमा गाँस्नका लागि हामीले एउटा सिद्धान्तको लागि मात्र एकमत हुनुपर्दछ र उत्साहपूर्वक त्यसको वकालत गर्नु पर्दछ । यस समयमा सुधारवादी सेवकाइमा यति बौद्धिकता छ कि यदि यो बुद्धिमानीपूर्वक निर्देशित भएमा राष्ट्रको धार्मिक भावनामा क्रान्ति आउन सक्छ ।

यी कुराहरूलाई आधार मान्दै गर्दा के कुरा स्पष्ट हुन्छ भने, हामीले सुधारवादको पक्षमा लोकप्रिय भावनाको ज्वारलाई पूर्ण रूपमा बदल्नका लागि कार्यको नयाँ पङक्तिमा जोडदार रूपमा प्रवेश गर्नुपर्छ । सुसमाचारका सेवकहरूको रूपमा हामीले यो कुरा कहिल्यै बिर्सनुहुँदैन कि, हाम्रो हातमा एउटा धेरै महत्वपूर्ण जिम्मेवारी छ। प्रत्येक जिम्मेवार व्यक्तिले आफूलाई व्यक्तिगत रूपमा हेरचाहको लागि सुम्पिइएको दाखबारीको भागलाई सम्भव भएसम्म खेती गर्न प्रयास गरिन्छ। अन्य कुराहरूमा भएको जोशले यस कुरालाई कहिल्यै पूरा गर्न सक्दैन । हाम्रा सेवकहरूले वर्तमानमाभ्कैँ सुसमाचारलाई विश्वासपूर्वक प्रचार गर्न र विश्वासमा त्यो सुदृढतालाई निरन्तरता दिनुपर्छ, जसबिना कुनै धार्मिक समृद्धि हुन सक्दैन। उनीहरूले आफ्नो जीवन र चरित्रमा उदाहरण दिन जारी राख्नुपर्छ जुन शुद्ध नैतिकता उनीहरूले अरूहरूलाई पनि सिकाउँछन् । यदि यो दोब्बर बनाउन सम्भव भएमा, तिनीहरूलाई दोब्बर बनाउन दिनुपर्छ। मानिसहरूप्रति ध्यान र जीवनको सन्देश उत्साहपूर्वक पुऱ्याउन तिनीहरू बिचमा कुनै पनि पीडा छोड्नु हुँदैन । उनीहरूलाई बिरामीहरू भेट्न जानलाई दिनुपर्छ, शोक गर्नेहरूलाई सान्त्वना दिन लगाउनुपर्छ, अज्ञानीहरूलाई निर्देशन दिन लगाउनुपर्छ, गरिब र उत्पीडितहरूप्रति सहानुभूति व्यक्त गर्न दिनुपर्छ, मिशनका कामहरूलाई प्रोत्साहन दिन लगाउनुपर्छ र प्रत्येक योजनामा सहयोगी हात बढाउन दिनुपर्छ जसको उद्देश्य परोपकार र सद्गुणको प्रवर्धन हो । उनीहरूलाई सबै कुरामा आफूलाई शर्म नमान्ने परमेश्वरका खेतालाहरूको रूपमा अनुमोदित हुनको लागि अध्ययन गर्न दिनुपर्छ। उनीहरूलाई यस कुराको लागि निश्चित हुन दिनुहोस कि, न त उनीहरूले मण्डलीको सेवा गर्छन् न त आफ्नै ! यदि उनीहरूले यसो गर्दैनन् भने पुल्पिटबाट गरिने प्रस्तुति र निजी निर्देशनद्वारा प्रेस्बिटेरियन प्रणालीको विशिष्ट सिद्धान्तहरू मानिसहरूको दिमागमा गहिरो रूपमा कुँद्न आफ्ना प्रयासहरूको प्रयोग गर्दछन्। यी कुराहरू खीष्टको सुसमाचारको लागि प्रतिस्थापित हुनुपर्छ भन्ने कुराबाट म टाढा छु तर हामी विश्वास गर्छौं कि तिनीहरु ईश्वरीय प्रकाशको अभिन्न भागहरू हुन् भनी ती कुराहरू मानिसहरूलाई सिकाउन खीष्टका विश्वासयोग्य सेवकहरूको रूपमा यो हाम्रो कर्तव्य हो । मेरो मतलब यो होइनकि कुनै सम्प्रदायलाई तीतो

र गैर-ख्रीष्टियन भावनामा व्यवस्थित रूपमा आक्रमण गर्नुपर्छ भन्ने मेरो आशय होइन तर मलाई लाग्छ, यदि प्रचारकले सहज कुराहरू मात्र अगमवाणी गर्दछ भने उसले आफ्ना श्रोताहरूलाई मनपर्ने कुराहरू मात्र प्रचार गर्दछ । समूदायमा भएका गल्तीहरूलाई बचाइराख्नु भनेको अझ धेरै दुष्टतालाई स्वागत गर्नु हो र यसले जानी जानी सत्यको कुनै पनि अंशलाई उद्देश्यका साथ त्यो कुरा बाहिर आउँछ कि वा कसैले भनिदिइहाल्ने हो कि भन्ने डरले गुप्तमा नै राख्छ, साम्प्रदायिक र दानविहीन घोषित हुनु नै सही, अब ऊ परमेश्वरको सेवक हुन छोड्छ र मानिसको सेवक बन्दछ । जबसम्म हामी स्थापनाबाट अलग रहन्छौं, प्रेस्बिटेरियन मानिसहरूलाई छुट्टै मण्डलीको अस्तित्व कायम राख्न र व्यवस्थित गर्नका लागि हाम्रा कारणहरूसँग राम्ररी परिचित गराउने हाम्रो कर्तव्य भन्दा हाम्रो चासो कम हुँदैन । हाम्रो असहमति मानिसहरूको अज्ञानतामा होइन, बुद्धिमत्तामा रहोस् र तुरून्तै यो तर्कसंगत हुन्छ र पक्कै पनि यो पहिलेको भन्दा धेरै शक्तिशाली हुन्छ । सेवकसँगको व्यक्तिगत लगाव भनेको मानिसहरूलाई मण्डलीमा धेरै कमजोर तरिकाले बन्धनमा राख्नु हो । मृत्युले वा अन्य कुनै कारणले उसलाई कुनै पनि दिन अलग गरिदिन सक्छ । यद्यपि, केही उदाहरणहरूमा यो पर्याप्त रूपमा शक्तिशाली भए तापनि, भत्काउन चाहेमा यो त्यति बलियो भने हुँदैन भन्ने कुरो प्रचलन, आफन्त र सम्बन्धको बन्धनको  अनुभवले प्रायः देखाउँदछ । परमेश्वरको वचनको अंश, परमेश्वरका सबै जनहरूका लागि बहुमूल्य सुन जस्तै हुनुपर्छ भनेर हामीले सिकाएझैँ हाम्रा सिद्धान्तहरू पनि हुनुपर्छ भनेर हामीले मण्डलीलाई सिकाएको कुरा रहिरहन्छ। हामीले तिनीहरूलाई सुधारवाद भनेको के हो भनेर आवधिक रूपमा निर्देशन दिनुपर्छ। हरेक सेवकले यो काम नम्रतापूर्वक  उहाँको इच्छानुसार गरौं तर यो विश्वास र दृढताका साथ होस् । चिकित्सकले बिरामीको घाउको जाँच गर्दा सबैभन्दा ठूलो स्वरले चिच्याएर रून्छ भन्ने कुरालाई सम्झँदै, उसलाई भित्रको असन्तुष्ट पक्षहरूको गनगनबाट वा बाहिरका शत्रुहरूको कोलाहलले गर्दा आफ्नो उद्देश्यबाट विचलित बनाउनु हुदैन । आफू जनप्रतिनिधि भएको सिद्धान्तहरूमा उनले आफैं विश्वास गर्छन् र ती उनको हृदयमा धेरै प्रिय छन् भन्ने कुरामा उनलाई कसैले शङ्का नगरोस्

। उनले हाम्रा विशिष्ट सिद्धान्तहरू तुच्छ छन् भन्ने त्रुटि फैलाउन कुनै पनि कदम चाल्नु हुँदैन । परमेश्वरको महिमालाई आफ्नै तरिकामा अगाडि बढाउने लक्ष्य राख्ने अन्य ख्रीष्टियनहरूको विरोध नगर्न सावधान रहँदा हामीले महान् र महत्वपूर्ण सत्यताहरूलाई व्यवस्थित रूपमा अस्वीकार गर्ने व्यक्तिहरूलाई उनले न सहायता गर्नुपर्छ न त प्रोत्साहन नै दिनुपर्छ । उनलाई कट्टरवादी भनेर भनिन्छ भन्ने कुरामा उनी डराउनु पर्दैन, किनकि संसारले सिद्धान्तहरू राख्न उद्यम गर्ने र जीवनमा उनीहरूसँग निरन्तर लगाव देखाउनका लागि पर्याप्त मात्रामा दृढ हुँदा व्यक्तिलाई खराब तरिकाले कट्टरवादी भनी नाम दिइन्छ भने त्यसमा के खराबी छ र ? एउटै शब्दमा भन्नुपर्दा हामी सबैको लक्ष्य भनेको सुधारवादी नामको प्रत्येक व्यक्तिलाई विश्वासद्वारा प्रेस्बिटेरियन बनाउने हुनुपर्छ ।

यो दिनमा जतासुकै भेटिने गरेको सुधारवादी सिद्धान्तहरूको मनतातो र घिनलाग्दो उदासिनताले कुनै प्रकारको उपचारको लागि ठूलो स्वरमा आह्वान गर्दछ । सुधारवाद वास्तवमा के हो भनेर सार्वजनिक र निजी रूपमा मानिसहरूलाई सिकाउनका लागि ईश्वरीय वचनको पाठ्यपुस्तकबाट मलाई सबैभन्दा राम्रो थाहा छ । हाम्रा सिद्धान्तहरू संसारको स्मृतिबाट मर्न दिने एउटा विशाल षड्यन्त्रमा हामी प्रवेश गरेका थियौँ भने हामीले आफ्नो अन्त्य पूरा गर्ने सम्भावित कुनै पनि मार्गलाई पुल्पिटबाट भन्न सक्ने थिएनौँ । यदि हामी मानिसहरूले ती जानून् र मूल्यवान् ठानून् भन्ने चाहन्छौँ भने, हामीले उनीहरूलाई हामीलाई त्यो कुरा थाहा छ र हामी त्यसको कदर गर्छौं भनेर देखाइदिनुपर्छ । यदि हामीले कुनै सिद्धान्तहरू लोकप्रिय विचारमा चलाउने हो भने र तिनीहरूलाई “सभाका मालिकले टाँसिदिएको नङ्गको रूपमा बनाउँछौँ भने, हामीले तिनीहरूलाई प्रहार गर्न कहिल्यै छोड्नुहुँदैन । पुल्पिट, मञ्च र छापाखानाबाट सदा बोलिने भावनाहरू, प्रकृतिको सिलसिलामा सधैँभरि पृथ्वीमा खस्न सक्दैनन् । सुरुमा उनीहरूलाई थोरैले मन पराउन सक्छन् तर उनीहरूले ती व्यक्तिहरूको विचारलाई परिमार्जन गर्नेछन् जसका निर्णयहरू पहिले नै परिपक्वतामा पुगिसकेका हुन्छन् । उनीहरूले युवा मानसपटलमा सबैभन्दा ठूलो दृढताका साथ बाँध्नेछन् जुन कुरा अन्तमा सार्वजनिक विचारमा बढ्दै जानका

लागि उनीहरू अन्तराष्ट्रिये परिधीसम्म फैलिने छन् । धार्मिक सत्यको प्रचारको लागि पुल्पिट नै उपयुक्त ठाउँ हो । झुटलाई संसारभरि फैलाउन कुनै पनि प्रयासको आवश्यकता पर्दैन, जसरी शरद ऋतुको हावाले बोकेको प्रकृतिको बिऊ जमिनमा छरिन्छ र किसानको रेखदेख बिना नै माटोमा अङ्कुरिन्छ । तर सत्य बिरलै बाहिर निस्किन्छ, मानव हृदयमा यसप्रति कुनै प्राकृतिक स्नेह हुँदैन । अज्ञानता र पूर्वाग्रहले हरेक पाइलामा यसको प्रगतिमा बाधा पुऱ्याउँछ, यसलाई संसारमा बोक्नका लागि आवेगात्मक शक्ति चाहिन्छ । झार आफैँ बढ्छ तर फूललाई मालीले दिन सक्ने सबै सीप र हेरचाह चाहिन्छ । हाम्रो कुनै सहयोग बिना मानव छातीमा त्रुटि अङ्कुरित हुन्छ तर सत्यलाई रोप्न, पानी दिन र घाममा राख्नका लागि दयालु हात चाहिन्छ । धार्मिक सत्यले सबै प्राकृतिक मनमा कम्तिमा पनि आकर्षण प्रस्तुत गर्दछ र यस प्रकृतिको सत्यले हाम्रो जस्तो संसारमा कसरी यात्रा गर्ने भनेर आशा गर्न सकिन्छ, पुल्पिटबाट प्रेरणा प्राप्त नगरी मलाई थाहा छैन म कल्पना पनि गर्न सक्छु कि सक्दिनँ । यो निश्चित छ कि जुन व्यक्तिले समय र स्थानमा आफ्ना सिद्धान्तहरूलाई बताउँछ र चित्रण गर्दछ र अरूलाई सन्तुष्ट पार्दछ कि उसले विश्वास गर्छ र आफैँलाई पुरस्कार दिन्छ । ढिलो होस् वा विस्तारै किन नहोस्, उसले आफ्नो विचारमा परिवर्तन गर्न निश्चित गरेको हुन्छ तर एउटा मानिस जसले आफ्नो विचारलाई पेश गर्न जान्दछ र सधैँ तिनीहरूको विषयमा मौन रहन्छ भने त्यसले आफ्नै इमानदारीताको सम्बन्धमा शङ्का खडा गर्छ र कहिल्यै त्यसलाई एकमत बनाउँदैन ।

यदि हामीले सुधारवादलाई मण्डलीको विश्वव्यापी धर्मको रूपमा स्थापित भएको चाहन्छौँ भने, हामीले यसका सिद्धान्तहरूमा गम्भिर र समर्पित संलग्नताको कदर गर्छौं भनेर संसारलाई थाहा दिनैपर्छ । एउटा सम्प्रदायमा टाँसिने र अर्कोलाई प्रभाव दिने गरी दुई मतका बिचमा हामी रोकिनु हुँदैन । हामीले नामको मात्रै न्यानो र विकासे पुस्ताका प्रेस्बिटेरियन हुन छोडिदिनुपर्छ । यो विसंगति र शङ्काको समय होइन तर उर्जावान् कार्यान्वयनका लागि निर्णय गर्ने समय हो । सुधारवाद अगाडि बढ्नुपर्छ । हरेक घण्टा हामी केही बलियो खालको नीतिद्धारा हाम्रो सरोकारको विषयहरूमा प्रवेश गर्न ढिलाई

गर्छौं र हाम्रा चासोहरूमा भएका जटिलताहरूको कारण हामीलाई कष्ट हुन्छ । यदि यो सम्प्रदायिक मृत्यु होइन भने पनि हाम्रा परिस्थितिहरू हिचकिचाहट र निष्क्रियताको खतराले भरिएको छ । राज्यमा हामीले आज्ञा दिन सक्ने हरेक पुल्पिटले तुरून्तै उच्चस्तरको प्रेस्बिटेरियन कुञ्जीमा प्रहार गर्नुपर्छ । यदि एउटा सम्प्रदायको रूपमा, हामी परमेश्वरको सत्यताप्रति वफादार हुनेछौं भने यदि मानिसहरूले हामीलाई हाम्रो प्रणालीलाई बुझ्ने र माया गर्ने पायौं भने यदि हामीले धर्मनिरपेक्षताको विरूद्धमा जनमतलाई हाँक्छौं भने र यसलाई अपमान र घृणाको रूपमा लिन्छौं भने; यदि हामीले हाम्रो सुधारवादलाई धकेल्छौं र हाम्रा संगी खीष्टियनहरूको ध्यान यसको इश्वरशास्त्र र यसको जोशमा आकर्षित गर्छौं भने; यदि हामीले हाम्रा मित्रहरूलाई पछ्याउँछौं र हाम्रा शत्रुहरू हामीसँग डराउँछन् भने, मानिसहरूले ती कुराहरूलाई वर्णमालालाई बुझ्ने जस्तै गरी नबुझ्नेसम्म र एक अनिच्छुक समुदायलाई सुन्नका लागि बाध्य नपारून्जेलसम्म हामीले हाम्रा विशिष्ट सिद्धान्तहरूलाई हाम्रो गौरव र महिमा मान्न सिक्नुपर्छ । आफ्नो विचित्र सिद्धान्तलाई जोड् दिन र सिकाउन बिर्सने मण्डलीले यस्तो संसारमा दुःख भोगेर मात्र जीवन बिताउँछ । उसको आफ्नै छोराछोरी उसको लागि चिसो हुन्छन् र जब ऊ धुलोमा डुब्छे, तब उसको पतनमा विलाप गर्ने थोरै हुनेछन् । तर त्यो मण्डली जसले मानिस जातिको कानमा आफ्नो विचार हालिदिन्छ र जसलाई कुनै पनि बल र चाप्लुससीले चूप लगाउन सक्दैन । यो त्यस्तो खालको मण्डली हो जसका धेरै तीतो खालका शत्रुहरू हुनेछन् तर धेरै न्यानो मित्रहरू पनि हुनेछन्, जसलाई घृणा गर्ने धेरै हुनेछन् तर यसमा माया गर्ने केही हुनेछन् । कसैको ज्यान जाने गरेर यसको विरूद्ध सबै ठाउँमा बोलिएको हुन सक्छ तर परमेश्वरको सत्यताप्रति वफादार यसमा सन्त र शहीदहरू हुनेछन् र यसले ठीक समयमा संसारलाई आफ्नो पैतालामुनि ल्याउनेछ ।

निष्कर्षमा, प्रेस्बिटेरियन मानिसहरूलाई एउटा शब्द । मण्डली नेतृत्वको प्रेस्बिटेरियन रूप टिक्न सक्ने ईश्वरशास्त्रीय आधारहरू तपाईले जान्न सक्नुभएको होस् र कसरी यसको धर्मत्यागीको दाबी कुनै प्रतिद्वन्दी प्रणालीको भन्दा उच्च छ भनेर थाहा पाउन सकोस् भनेर यो सानो पुस्तक मुख्यतया

तपाईंको निम्ति संसारमा पठाइएको छ। १, शुरूमा आफ्नो व्यक्तिगत फाइदा र सन्तुष्टिको लागि संलग्न भइसके पश्चात् यो मलाई धेरै स्पष्ट र विश्वस्त लाग्ने तर्कको एउटा पङ्क्ति आयो। यो धेरै विवादित विषयमा ख्रीष्टको मन जान्नका लागि म जस्तै व्याकुल भएका अरूहरूको लागि सेवा योग्य हुन सक्छ। म धेरै दुविधाका साथ अनुसन्धानमा प्रवेश गरेँ, नत्रता म जोडिएको मण्डली प्रशासनको संरचना यसको मौलिकतामा ईश्वरीय छैन भनेर बाहिर निस्किनु पर्ने हुन्थ्यो। यी भ्रमहरू मुख्यतया स्वतन्त्र लेखकहरूको प्रशंसनीय प्रतिनिधित्व र विश्वस्त दावीहरूबाट उत्पन्न भएका थिए र म स्वीकार गर्छु कि, यदि मैले मेरो ईश्वरशास्त्रबाट सल्लाह नलिइकन तिनीहरूको बहादुरीलाई मेरो कान थापेँ भने, म एक प्रेस्बिटेरियन हुन छोडेको हुनुपर्छ। तर कसैलाई गुरू नभन्नु र धार्मिक मामिलामा मेरो विचार परमेश्वरको वचन अनुसार मात्र हुनुपर्छ भन्ने मेरो सधैँको सिद्धान्त भएको छ। मैले उज्यालोको मुहानबाट उज्यालो खोजेँ। मैले ईश्वरीय आत्माको मार्गदर्शन मागेँ। म सिधै परमेश्वरको वचनमा गएँ, एउटा खण्डलाई अर्कोसँग तुलना गरेँ र प्रेरितीय सिद्धान्तहरूमा पुग्ने प्रयास गरेँ।

मैले प्रेरितीय मण्डली संरचनाको विद्यमान संरचनाहरूलाई बाइबलसँग मिलाएर ल्याएँ र तिनीहरूलाई परमेश्वरको बत्तीबाट चम्कने प्रकाशमा जाँचे। ईश्वरशास्त्रको कुनै पनि महत्वपूर्ण अंश वा कुनै पनि भारी तर्क मेरो ध्यानबाट उम्कन नपरोस् भनेर मैले प्रेस्बिटेरिको हाल सम्म गरिएका केही सबैभन्दा प्रशंसनीय आक्रमणहरूको बारेमा पढेको छु र मैले उनीहरूको सबैभन्दा सक्षम अधिवक्ताहरूको पृष्ठहरूमा प्रस्तुत गरिएको धर्माधिकार र स्वतन्त्रताको बारेमा अध्ययन गरेको छु। परिणामस्वरूप, धर्माधिकार तलदेखि माथिसम्म मानिसहरूद्वारा निर्मित कपडा हो भनेर मैले मानिलिएँ। जहाँसम्म यो स्वतन्त्रता सुधारवादभन्दा फरक छ, यो जति दोषपूर्ण छ, त्यति त्रुटिपूर्ण छैन र यो कसैलाई "चाहिने कुराहरू क्रमबद्ध गर्नु" आवश्यकता छ भन्ने कुरामा म सन्तुष्ट छु। मण्डली संरचनाको सुधारवादी रूप प्रेरितीय मण्डलीमा अवस्थित अरू कुनै पनि रूपभन्दा धेरै नजिक छ भन्ने कुरामा पनि म पूर्ण रूपले विश्वस्त छु।

मण्डलीय नेतत्वृको यस प्रणालीको पक्षमा अघि बढ्न सक्ने सबै तर्कहरूमा पूर्ण रूपले न्याय गर्नका लागि, एउटा ठूलो पुस्तक चाहिन्छ तर ठूला पुस्तकहरू प्राय: लेखिएका तर बिरलै पढिने भएकाले मैले कुराको जडमा विषयमा सीधै जानु, ईश्वरशास्त्रीय दृष्टिकोणको साथ प्रस्तुत गर्नु र तपाईंले आफैँलाई न्याय गर्न सक्षम पार्नु असल लाग्यो । संक्षिप्त हुनको लागि मैले अध्ययन गरेको छु, ताकि तपाईंसँग पढ्नका लागि समय होस् र तपाईंहरूमध्ये सबैभन्दा नम्र व्यक्तिले सजिलो रूपमा बुझ्न सक्नुहोस । मैले जानीजानी सबै विस्तृत छलफल र जटिल खालका तर्कहरूलाई त्यागिदिएको छु र पाठकहरूलाई त्यो शुद्ध फोहरामा लैजान र उनीहरूले आफ्नै लागि पानी तान्ने अनुमति दिने कुरामा परमेश्वरको वचनबाट तथ्यहरू प्रस्तुत गर्ने प्रयास गरेको छु । म अब तपाईंलाई यहाँ पेश गरिएका प्रमाणहरू यसका सबै भागहरूमा हेर्नलाई निम्तो दिन्छु । मैले कुनै पाठहरूलाई गलत तरिकाले उद्धृत गरेको छु कि, तथ्यलाई झूटो बनाइदिएको छु कि, गवाहीलाई विकृत गरिको छु कि वा ईश्वरशास्त्रहरूलाई तिनीहरूको सादा र स्वभाविक अर्थ बाहेक अरू कुनै प्रसङ्गमामा लिएको छु कि, तिनीहरूलाई जाँच गर्नुहोस् । ईश्वरीय वचनका कथनहरूलाई वजन दिनुहोस् जसको लागि तिनीहरू न्यायसंगत रूपमा हकदार छन् र मण्डली संरचनाका सबै प्रेरितीय सिद्धान्तहरू सुधारवादी मण्डलीमा मात्र पाइन्छ भन्ने कुरो तपाईंले मसँगै सोच्नुहुनेछ भनेर म विश्वस्त छु । पक्कै पनि त्यो मण्डली जसको नियुक्तिमा तपाईंका बाल्यकालका विचारहरू गाँसिएका छन्, जसका मन्दिरहरू प्रिय मित्रहरू, अहिले स्वर्गमा छन्, मुक्तिको मार्ग सिकेका छन् र पाठ सिकाइएका छन् भन्ने कुरा जान्नका लागि असल कारणहरू छन् । जीवनको जसको भजन र सेवाहरू शहीदहरूको सम्झनामा सुगन्धित छन्, ती यसको संरचनामा, यसको सिद्धान्त र आराधनाभन्दा कम छैन अनि यो परमेश्वरको वचनमा स्थापित र स्वीकार्य छ। यसबाट सन्तुष्ट भएर यसलाई सौहार्दपूर्ण र निरन्तर सहयोग दिनु यसका पवित्रस्थानहरूमा उपस्थित हुनु, यसका पाठहरू प्राप्त गर्नु र यसले प्रस्तुत गर्ने उपयोगिताका विभिन्न विभागहरूमा आफ्नो भाग लिनु जीवनभर तपाईंको कर्तव्य हो । एउटा

प्रेस्बिटेरियन नभई एक ख्रीष्टियन हुन सम्भव हुन्छ भनेझैं, त्यहाँ एउटा ख्रीष्टियन नभई एउटा प्रेस्बिटेरियन हुनुपर्ने जस्तो कुरा छ । यसमा निर्भर हुनुहोस्, यो दुबै हुनु असल कुरा नै हो । ख्रीष्टको प्रायश्चितलाई आफ्नो आत्माको शरणस्थान बनाउनुहोस्; परमेश्वरको वचनको साना र ठूला हरेक सत्यतालाई बलियो गरी पक्रनुहोस् । विरोधी त्रुटिहरूलाई प्रोत्साहन नदिनुहोस्, सुधारवादका सिद्धान्तहरूमा आफ्नो संलग्नता लुकाउन कुनै कष्ट नगर्नुहोस् र जुन प्रणालीसँग तपाईंले सम्बन्धको दावी गर्नुहुन्छ, ख्रीष्टप्रतिको तपाईंको प्रेमले, विचित्र तथा असल कामहरूमा जोशिलो मानिसहरूलाई एउटा सीधा र निरन्तर जीवनद्वारा सम्मान गर्ने प्रयास गर्नुहोस् ।”

यो छोटो पुस्तक मण्डली संरचनाको बारेमा अध्ययन गर्ने सेमिनारीका विद्यार्थीहरूका लागि एक खजाना भएको छ । यसले आफ्ना मानिसहरूलाई मण्डलीलाई कसरी नेतृत्व गर्ने भनेर सिक्नलाई मद्दत गर्न चाहने पाष्टरहरूका लागि उत्कृष्ट उपकरणको रूपमा समेत काम गरेको छ । यो एउटा त्यस्तो व्यक्तिद्वारा लेखिएको हो जसले यस प्रश्नसँग संघर्ष गरेका थिए, त्यसैले उनी आफैँले यो समस्या समाधान गरे र अरूलाई पनि समाधान गर्नका लागि सहायता गर्न चाहेको हुनले उनले यो लेख्दछन् ।



थोमस विथरो (१८२४-१८९०) । उनले लण्डनडेरीको म्यागी प्रेस्बिटेरियन कलेजमा मण्डली इतिहासको प्रोफेसरको रूपमा सेवा गरेका थिए ।

परमेश्वरको वचन... बन्धनमा छैन...

RTF-USA